# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा राष्ट्रको सर्वाङ्गिण विकासको आधार र समाज परिवर्तनको संवाहक हो । यो सर्वव्यापी रुपमा जीवन पर्यन्त चलिरहने प्रक्रिया हो जुन अहिले मानव अधिकारको रुपमा स्थापित भएको छ । बालबालिकाहरुका आधारभूत आवश्यकता अन्तर्गत शिक्षा पनि अनिवार्य शर्त बनेको छ । शिक्षाले नै व्यक्तिको क्षमता र संभावनालाई उजागर गरिदिन्छ । महान दार्शनिक जोनलकले शिक्षाको महत्वलाई दर्शाउदै "विरुवाको विकास गोडमेलद्वारा हुन्छ भने मानिसको विकास शिक्षाद्वारा हुन्छ भनेका छन्" । (शर्मा एण्ड शर्मा, २०५३) ।

नेपालको शिक्षा संरचनालाई हेर्दा यहाँको विद्यालयको शिक्षा विभिन्न तहमा विभाजित छ । पूर्व प्राथमिक तह, प्राथमिक तह, निम्न माध्यामिक तह, माध्यामिक तह र उच्च माध्यामिक तह गरी विद्यालयलाई वर्गिकरण गरिएको छ । यो अध्ययन निम्न माध्यामिक तह (जुन कक्षा ६,७ र ८ पर्दछन) मा दलित बालबालिकाहरुको शैक्षिक उपलब्धिको अवस्था र प्रभाव पार्ने कारणहरु सम्बन्धमा रहेको छ । सोही शीर्षकमा केन्द्रित रहेर यो अध्ययन कार्य गरिएको छ ।

सामान्य अर्थमा 'दलित' भन्नाले आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक आदि सम्पूर्ण क्षेत्रमा पिछडिएको र समाजमा छुवाछुतको भेदभावसमेत गरिएका जातीलाई बुझाउँछ । नेपाली शब्दकोषमा दलित जातिलाई समाजमा हक-इज्जत र प्रतिष्ठा समानरुपले पाउन नसकेको जाती वा समूह भनी परिभाषित गरिएको छ । दलितको शाब्दिक अर्थ दलिएको, थिचिएको, कुल्चिएको वा नष्ट गरिएको भन्ने हो । अर्को शब्दमा भन्दा सामाजिक व्यवस्थाका असमानताले शोषित भएको एवं पछि पारिएको जाती वा जनसमूह हो (राई, २०६३, पे. १) ।

दलितको परिभाषा सम्बन्धमा सरकारले तयार पारेको "दलित उत्थान र संरक्षणसम्बन्धी विधेयक -२०५९" लाई निम्नानुसार उल्लेख गरिएको छ :

"विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा दलित भन्नाले समाजमा छुवाछुतको भेदभावबाट पीडित भई आर्थिक रुपमा शोषित, रानजैतिक रुपमा उपेक्षित, शिक्षामा पछाडि परेको, धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भइरहेका जातिका व्यक्तिलाई सम्झिनुपर्दछ ।" (पाण्डेय, २०६३ पे. ६४)

राष्ट्रिय आयोगको स्थापना गर्न बनेको विधेयक २०५९ मा दलितलाई यसरी परिभाषित गरिएको छ ।

"दलित समूदाय भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक आर्थिक, शैक्षिक, राजनीतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवं न्याय पाउन नसकेको जात वा समूदायलाई जनाउँनेछ" (पाण्डेय, २०६३, पे. ६४)।

त्यसैगरी "नेपालमा दलितहरू" नामक पुस्तकमा विभिन्न समयमा दलित र छुवाछुतको सम्बन्धमा गरिएका परिभाषालाई (पाण्डेय, २०६३, पे. ६४) निम्नानुसार उल्लेख गरिन्छ।

"छुवाछुत भन्नाले जातीपातीका आधारमा गरिने कुनैपनि भेदभावपूर्ण कार्यलाई सम्झिनुपर्दछ" (छुवाछुत र अपराध तथा सजायसम्बन्धि संसदमा प्रस्तावित विधेयक (२०५५)।

"उपेक्षित उत्पीडित र दलित वर्ग" भनाले परम्परागत रुपमा व्यवसाय संचालन गरी जीविकोपार्जन गरिरहेका, आर्थिक, सामाजिक वा अन्य कुनै पनि कारणले उपेक्षित उत्पीडित र दलित हुन पुगेका श्री ५ को सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका जाति वा वर्गलाई सम्झिनुपर्दछ।" (उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति गठन आदेश-२०५४)

दलित शब्द र यसको परिभाषा तथा नामाकरण सम्बन्धमा हिन्दू समाजले वर्ण व्यवस्था भित्रको चौथो वर्ग शूद्र जातिलाई परम्परादेखि नै "अछूत" भन्दै आएको छ। तिनै अछूत भनिएकाहरूलाई वि.सं. २०२४ सालदेखि दलित भन्न थालियो (पाण्डेय, २०६३, पे. ६४)।

वृहत नेपाली शब्दकोषमा दलित शब्दको अर्थ "दलिएका, पिछडिएका, थिचिएका, हेपिएका, पिसिएका" भनेर लगाएको छ। यिनै अछूतहरूलाई दलित शब्दले सम्वोधन गर्ने पहिलो व्यक्ति भारतका प्रसिद्ध विद्वान्, तल्लो वर्गका उच्च नेता, समाजशास्त्री, समाजसुधारक, अर्थशास्त्री, कानूनविद् र भारतीय संविधानका निर्माता डा. भीमराव अम्बेडकर हुन्। उनले दलित मुक्तिका लागि संघर्ष गर्ने क्रममा भारतका अछूतहरूलाई सन् १९२७ मा दलित शब्दद्वारा सम्वोधन गरेका थिए। त्यति बेलासम्म गान्धीजी अछूतहरूलाई 'हरिजन' शब्दले सम्वोधन गर्ने गर्थे, तर गान्धीजी र अम्वेडकरका बीचमा असहमति बढ्दै गएपछि अम्वेडकरले दलित शब्द चयन गरे। त्यति बेलादेखि अछूतहरूलाई दलित भन्न थालियो र यो शब्दले भारत तथा नेपालमा साझा नाम प्राप्त गऱ्यो (पाण्डेय, २०६३, पे. ६५)।

नेपालमा दलित भनेर कसकसलाई भन्ने र कति थरीका दलित नेपालमा छन् भन्ने प्रश्नले निकास नपाइरहेका बेलामा तत्कालीन श्री ५ को सरकार, स्थानिय विकास मन्त्रालयले (१) लोहार, (२) सुनार, (३) कामी, (४) दमाई, (५) सार्की, (६) बादी, (७) गाइने, (८) कुसुले, (९) कुचे, (१०) च्यामे, (११) पोडे, (१२) डुम, (१३) चमार, (१४) धोबी, (१५) पासवान, (१६) तत्मा, (१७) बातर, (१८) खत्वे, (१९) मुसहर, (२०) सनथाल (२१) सतार र (२२) हल्खोर गरी २२ जातीलाई दलित घोषणा गरी राजपत्रमा प्रकाशित गऱ्यो (पाण्डेय, २०६३, पे. ६६)।

त्यसैगरि केन्द्रिय तथ्यांक विभाग २०४८ को तथ्यांक अनुसार जम्मा ११ जातिहरु दलित अन्तर्गत पर्दछन्। जसअनुसार- (१) चमार, (२) खत्वे, (३) मुसहर, (४) धोबी, (५) गाइने, (६) दमाई (७)

कामी, (८) सार्की, (ढ) बादी, (१०) दुसाध र (११) कानु हुन् भने केन्द्रिय तथ्यांक विभाग (२०५८) ले १८ जातजातीहरुलाई दलित वर्गमा समाहित गरेको छ । उक्त विभागका अनुसार तराईमा- चमार, मुसहर, दुसाध, तत्मा, खत्वे, धोबी, सतार, बातर, डोम, हल्खोर र पहाडी क्षेत्रमा-दमाई, कामी, सार्की, लोहार, गाइने, बादी, कुचे र सूनार जातिहरु दलित हुन् ( लामिछाने, २०६६, पे.२) ।

भेदभाव विरुद्ध राष्ट्रिय मञ्च (२०६५) द्वारा प्रकाशित 'संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको नमुना संविधान २०६५' को अनुसूचि ४ मा निम्नानुसार २३ जातीहरु (१) विश्वकर्मा (कामी, लोहार, सुनार, टमाटा, चुनरा, पार्की), (२) मिजार (सार्की, चर्मकार, भूल), (३) परियार (दमाई, दर्जी, नगर्ची, ढोली), (४) गन्धर्व (गाइने), (५) बादी, (६) कुलर, (७) कतकैहिया, (८) कोरी (कोइरी), (९) खटिक, (१०) खत्वे  (कमल, खँग), (११) चमार (राम, हरिजन, मोची), (१२) चिडिमार, (१३) डोम (मरिक, धनिकार), ( १४) तन्मा (ताँती, दास), (१५) पासवान (दुसाध, हजारा), (१६) धोबी (रजक), (१७) पत्थरकट्टा, (१८) पासी, (१९) बाँतर, (२०) सहसर (सदा, ऋषिदेव), (२१) मेत्तर, (२२) हलखोर, (२३) सर्भङ्ग (सत्वरिया) लाई दलितको सूचिमा राखेको छ (अधिकारी, २०६८, पे. ३) ।

यसरी माथि उल्लेखित अर्थ, परिभाषा तथा वर्गिकरणका आधारमा दलित भनि छुट्याइएका जातीहरुका छोरा छोरीहरुलाई यस अध्ययनमा दलित बालबालिकाको रुपमा मानिएको छ । प्रस्तुत अध्ययन यिनै जातीहरुका बालबालिाकहरुको निम्न माध्यामिक विद्यालयमा शैक्षिक उपलब्धिको अवस्था कस्तो छ ? र उनिहरुको शैक्षिक उपलब्धिमा प्रभावपार्ने कारणहरु के-के हुन सक्छन् ? भन्ने कुराहरुसँग सम्बन्धित रहेको छ ।

नेपालमा दलित जातिहरुको शैक्षिक अवस्था सम्बन्धमा अध्ययन राष्ट्रिय शिक्षा आयोग २०४९, शिक्षा नियमावली २०४९ र नवौं पञ्चवर्षिय योजनाले दलित उत्पिडित जातिलाई शिक्षामा बढी सहभागी गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ । नवौं पञ्चवर्षिय योजनामा राज्यले ७० प्रतिशत साक्षरताको दर पुऱ्याउने लक्ष्य लिएको छ । त्यसैगरी राष्ट्रिय योजना आयोग (तीन वर्षीय अन्तरिम योजना २०६४/०६५-०६६/०६७) ले नेपालमा कुल जनसंख्याको साक्षरता प्रतिशत सरदर ५४% र दलितहरुको मात्र साक्षरता सरदर ३३.८% रहेको उल्लेख गरेको छ ।

सामूहिक रुपमा दलितहरुको साक्षरता ३३.८% रहेपनि जातीगत रुपमा प्राप्त दलित शिक्षा अनुसन्धान केन्द्र नेपाल (सन् २००१) को पछिल्लो  विवरण अनुसार दलित जातीहरुको साक्षरता विवरण यसप्रकार रहेको पाइएको छ (पाण्डेय, २०६३, पेज ७६) ।

तालिका १

दलित जातिको जनसंख्या र साक्षरता

| क्र.सं. | जाती | जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|
| १. | कामी (विश्वकर्मा) | ९,६३,६५५ | २५.८८ |
| २. | दमाई (परियार) | ३,६७,९८९ | २८.९१ |
| ३. | सार्की (मिझार) | २,७६,२२४ | २५.०९ |
| ४. | बादी | ७,०८२ | २१.५३ |
| ५. | गाइने (गन्धर्व) | ४,४८४ | ३२.३२ |
| ६. | चमार (राम) | २,०३,९१९ | १०.७९ |
| ७. | मुसहर | १,४१,९८० | ४.८५ |
| ८. | मल्लाह | १,१०,४१३ | १२.७७ |
| ९. | पासवान (दूसाध) | ९३,२४३ | १०.८३ |
| १०. | धोबी (रजक) | ७६,५९४ | २१.५३ |
| ११. | खत्वे | ६६,५१२ | १२.३९ |
| १२. | कुम्हार | ७,२० | २८.८६ |

नोटः अन्य सुचीकृत दलित जातिको शैक्षिक तथ्यांक,  तथ्यांक विभागले देखाएको छैन

नेपालमा दलितहरुलाई शिक्षाको अवसरबाट हेर्ने हो भने पनि अधिकांश दलितहरु निरक्षर छन् भने उनिहरु सामाजिक, आर्थिक, सांस्कृतिक र स्वास्थ्यका दृष्टिकोणले समेत पछि परेका छन् । नेपालमा दलित जातिहरुको शैक्षिक स्थितिलाई मध्यनजर गरी शिक्षामा दलितको पहुँच बढाउन विभिन्न समयमा गरिएका सकारात्मक पहल र प्रयासहरुले पनि उनिहरुको शैक्षिक अवस्था न्यून रहेको स्थितिलाई बुझाउँछ ।

नेपालमा जातीप्रथाको शुरुवात सँगै दलितहरुको शैक्षिक अवस्था पनि ओझेलमा परेको थियो । मल्लकालिन राजा जयस्थिति मल्लले वि.सं. १४३७ मा जातपात र छुवाछुतको प्रथा शुरुवात गरे ।  यसै समयमा जातिगत पेशा तोकियो । पेशाकै आधारमा छुवाछुत, उचनीच र भेदभावले आ-आफ्नै स्थान ग्रहण गरे । त्यसको उल्लंघन गर्नेमाथि कडा भन्दा कडा दण्डको व्यवस्था मिलाइयो । जसको प्रभाव अछुत जातीहरुमा पऱ्यो भने सो समयमा उनिहरुको पढ्न लेख्न पाउने अधिकार बञ्चित रहेको थियो (शर्माअधिकारी, २०६३, पे. ४)  ।

नेपालमा शाहकालमा पनि दलितहरुको पढ्न लेख्न पाउने अधिकारलाई कुण्ठित गरिएको थियो भने जंगबहादुर राणाले पनि  वि.सं. १९१० को मुलुकी ऐन मार्फत  छुवाछुत प्रथालाई झनै कडाइका साथ लागु गरे । खासगरी नेपालमा पद्मशमशेर (वि.स.२००२) को  समयमा आएर दलित जातिलाई शिक्षाको अवसर प्रदान गरेको पाइन्छ । उनले दरबार स्कुलमा कामी, दमाई, सार्की, पोडे आदि जातिलाई

पढाउन एउटा अलग्गै शिक्षक दरवन्दी समेत व्यवस्था गरिदिएको पाइन्छ । यस व्यवस्थाले त्यस बेलाको जाति प्रथा अनुसार पानी नचल्लने, छोइछिटो हाल्नुपर्ने जस्ता जातीहरुलाई पनि पढ्ने सुविधा प्रदान गरेको थियो (पाण्डेय,२०६३, पे.७१) ।

वि.सं. २००७ सालपछि वा प्रजातन्त्रकालमा नेपालमा संयुक्त राष्ट्रसंघको मानव अधिकार घोषणापत्रको प्रभाव परेको पाइन्छ । २००७ सालको क्रान्तिपछि सामाजिक रुपबाट दलित समूदायप्रति भेदभाव गर्नु हुँदैन र शिक्षामा पनि समान अवसर प्रदान गरिनु पर्दछ भनिएतापनि कानूनि रुपबाट वि.सं. २०२० सालको मूलुकी ऐन पछि मात्र सम्भव भएको थियो (पाण्डेय, २०६३ पे. ७१) ।

दलित जातिहरुको शैक्षिक सहभागिता तथा उनिहरुको शैक्षिक उपलब्धि न्यून रहेको र उनिहरुको शैक्षिक अवस्थालाई उठान गर्न नेपालमा सरकारले विभिन्न निति तथा कार्यक्रमहरु ल्याएको छ । प्रजातन्त्रको पुनर्बाहालीपश्चात् बनेको नयाँ संविधान अन्तर्गत युगौंदेखि रैतिका रुपमा रहदैं आएका जनता सार्वभौम भए । वि.सं. २०४७ सालको संविधानमा ‘सबै नागरिक कानूनका दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षण बाट बञ्चित नगरिने, समान कानूनको प्रयोगमा कुनैपनि नागरिक माथि धर्म वर्ण लिंग, जातजाती वा बैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने, कुनैपनि व्यक्तिलाई जातीपातीका आधारमा छुवाछुतको भेदभाव नगरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित नगरीने र त्यस्तो कार्य कानुन बमोजिम दण्डनिय हुनेछ भनी उल्लेख गरिएको छ (पाण्डेय, २०६३, पे. ७३) ।

शिक्षामा दलितहरुको पहुँच बढाउन उच्च स्तरीय आयोगको प्रतिवेदन २०५५ ले दलित विद्यार्थीहरुलाई विद्यालयमा विशेष प्रवन्ध गर्नुपर्ने सुझाव पेश गरेको छ । यस अनुसार दलित केटाकेटीहरुलाई प्रोत्साहन गर्न विद्यालय तहको शिक्षामा कुनैपनि शुल्क नलिने र कक्षा १-१० सम्म पाठ्यपुस्तक वितरण निःशुल्क रुपमा गर्ने सुझाव अनुरुप नेपाल सरकारले शैक्षिक सत्र २०५६ देखि लागु गर्दै आएको छ । यसै अन्तर्गत कक्षा १-१० सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै दलित विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरेको छ । कक्षा १ देखि ५ सम्म सामूदायिक विद्यालयमा अध्ययनरत सबै दलित बालबालिकाहरुलाई दलित छात्रवृत्ति पनि उपलब्ध गराउँदै आएको छ । त्यसैगरि विद्यालयतह देखि क्याम्पस तहसम्म दलित छात्रवृत्ति पनि व्यवस्था गरेको छ । नवौं र दशौं पञ्चवर्षिय योजनाले पनि सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरुमा योग्य एवं तालिमप्राप्त दलित तथा उपेक्षित समुदायका व्यक्तिहरुलाई रोजगारीको विशेष कार्यक्रम सञ्चालन गरिएको छ भनी उल्लेख गरेको छ (लामिछाने, २०६६ पे. ३) ।

यसरी दलितहरुको शैक्षिक स्थितिलाई उजागर गरी अगाडी बढाउन सरकारी स्तरबाट गरिएका प्रयासहरुले वर्तमान परिवेशसम्म आइपुग्दा दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा उल्लेख्य वृद्धि भएतापनि उनीहरुको अझैपनि परम्परागत सोच, चिन्तन एवं विचारले गर्दा शैक्षिक रुपमा फट्को मार्न कठिन परेको छ । लक्ष्य प्राप्तिको दिशमा प्राप्त गर्नुपर्ने सफलताको दर अझै पनि कम रहेको छ ।

शिक्षाण सिकाई क्रियाकलाप पश्चात् विद्यार्थीहरुले प्राप्त गरेको शैक्षणिक अनुभवहरुको परिमाणात्मक र गुणात्मक मात्रा जसलाई शैक्षिक उपलब्धि भनिन्छ । सो शैक्षिक उपलब्धि स्तर यो समयसम्म आइपुग्दा पनि दलित बालबालिकाहरुमा गैरदलितको तुलनामा न्यून नै छ । दलित बालबालिकाहरु विद्यालयमा अध्ययन गर्न गएपनि उनिहरुको शैक्षिक उपलब्धि अवस्थामा न्यून हुनमा विभिन्न तत्वहरु बाधक बनेका छन् । जसलाई यस अध्ययनमा प्राथमिकतासाथ अध्ययन गरी सुधारात्मक उपायहरु समेतको खोजी गर्ने प्रयास गरियो । जसका लागि पर्वत जिल्लाका ३ गा.वि.स.हरु हुवास, सरौंखोला र त्रिवेणीमा गई त्यहाँका छनौटमा परेका विद्यालयहरुबाट सूचना संकलन गरिएको छ । सूचना संकलनका क्रममा प्रत्येक विद्यालयका प्र.अ., स्वतः छनौटमा परेका थिए भने प्रत्येक विद्यालयबाट नि.मा.वि. तहका कक्षा शिक्षकहरुलाई लिइएको थियो । त्यसैगरि सूचनाको स्रोतको रुपमा दलित अभिभावक र विद्यार्थीहरु पनि रहेका थिए । दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी हेर्न गैरदलितको शैक्षिक उपलब्धि पनि हेरिएको थियो ।

## १.२ समस्याको कथन

हाम्रो देशमा रहेको विभिन्न जाति जनजातीहरूमध्ये आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक रुपमा पिछडिएको वर्गमा पर्ने जाती दलित हो । दलितहरूको सामाजमा रहेको आर्थिक, सामाजिक स्तरको कारणले नै दलित बालबालिकाहरूको शिक्षामा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । राष्ट्रिय दलित आयोगको तथ्यांक २०५८ को जनगणना अनुसार नेपालमा दलितहरुको जनसंख्या २९,४५,२२३ रहेको छ । जुन कूल जनसंख्याको १२.९५ प्रतिशत हुन्छ (CERID, 2000) ले गरेको उक्त अध्ययन अनुसार कामी, दमाई, सार्कीको जम्मा साक्षरता प्रतिशत २२.२ देखि २८.४ प्रतिशत रहेको छ । यसैगरी विद्यालय भर्ना सम्बन्धि एक विश्लेषणमा ४० प्रतिशत विद्यालय उमेर तहका बालबालिकाहरू शिक्षाबाट बाहिरीएका छन् भने सवैभन्दा बढी बाहिरिनेमा दलितहरू नै पर्दछन् (शर्माअधिकारी, २०६३) ।

यस अध्ययन क्षेत्र पर्वत जिल्लाका हुवास, त्रिवेणी र सरौंखोला गा.वि.स. अर्न्तगत पहिलेदेखि नै दलितहरुको वस्ती रहँदै आएको तर वर्तमान समयसम्म पनि शैक्षिक रुपमा उनिहरुको अवस्था गैरदलित सरह अगाडि बढ्न सकेको छैन र के कति कारणले दलितहरुको शैक्षिक अवस्था माथि उठ्न सकेको छैन भन्ने कुराको अध्ययन अनुसन्धान गरिएको पाइएको छैन । दलित बालबालिकाहरुको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरु संवन्धमा कुनै निकायबाट खोजी नहुनु मुख्य समस्या रहेको छ भने यस अनुसन्धानमा निम्नानुसारका प्रश्नहरुको जवाफ खोजिएको छ ।

- दलित र गैर दलित बालबालिकाहरुको नि.मा.वि. तहमा शैक्षिक उपलब्धिको अवस्था कस्तो छ ?
- दलित बालबालिकाहरूलाई शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरू के-के हुन् ?

- दलितहरूका बालबालिकाहरूको शैक्षिक उपलव्धी अवस्था वृद्धि गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

यसप्रकार उल्लेखित समस्याहरुको समाधानका लाीग छनौटमा परेका विद्यालयहरुमा गई त्यहाँ उपलब्ध अभिलेख एवं दस्तावेजहरुको अध्ययन गरिएको थियो । उपलब्धि फारमको प्रयोग गरी दलित र गैरदलित बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण टिपोट गरिएको थियो । अन्तर्वाता निर्देशिकाको प्रयोग गर्दै सम्बन्धित विद्यालयका प्र. अ., शिक्षकहरु एवं दलित अभिभावकहरुसंग दलित वालवालिकाहरुको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरु एवं शैक्षिक उपलब्धि बृद्विगर्न अपनाउन सकिने उपाय बारेमा अन्तक्रिया चलाई उनीहरुबाट आएको जवाफलाई उतार गरिएको थियो । त्यसैगरि दलित विद्यार्थीहरुलाई लक्षित समूह छलफलको माध्यमबाट उनिहरुको शैक्षिक उपलब्धिमा प्रभावपारेका कारणबारे स्पष्ट जानकारी लिई बुँदागत टिपोट गरियो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको अध्ययन गर्नु आफ्नै महत्व तथा औचित्य रहन्छ । यहाँ यस अध्ययनको पनि आफ्नै महत्व रहेको छ । हरेक अनुसन्धान कुनै अर्थपूर्ण समस्या समाधान गर्न, नयाँ तथ्य, ज्ञान वा सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणबाट गरिएको हुन्छ । तसर्थ अनुसन्धानकर्ताले अनुसन्धान कार्यमा भएको खर्च, समय तथा श्रममा भएको लगानीको महत्व तथा सार्थकतालाई पुष्टि गर्नु आवश्यक हुन्छ । अनुसन्धानबाट प्राप्त निष्कर्ष, उपयोगिता तथा महत्वको दृष्टिले अर्थपूर्ण छ भन्ने कुरालाई प्रस्तावनामा उल्लेख गरिनु पर्दछ । यहाँ यस अध्ययनको पनि आफ्नै महत्व वा औचित्य रहेको छ । विशेष गरी यस अध्ययनले :

- अध्ययन क्षेत्र भित्र रहेका निम्न माध्यामिक विद्यायमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धिको अवस्था पहिचान गरी विभिन्न कार्यक्रम लागु गर्न विद्यालयलाई सहयोग पुग्छ ।
- विद्यालय शिक्षामा दलित बालबालिकाहरुको सहभागिता बढाउन सहयोग गर्छ ।
- दलित बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्नका लागि सरकारी स्तरबाट ठोस नीति निर्माण गर्न सहयोग गर्छ ।
- दलित बालबालिकाहरूलाई शैक्षिक उपलब्धिमा असर गर्ने कारणहरू पहिचान गरी आवश्यक सुधारात्मक उपायहरू अवलम्वन गर्नेतर्फ जिल्ला शिक्षा कार्यालय, गा.वि.स. र अन्य सरोकारवालाहरूलाई सहयोग गर्छ ।
- यस विषयसँग सम्बन्धित थप अध्ययन अनुसन्धान कार्य गर्नेहरूका लागि समेत यस अध्ययनको महत्व रहन्छ ।

## १.४ अध्ययनको उद्देश्य

उद्देश्य विनाको कुनै पनि कार्य हुँदैन अर्थात् कुनै पनि कार्यको प्रारम्भ कुनै न कुनै उद्देश्य पूर्तिको लागि गरिन्छ । तिनै उद्देश्यहरूमा आधारित रहेर विषयवस्तुको अध्ययन गरिएको हुन्छ । प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य निम्नअनुसार रहेको छ :

- नि.मा.वि. तहमा अध्ययनरत दलित बालबालिकाहरूको शैक्षिक उपलव्धिको अवस्था पत्ता लगाउनु ।
- नि.मा.वि. तहमा अध्ययनरत दलित बालबालिकाहरूको शैक्षिक उपलव्धिमा प्रभाव पार्ने कारणहरू खोजी गर्नु ।

## १.५ अध्ययनको सिमाङ्कन

कुनै पनि अध्ययन एउटा निश्चित उद्देश्य लिएर गरिएको हुन्छ । ती उद्देश्यहरू पुरा गर्नको लागि निश्चित दायरा/परिधि कायम गर्नु पर्दछ । अध्ययनको शिलशिलामा गरिने अध्ययनको दायरा नै अध्ययनको सिमाङ्कन हो । उद्देश्य अनुसार निश्चित सिमामा रहेर गरिएको अध्ययनले मात्र सफलता प्राप्त गर्न सक्छ । समय, साधन र स्रोतको सीमितताको संभाव्यतालाई हेरी यो अध्ययनलाई निम्न सीमामा रहेर संचालन गरियो ।

- नि.मा.वि. तहमा दलित बालबालिकाहरुको शैक्षिक उपलब्धिको अवस्था र प्रभाव पार्ने कारणहरु खोजि गर्न पर्वत जिल्लाका हुवास, त्रिवेणी र सरौंखोला गा.वि.स. का प्रति गा.वि.स २ का दरले जम्मा ६ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ६, ७ र ८ लाई लिइयो ।
- दलित बालबालिकाहरुको शैक्षिक उपलब्धि अवस्था पत्ता लगाउनका लागि नै संवन्धित विद्यालयका नि.मा.वि. तहका गैरदलित बालबालिकाहरुको पनि शैक्षिक उपलब्धि खोजी गरि तुलनात्मक अध्ययन गरियो ।
- दलित बालबालिकाहरुको मात्र शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरु र शैक्षिक उपलब्धि वृद्धि गर्न अपनाउन सकिने उपायहरुको खोजी गरियो ।
- छनौट गरिएका विद्यालयहरुको शैक्षिक सत्र २०६७ र २०६८ को मात्र उपलब्धिलाई लिइयो । उपलब्धि नेपाली, अंग्रेजी विषय र सबै विषयको लिइयो ।
- शैक्षिक उपलब्धिको खोजी गर्दा कक्षा ६, ७ र ८ को निर्णयात्मक परिक्षाको उपलब्धीलाई लिइयो ।

## १.६ परिभाषा

यस अध्ययन कार्यमा उपयोग गरिएका शब्दावलीहरूलाई यसप्रकार परिभाषित गरिएको छ :

**शैक्षिक उपलब्धिः** विद्यार्थीहरूले विद्यालयमा लिइएको वार्षिक परीक्षामा विभिन्न विषयमा प्राप्त गरेको प्राप्ताङ्कलाई जनाउँछ ।

**दलित बालबालिकाः** नेपाली बृहत् शब्दकोष अनुसार दमन गरिएको, थिचिएको, उत्पिडित र उपेक्षित जातीका रुपमारहेका जातीहरुका बालबच्चाहरु पर्दछन् । यस अध्ययनमा अध्ययन क्षेत्र अन्तर्गतका नि.मा.वि. तहमा अध्ययनरत दमाई कामी, सार्की, सुनार, जातीका बालबालिकाहरुलाई जनाउँछ । जो शैक्षिक, आर्थिक र सामाजिक रुपबाट पिछडिएका समूदायभित्र पर्दछन् ।

**कक्षा शिक्षकः** प्रत्येक कक्षामा पहिलो पिरियडमा अध्यापन गर्ने र विद्यार्थीको दैनिक हाजिरी लिने शिक्षकलाई जनाउँछ ।

**१.७ अध्ययन क्षेत्रको परिचय**

भौगोलिक विषमता रहेको हाम्रो देश नेपाल, हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी तिन भागमा खण्डित छ । यसरी विभाजित तिन प्रदेशहरूमध्ये यस अध्ययनको क्षेत्र पहाडी प्रदेशमा अवस्थित छ । पश्चिमाञ्चल विकास क्षेत्रको धवलागिरी अञ्चलमा रहेका चार जिल्ला पर्वत, बाग्लुङ्ग, म्याग्दी र मुस्ताङ मध्ये क्षेत्रफलको हिसावले सवैभन्दा सानो र नेपालका ७५ जिल्ला मध्येको चौथो सानो जिल्लाको रुपमा पर्वत जिल्लालाई चिनिन्छ । यस जिल्लाको कुल क्षेत्रफल ४९४ वर्ग कि.मि. छ भने वि.सं. २०६८ को जनगणना अनुसार १,४६,५९० जनसंख्या रहेको छ । यस जिल्लामा २ निर्वाचन क्षेत्र र ५५ गा.वि.स.हरू छन् भने यस अध्ययनसँग सम्बन्धित क्षेत्रहरू पर्वत जिल्लाका तिन गा.वि.स.हरू ( हुवास, सरौंखोला र त्रिवेणी) सदरमुकामदेखि करिव ४५ कि.मि. दक्षिणको दूरमा रहेका छन् । भोगोलिक विकटता र यातायातको पूर्ण रुपमा सुविधा नभएकोले यस क्षेत्रमा सदरमुकामको दृष्टि न्यून रहेको छ । यि तिनवटै गा.वि.स.हरू भोगोलिक हिसावले झण्डै एकै प्रकारका छन् । अग्ला पहाडहरू, डाँडाकाँडा, हरियाली वनजंगल, कहिँ भिरालो जमिन त कतै समथर खेतियोग्य भुमि र नदिनालाले सजिसजाउ यो क्षेत्र वातावरणीय दृष्टिले रमणिय नै छ । यस क्षेत्रमा प्रायः सबै ठाउँमा मिश्रित जातिहरूको वस्ति रहेको पाइन्छ । विशेष गरि ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, नेवार, कामी, दमाई, सार्की, गुरुङ जातिहरूको बाहुल्यता रहेको छ । विशेष गरी यो क्षेत्र वाइसे चौविसे राज्यको समयमा पैञ्यू राज्यले परिचित रहेको र सेन राजाहरूले राज्य गरेको इतिहास पाइन्छ ।

भौगोलिक विकटता, यातायातको पूर्ण सुविधा नभएको एवं शैक्षिक रुपमा समेत अग्रता हासिल गर्न नसकेको पर्वत जिल्लामा जम्मा ५५ गा.वि.स. मा प्रा.वि., नि.मा.वि., मा.वि. र उच्च मा. वि. गरी ३३८ वटा सामूदायिक विद्यालयहरु रहेका छन् । यहाँ प्रा.वि. तहमा ३०,७८५ विद्यार्थी संख्या रहेकोमा १०,५५१ दलित बालबालिकाहरु छन् । नि.मा.वि. तहमा १३,०१९ विद्यार्थीहरु मध्ये ३,२८९ दलित छात्रछात्राहरु छन् । मा.वि. तहमा जम्मा ७,५४७ विद्यार्थीहरु मध्ये १२७२ जना दलित बालबालिकाहरु छन् भने उच्च मा.वि.मा ३३१२ मध्ये ३०७ दलित विद्यार्थीहरु रहेको कुरा बार्षिक कार्यक्रम तथा बजेट निकासा कार्यन्वयन एवं चौमासिक निकासा विवरण पुस्तिका (आ.व. २०६७।२०६८) मा उल्लेख छ ।

यसैगरी यस अध्ययन क्षेत्र अन्तर्गत हुवास गा.वि.स. मा जम्मा १ उच्च मा.वि., १ मा.वि., १ नि.मा.वि. र ५ वटा शुद्ध प्रा.वि.हरु संचालित छन् । त्रिवेणी गा.वि.स.मा १ क्याम्पस (वि.एड. सम्मको), १

उच्च मा.वि., १ नि.मा.वि. र ४ वटा प्रा.वि. हरु छन् भने सरौखोला गा.वि.स.मा १. मा.वि. १ नि.मा.वि. र ४ वटा प्रा.वि. हरु संचालनमा रहेका छन् ।

यस अध्ययनसँग सम्बन्धित नि.मा.वि. तहमा दलित बालबालिकाहरुको शैक्षिक उपलब्धि अवस्था र प्रभाव पार्ने कारणहरु बारेमा खोज अध्ययन गर्ने क्रममा यस अध्ययन क्षेत्रमा बसोवास गर्दै आएका दमाई कामी, सार्की र सूनार जातीका बालबालिकाहरुको शैक्षिक उपलब्धि अवस्थाको खोज गरीयो भने उनीहरुको शैक्षिक उपलब्धिमा प्रभावपार्ने कारणहरु र शैक्षिक उपलब्धि वृद्धि गर्न अपनाउन सकिने उपायसम्बन्धमा पनि खोज गरियो

# अध्याय दुई

# पूर्व साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुमा अनुसन्धान वा खोज गर्नुभन्दा पहिले त्यससँग सम्बन्धित वा मिल्दोजुल्दो किसिमका के कस्ता अध्ययनहरू भएका छन् वा छैनन् भनी हेर्नु पर्ने हुन्छ । यस प्रक्रियालाई नै पूर्व कार्यको समिक्षा भनिन्छ । सैद्धान्तिक साहित्य अन्तर्गत अध्ययनसँग सम्बन्धित रहेका केहि सिद्धान्तहरू भएमा उल्लेख गरिएको छ भने विषयगत साहित्य अन्तर्गत यस अध्ययनसँग सम्बन्धित शोधपत्रहरू तथा अनुसन्धानात्मक पुस्तकहरू, पत्रपत्रिकाहरू, विभिन्न बुलेटिनहरू एवं शैक्षिक पत्रपत्रिकाहरू जस्ता माध्यमबाट सम्बन्धित साहित्यको विस्तृत समीक्षा गरियो ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

मानव सभ्यताको प्राचीन समयमा पनि सामाजिक विभेदीकरणको अस्तित्व कायम थियो । व्यक्ति, योग्यता, क्षमता, कार्यदक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता, आर्थिक विपन्नता, जातियता, पेशा, व्यवसाय आदि विविध कारणले सामाजिक असमानताको पहुँच दह्रो थियो । जसले शैक्षिक स्थितिमा समेत प्रभाव पारेको थियो । सामाजिक विभेदीकरणका बारेमा प्राचीन समयदेखि नै विभिन्न सामाजिक दर्शन शास्त्रीहरूले आफ्नो विचार वा चिन्तनहरूलाई प्रस्तुत गर्दै आएका छन् र तिनै विचार एवं चिन्तनहरू नै सिद्धान्तको रुपमा रहि आएका छन् ।

जातीय भेदभाव एवं दलित जाती उत्थानसँग संवन्धित कुनै सिद्धान्तहरुको प्रतिपादन नभएपनि नेपालको मुलुकी ऐन एवं संविधानले सबै जातिका लागि मानव स्वतन्त्रताको हक, समानतको हक, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, शिक्षा तथा संस्कृति सम्बन्धि हक एवं सामाजिक न्यायको हक प्रदान गरेको छ ।

नेपालको अन्तरिम संविधान (२०६३) मा उल्लेख भएअनुसार  सबै नागरिक कानूनका दुष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथी धर्म, वर्ण, लिंग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । राज्यले नागरिकहरुका विच धर्म, वर्ण, जात, जाति लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक अन्तर्गत कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्धारा निर्धारण भए वमोजिमको क्षतिपूर्ति पाउनेछ । कुनैपनि व्यक्तिलाई जातजातीको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन । कुनै बस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा

वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात जातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन । जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

शिक्षा तथा संस्कृति सम्बन्धि हक अन्तर्गत प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएवमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ । प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए वमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने छ । नेपालमा वसोवास गर्ने प्रत्येक समूदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ ।

नेपालको अन्तरिम संविधान २०६३ मा उल्लेख भए अनुसार दलित जातिहरुले आफ्नो हक अधिकारहरुलाई सुनिश्चित गर्न सकेमा र नियम र संविधानमा उल्लेख भएअनुसर आफूलाई परिमार्जन र परिवर्तन गर्दै लानसकेमा उनीहरुको शैक्षिक अवस्था पनि राम्रो हुनसक्दछ । राज्यले व्यवस्था गरेअनुसार मा.वि. तहसम्मको निःशुल्क शिक्षामा सहभागी भई शिक्षा आर्जन गर्न सकेमा मात्र पनि जो कुने व्यक्ति निरक्षर बन्नु नपर्ने र मा.वि. तह उत्तिर्ण गरेपछि कुनै वैकल्पिक सोच र चिन्तन गरी अगाडि वढ्न सकिने हुन्छ ।

### २.२ विषयगत साहित्यको पुनरावलोकन

इन्सेक (२०५३) द्वारा प्रकाशित *नेपालमा दलित जातीय छुवाछुत* नामक पुस्तकमा जातीय छुवाछुत के हो ? शास्त्रीय सन्दर्भ, छुवाछुतप्रथाको शुरुवात, नेपालमा वर्ण व्यवस्था र छुवाछुत, वर्ण व्यवस्थाबाट हानी, नेपालमा को को अछूत? नेपालमा जातीय छुवाछुतको स्थिति कस्तो छ ? नेपालमा जात दिने र लिने प्रथा, सार्वजनिक स्थलमा जातीय भेदभाव विरुद्ध भएका संघर्षहरू, वैदिक तथा पौराणिक ग्रन्थमा उत्पीडित जातिको अस्तित्व र उत्पीडित जातीका समस्या र समाधानका उपायहरू, जातीय मुक्तिका निम्ति विभिन्न क्षेत्रबाट भएका प्रयासहरू, नेपालको राजनीतिमा उत्पीडित जातिको सहभागिता, उत्पीडित जातीको उत्थानमा देखा परेका कमजोरीहरूबारे उल्लेख गरिएको छ ।

कोइराला (२०५३) *बदलिदो परिवेशमा दलितको शैक्षिक गन्तव्य* नामक स्मारिकामा दलितहरूमा विद्यालय शिक्षा प्राप्तिमा सकारात्मक धारणा वृद्धि भइरहेको, शिक्षाले तिनीहरूको पेशागत स्थितिमा परिवर्तन गर्न सहयोग गरेको, राजनीतिक तथा अन्य परिवर्तनले गर्दा केही उच्च जातिका मानिसहरूमा दलितप्रति उदार धारणाको विकास भएको उल्लेख गरेका छन् ।

विश्वकर्मा (वि.सं. २०५५) को *नेपालको दलितशास्त्र* नामक पुस्तकमा आदिवासी, जनजाती, आर्य जाती र शूद्र जातीको पहिचान र परिभाषा, पेशा अनुसार जातीको वर्गिकरण, जात, जनजातिमा अन्तर, गरीब पिछडिएका समूदाय र दलित वर्ग परिभाषाको कसीमा दलित वर्ग, दलित वर्गका जातजातिहरू, नेपालमा दलित वर्गको जनसंख्या, दलित वर्गका समस्याहर र तीनका समाधानका

उपायहरू तथा दलित वर्गको मौलिक हक विपरितका समसामयिक घटनाहरूबारे विवेचना गरिएको छ ( राई, २०६३, पे. ११) ।


झा (२०५७) नेपालमा दलित उत्थानको रणनीति नामक पुस्तकमा दलितलाई समाजमा दलिएको पिसिएको वर्गको रुपमा अथ्याउनुका साथै नेपालमा १ दर्जनभन्दा बढि दलित रहेको र दलितहरूको कुल जनसंख्या १२.३% भएको उल्लेख गर्नुभएको छ । दलित शब्द संस्कृत भएपनि हिन्दुधर्मका ग्रन्थहरूमा यसले कुनै जातिको बोध नगराएको तर हिन्दु वर्ण व्यवस्थामा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णको उल्लेख गरेको कुरा देखाइएको छ ।

पाण्डेय (वि.सं. २०६३), द्वारा लिखित *नेपालमा दलितहरू* नामक पुस्तकमा दलितको परिभाषा, नामाकरण, वर्गिकरण, जातीय छुवाछुत प्रथाको इतिहास आदि विषयमा प्रष्ट्याइएको पाइन्छ ।

अधिकारी (२०६८), ले अर्घाखाँची जिल्लाको हंसपुर गा.वि.स. का परियार जातिको संख्यात्मक शैक्षिक अवस्था, पहिचान गर्न र विद्यालय उमेरका विद्यालय जाने र नजानेको अवस्था पहिचान गर्न र विद्यालय जाने तथा नजाने कारणहरू पत्ता लगाउने उद्देश्यले "हंसपुर गा.वि.स. का परियार जातिको शिक्षामा पहुच" शीर्षकको शोध तयार पार्नुभएको छ । उक्त प्रयोजनको लागि घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, लक्षित समूह छलफल आदिबाट प्राप्त सूचनाको आधारमा परियारहरूको शिक्षामा पहुच कम रहेको, विद्यालय उमेरका ९५ प्रतिशत भर्ना भएको देखिएपनि नि.मा.वि. तहको खुद भर्नादर नगन्य र मा.वि. तहको शुन्य रहको औल्याइएको छ । त्यस्तै विद्यालय नजाने कारणमा चेतनाको अभाव, आर्थिक विपन्नता, परम्परागत पेशा र जीवनशैली आदिलाई देखाइएको छ भने विद्यालय पठाउने कारणहरू अरुको देखासिकी, समय र परिवेशको प्रभाव आदि देखाइएको छ । उल्लेखित सोधमा विद्यालय जाने/नजाने कारण औल्याएता पनि उपलब्धिमा प्रभाव पार्ने कारणहरूको खोजी गर्न सकेमा विभिन्न कार्यक्रमको संचालन गर्न सहयोग पुग्ने देखिन्छ ।

### २.३ अध्ययनको अवधारणात्मक ढाँचा

कनैपनि अध्ययनलाई प्रभावकारी ढंगले अगाडि बढाउन त्यस अध्ययनसँग सम्बन्धित विषयवस्तुलाई समेटेर चित्रात्मक रुपमा प्रस्तुत गरेमा त्यसको खाका बन्नजान्छ र यसबाट अध्ययनको अवधारणा प्रष्ट हुन जान्छ । तसर्थ यस अध्ययन शीर्षक *निम्न माध्यामिक विद्यालयतहमा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पर्ने कारणहरू* मा पनि निम्नानुसारको अवधारणात्मक ढाँचाको अनुसार अध्ययनकार्य गरिएको छ ।




प्रस्तुत अवधारणात्मक ढाँचा अनुसार नि.मा.वि तहका कक्षा ६, ७ र ८ का विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्था अध्ययन गरीएको थियो । जस अनुसार विद्यार्थीहरुको शैक्षिक उपलब्धि अन्तर्गत विद्यार्थी संख्या, उनीहरुको दैनिक हाजिरी एवं उनीहरुले वार्षिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई लिइएको थियो । त्यसैगरी दलित विद्यार्थीहरुलाई शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरुको अध्ययन गर्दा सामाजिक, पारीवारिक, विद्यालय एवं व्यक्तिगत कारणहरुले प्रभाव पारेको पाइयो । सामाजिक कारणमा छुवाछुत, जातीय भेदभाव एवं सहयोगको अभाव देखिनु, पारीवारीक कारणअन्तर्गत परिवारको आर्थिक अवस्था न्यून हुनु, शैक्षिक चेतना नहुनु, अशिक्षित हुनु, विद्यार्थीप्रति चासो नदेखाउने परिवार संख्या ठूलो हुनु, कुनै पेशा तथा रोजगार नहुनु, पुरानै पेशामा संलग्न हुनु एवं, विद्यालयमा नजान्ने साथीको संगत गर्नु, विद्यालय वातावरण उचित नहुनु, वैकल्पिक शिक्षाको व्यवस्था नहुनु, पुरस्कार र दण्डको उचित व्यवस्था नहुनु, छात्रवृत्ति एवं विद्यालय दुरी आदि तथा व्यक्तिको उमेर, इच्छा र चाहना पृथक हुनुले दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा प्रभाव परेको पाइयो ।

# अध्याय तीन

# अध्ययन विधि

कुनै पनि खोज अनुसन्धान तथा अध्ययन कार्य गर्नका लागि अपनाइने विभिन्न तौर तरिकाहरू एवं उपायहरूलाई नै विधि भनिन्छ । अध्ययन कार्यलाई व्यवस्थित र सजिलोसँग पुरा गर्नको लागि अध्ययन विधि पूर्व निर्धारण गरिएको हुन्छ । यस अध्ययनलाई सम्पन्न गर्न निम्नानुसार ढाँचा, नमुना तथा सूचना संकलनका साधनहरू छनौट गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

सूचना संकलन ढाँचा अध्ययनको स्वरुप र उद्देश्य अनुसार फरक फरक रहेको पाइन्छ । यो अध्ययन *नि.मा.वि.तहमा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरू* शिर्षकमा आधारित रहेकोले यहाँ कतिपय सूचनाहरू गुणात्मक तथा कतिपय सूचनाहरू परिमाणात्मक हुने देखिन्छ । त्यसैले यस अध्ययनका लागि मिश्रित अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । विशेष गरि अध्ययनमा उल्लेखित विभिन्न उद्देश्यहरू पुरा गर्नको लागि निम्न स्रोत र साधनको प्रयोग गरिएको छ ।

| क्र.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १. | नि.मा.वि. तहमा अध्ययनरत दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीको अवस्था पत्ता लगाउनु । | - विद्यार्थीको अभिलेख तथा (लब्धाङ्क पत्र, र हाजिरी पुस्तिका) | - उपलब्धि फाराम<br>- उपस्थिति फाराम<br>- संख्यात्मक विवरण फाराम |
| २. | नि.मा.वि. तहमा अध्ययनरत दलित बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरू खोजी गर्नु । | - प्र.अ<br>- शिक्षक<br><br>- अभिभावक<br>- विद्यार्थी | - अन्तर्वार्ता निर्देशिका<br>- अन्तर्वार्ता निर्देशिका, कक्षा अवलोकन फाराम<br>- अन्तर्वार्ता निर्देशिका<br>- छलफल निर्देशिका र कक्षा अवलोकन फाराम |

## ३.२ नमूना छनौट विधि

### ३.२.१ क्षेत्र छनौट

कुनै पनि अनुसन्धान कार्यलाई विस्तृत रुपमा अध्ययन गर्न समय, स्रोत र साधनको अभाव हुनसक्छ तसर्थ यस अध्ययनमा विशेष गरी समयको अभाव नहोस् र सूचना संकलनमा सत्यता र

वास्तविकता रहोस् भन्ने कुरालाई विशेष महत्व दिंदै क्षेत्र छनौट गरियो । जसको लागि यस अध्ययनमा क्षेत्र छनौट गर्दा पहुँचको हिसाबले स्वयंलाई पायक पर्ने गरी गृह जिल्ला पर्वतमा रहको तीन गा.वि.स. हरू (हुवास, सरौंखोला र त्रिवेणी) लाई संभावना रहित नमूना ढाँचा अन्तर्गत उद्देश्यपूर्ण विधि प्रयोग गरी क्षेत्र छनौट गरियो ।

### ३.२.२ विद्यालयको छनौट

पर्वत जिल्लाको दक्षिणी भागमा पर्ने तीनवटा गा.वि.स. हरू हुवास, सरौंखोला र त्रिवेणीबाट २/२ वटा विद्यालयहरू छानिएको छ । यसरी विद्यालय छनौट गर्दा २ वटा मात्र नि.मा.वि. भएको गा.वि.स. मा सबै र दुईभन्दा बढि नि.मा.वि. भएको गा.वि.स.मा दलित विद्यार्थीहरु भएको विद्यालय पर्ने गरी गोलाप्रथाबाट कुनै दुई मात्र विद्यालय छनौट गरिएको छ ।

### ३.२.३ उत्तरदाता छनौट

अध्ययन अनुसन्धानको प्रभावकारी खोजीका लागि उत्तरदाता महत्वपूर्ण पक्ष हुन् । अनुसन्धानका लागि मुख्य उत्तरदाता पत्ता लगाउन नसकेमा अनुसन्धानले गति लिन वा प्रभावकारी हुनसक्दैन । यस अध्ययनमा उत्तरदाताहरु प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थी रहेका छन् ।

#### ३.२.३.१ प्रधानाध्यापक र शिक्षक

यस अध्ययनमा छनौट गरिएका ६ वटा विद्यालयहरूबाट  प्रधानाध्यापकलाई स्वतः उत्तरदाताको रुपमा छनौट गरिएको थियो । साथै छनौटमा परेका विद्यालयहरूबाट हाजिरी र अन्य सूचना दिनका लागि कक्षा ६, ७ र ८ मा अध्यापनरत कक्षा शिक्षकहरूलाई उद्देश्यपूर्ण नमूना छनोट विधिबाट छानिएको थियो । यसरी छनोट गरिएका ६ वटा विद्यालयहरुबाट प्रति विद्यालय ३ का दरले जम्मा १८ कक्षा शिक्षकहरु लिइएको थियो ।

#### ३.२.३.२ अभिभावक

सूचनाको स्रोतको रुपमा सम्बन्धित विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरूका अभिभावकहरूमध्येबाट कम्तिमा प्रति विद्यालय ३ जनाका दरले ६ वटा विद्यालयमा जम्मा १८ अभिभावक छनौट गरियो । जसका लागि प्रत्येक विद्यालयमा कक्षा ६, ७ र ८ मा अध्ययन गर्ने दलित विद्यार्थीहरु मध्ये प्रति कक्षा १ जना विद्यार्थीको अभिभावक मध्येबाट पर्ने गरी प्रति विद्यालय ३ जना, दलित अभिभावकलाई सुविधाजनक नमुना छनोट विधि प्रयोग गरी छनोट गरियो । यसरी छनोट गर्दा महिला अभिभावक एवं दलित मध्ये अध्ययन क्षेत्र अन्तर्गत रहेका सबै  दलित जातिको प्रतिनिधित्व समेत हुने गरी छानिएको थियो ।

#### ३.२.३.३ विद्यार्थी

छनौटमा परेका प्रत्येक विद्यालयहरूबाट नि.मा.वि तह कक्षा ६, ७ र ८ बाट दलित छात्र र छात्राको प्रतिनिधित्व हुने गरी प्रत्येक कक्षाबाट ४ जनाका दरले एक विद्यालय जम्मा १२ जना र कम विद्यार्थी भएको विद्यालयबाट सबै दलित विद्यार्थीलाई समूह छलफलको लागि लिइएको थियो । १२ जना

दलित विद्यार्थी छनोट गर्दा संभव भएसम्म सबै दलित जातिका विद्यार्थी छात्रछात्रा दुवै पर्ने गरी संयोगमा आधारीत नमुना छनौट विधि अपनाइएको थियो ।

### ३.३ साधनको निर्माण

यस अध्ययनमा आवश्यक पर्ने सूचना संकलन गर्नको लागि निम्न अनुसारका साधनहरूको निर्माण गरिएको थियो ।

#### ३.३.१ अभिलेख फाराम

यस अध्ययनमा छनौटमा परेका विद्यालयका नि.मा.वि. तहमा कक्षा ६, ७ र ८ का दलित विद्यार्थीहरूको संख्या हाजिरी रेकर्ड र उपलब्धि हेर्नको लगि संख्यात्मक विवरण फाराम, उपस्थिति फाराम र उपलब्धि फारामको निर्माण गरी सूचना संकलन गरिएको छ ।

#### ३.३.२ अन्तर्वार्ता निर्देशिका

उत्तरदाताहरुसँग अन्तर्वार्ता गर्नु अगावै सो अन्तर्वार्ता कुन विषयवस्तुमा सिमित रहि गर्ने, के कस्ता कुराहरुलाई समेट्ने कस्ता खालका प्रश्नहरु सोध्ने आदी बारेमा पूर्वनिश्चित गरिनु पर्दछ । तसर्थ यस अध्ययन कार्यमा सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक र दलित अभिभावकहरुका लागि छुट्टाछुट्टै अन्तर्वार्ता निर्देशिका निर्माण गरी सोही अनुसार तथ्यांक संकलन गरिएको छ भने विद्यार्थीहरुका लागि समूह छलफल निर्देशिका निर्माण गरी सोही अनुसार सम्बन्धित विषयवस्तुमा सिमित रहि तथ्यांक संकलन गरिएको छ । जसका लागि असंरचित अन्तर्वार्ता फारमको निर्माण गरिएको छ ।

**क) प्राधानाध्यापक र शिक्षकका लागि**

यस अध्ययनमा छनौटमा परेका विद्यालयहरूका प्र.अ. र शिक्षकसँग सोही विद्यालयको वातावरण, विद्यालयमा गरिने भेदभाव, कमजोर विद्यार्थीका लागि सुधारात्मक वैकल्पिक शिक्षण व्यवस्था, विद्यालयमा गरिने पुरस्कार र दण्ड, विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति, स्थानीय पाठ्यक्रमको व्यवस्था, दलित विद्यार्थीहरूको विषयगत शैक्षिक उपलब्धि (नतिजा), संख्यात्मक विवरण एवं विद्यालय उपस्थिति र दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न वाधक बनेका तत्वहरू आदि बारेमा सिमित रहि अन्तर्वार्ता निर्देशिका तयार गरी सोको आधारमा सुचना संकलन गरिएको छ ।

**ख) अभिभावकका लागी**

दलित अभिभावकहरूसँग उनीहरूको आिर्थक स्थिति, पेशा, समाजमा उनीहरूलाई गरिने छुवाछुत र भेदभावको व्यवहार, उनीहरूको समाजमा रहेको स्थान र भूमिका, उनीहरूको शैक्षिक अवस्था, छोराछोरीप्रतिको भूमिका, पारिवारीक सदस्यसंख्या, पारीवारिक शैक्षिक वातावरण, छोराछोरी विद्यालय नियमित पठाउने नपठाउने, विद्यालयप्रति उनीहरूको चासो आदि विषयमा केन्द्रित रहेर अन्तर्वार्ता निर्देशिका तयार गरी सूचना संकलन गरिएको छ ।

#### ३.३.३ समूह छलफल

सम्बन्धित विद्यालयका नि.मा.वि. तहका दलित विद्यार्थीहरूका लागि दैनिक विद्यालय नियमित उपस्थिति हुने नहुने र यदि नुहने भएमा किन ? विद्यालयमा साथीहरू र शिक्षक प्र.अ. बाट उनीहरूमा

गरिने भेदभाव तथा व्यवहार, विद्यालयको दुरी, नियमित गृहकार्य गर्छन् वा गर्दैनन्, घरमा गर्नुपर्ने काम, घरमा पढ्न पाउने समय, पारिवारीक वातावरण, शैक्षिक उपलब्धिमा प्रभाव पारेका व्यक्तिगत पारिवारीक र सामाजिक तत्वहरू, शिक्षाप्रतिको धारणा, आदि विषयमा सिमित रहि सामूहिक छलफल चलाई सुचना संकलन गरिएको छ ।

### ३.३.४ अवलोकन फाराम

दलितटोलको निरीक्षण गर्न तथा सामाजिक स्थिति बुझ्न र विद्यार्थीहरूको कक्षाक्रियाकलाप बुझ्नका लागि अवलोकन फाराम निर्माण गरी यथार्थ सूचना संकलन गरिएको थियो । दलित टोल अवलोकन गर्दा छनौटमा परेका विद्यालयहरुको पायकमा पर्ने गरी प्रति १ विद्यालयको १ दलित टोल अवलोकन गरीएको थियो । जसका लागि संभावनारहित नमुना छनोट विधि उपयोग गरियो । साथै कक्षाकोठाको व्यवस्थापन, शिक्षकको कक्षाक्रियाकलाप, शिक्षण विधि, विधार्थीको सिकाई सक्रियता आदि बारेमा समेत अवलोकन गरिएको थियो अवलोकनको क्रममा एक पटकमा एउटा विद्यालयको एउटा कक्षाको मात्र अवलोकन गरियो । यसरी अवलोकन गर्दा एउटा कक्षामा १ पिरियड (४५ मिनेट) को समय लिइएको थियो भने विद्यालयको समय तालिका अनुसार अध्ययन अध्यापन भैरहेका विषयहरको अवलोकन गरियो । जसका लागि संयोगमा आधारीत नमुना छनौट विधी प्रयोग गरिएको थियो । यसरी अवलोकन गर्ने क्रममा सबै विद्यालयहरुमा कक्षा ६, ७, र ८ मा अध्ययन अध्यापन भैरहेका विषयहरुमध्ये नेपाली, अंग्रेजी, गणित र सामाजिक अध्ययन विषयहरुको अवलोकन गरिएको थियो ।

## ३.४ साधनको वैधता

सूचना संकलनका लागि आवश्यक साधनहरूको निर्माण गरी शोध निर्देशकको सल्लाह, सुझावको आधारमा आवश्यक परिमार्जन तथा सुधार गरी साधनलाई अन्तिम रुप दिई वैधता कायम गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

अध्ययनको क्रममा आवश्यक पर्ने सूचना संकलनका लाीग नमुना छनौटमा परेका विद्यालयका प्र.अ. लाई भेटी क्याम्पसको पत्र दिई सुचना संकलन गर्न औपचारिक अनुमति लिइएको छ । उद्देश्य अनुरुपको सुचना संकलन गर्न प्रथमतः सहज र अनुकुल समय र वातावरण मिलाउन अनुरोध गरी सोही वातावरणमा विद्यालयमा उपलब्ध रेकर्ड मार्फत् अभिलेख फाराम भर्ने कार्य गरिएको छ । प्र.अ. र शिक्षकहरूको अनुकुलतामा अन्तर्वाता निर्देशिका मार्फत सुचना संकलन गरिएको छ । नि.मा.वि. तहका दलित बालबालिकाहरूका लागि कक्षा शिक्षकको सहयोगमा छनौटमा परेको सबैलाई एउटै कोठामा राख्ने व्यवस्था मिलाई लक्षित समूह छलफलबाट सूचना संकलन गरिएको छ । अवलोकन फारामको प्रयोग गरी कक्षा अवलोकन गरी विद्यार्थीहरूको कक्षा क्रियाकलापबारे सूचना लिइएको छ ।

दलित अभिभावकसँग सूचना संकलनका लागि अध्ययनकर्ता, स्वयं उहाँहरूको घरमा उपस्थित भई अन्तर्वाता प्रश्नावलीको उपयोग गरी सूचना संकलन गरिएको छ । दलित टोलको निरिक्षण तथा सामाजिक स्थितिबारे बुझ्न स्थलगत अवलोकन गरिएको छ ।

### ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

विद्यालयबाट प्राप्त हुने शैक्षिक तथ्यांक, दलित बालबालिका, अभिभावक र शिक्षकसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त गुणात्मक सूचनालाई व्याख्यात्मक प्रक्रियाबाट विश्लेषण गरि सारांश, निष्कर्ष र आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

### ३.७ नीतिगत पक्ष

अध्ययनको क्रममा सहि सूचना तथा तथ्यांक संकलन गर्नका लागि सर्वप्रथम सम्बन्धित सूचनादाताहरूसँग सुमधुर सम्बन्ध स्थापित गरिएको छ । सम्बन्धित विद्यालयहरूमा गई त्यहाँको प्र.अ. सँग सम्बन्धित विषयगत अध्ययन गर्नका लागि सहयोग गर्नुहुन अनुरोध गरिएको छ । प्रत्येक उत्तरदातालाई कुनै, डर, त्रास, नदेखाई उनीहरूको स्व-इच्छाले सोधिएका प्रश्नको उत्तर दिने वातावरण मिलाइएको थियो । अध्ययनकर्ताले के-कस्ता सूचनाहरू संकलन गर्ने र कति समय लिन पाउने भन्ने कुरा पहिल्यै किटानी गरिएको छ । साथै विद्यार्थी एवं अभिभावकसँग समेत विभिन्न घटना अध्ययनका लागि मन्जुरी लिइएको छ । अध्ययनकर्ताले उद्देश्य भन्दा बाहिर नगई अत्यन्त शिष्ट, मर्यादित ढंगले यो अध्ययन कार्य पूरा गरिएको थियो ।

# अध्याय चार

## तथ्याक्त विश्लेषण तथा व्याख्या

दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीको अवस्था कस्तो छ ? र दलित विद्यार्थीहरुलाई शैक्षिक उपलब्धीमा के-कस्ता कुराहरूले प्रभाव पारिरहेका छन् ? भन्ने यथार्थता थाहा पाउने उद्देश्यले '*निम्न माध्यमिक विद्यालयतहमा दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने कारणहरू*' शीर्षकमा पवर्त जिल्लाको तीन वटा गा.वि.स.मा रहेका नमुना छनोटमा परेका ६ वटा विद्यालयहरूमा गई विभिन्न स्रोत र साधनहरूको उपयोग गरी वास्तविक सूचना एवं तथ्याङ्क सङ्कलन गरिएको थियो । यसरी उपयोग गरिएका स्रोत र साधनहरू अन्तर्गत सम्बन्धित विद्यालयका प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका, संवन्धित विद्यालयका नि.मा.वि तहका कक्षा शिक्षकहरुका लागि अन्तर्वार्ता निर्देशिका र कक्षा अवलोकन फारम, विद्यार्थीहरूका लागि छलफल निर्देशिका एवं कक्षा अवलोकन फारम र दलित अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका रहेको थिए भने दलित टोल गतिविधी रेकर्ड गर्न टोल अवलोकन फाराम प्रयोग गरिएको थियो । जसबाट प्राप्त सूचना एवं तथ्याङ्कहरूलाई निम्नानुसार व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.१ शैक्षिक उपलब्धी अवस्था

यस अध्ययनमा उपलब्धीको अवस्था विश्लेषण गर्न पर्वत जिल्ला अन्तर्गत हुवास, सरौंखोला र त्रिवेणी गा.वि.स.मा रहेका (प्रति गा.वि.स. दुईका दरले) जम्मा ६ वटा विद्यालयहरूका निम्न माध्यमिक तहमा शैक्षिक सत्र २०६७ र २०६८ सालको अन्तिम परीक्षामा दलित तथा गैरदलित विद्यार्थीहरूले प्राप्त गरेको परीक्षाफललाई लिइएको छ । शैक्षिक उपलब्धीको सर्वेक्षणबाट प्राप्त विद्यार्थीहरूको संख्या, उपस्थिति र शैक्षिक उपलब्धि अवस्थालाई निम्न अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ ।

#### ४.४.१ विद्यार्थीहरूको संख्यात्मक विवरण

निम्न माध्यमिक विद्यालयमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीको अवस्था के-कस्तो छ ? भनी थाहा पाउनु पूर्व कति जना विद्यार्थीहरूको शैक्षिक उपलब्धी अवस्था थाहा पाउनु पर्ने हो सो कुरा निश्चित हुनु आवश्यक छ । त्यसैले यस अध्ययनमा नमुना छनोटमा परेका सम्पूर्ण विद्यालयहरूबाट शैक्षिक सत्र २०६७ र शैक्षिक सत्र २०६८ सालमा अध्ययन गर्ने दलित र गैरदलित सबै विद्यार्थीहरूलाई लिइएको थियो । जसका लागि सम्बन्धित विद्यालयहरूमा गई त्यहाँ उपलब्ध अभिलेख (दैनिक हाजिरी रजिष्टर) को अध्ययन गरी प्राप्त विवरणलाई कक्षागत विद्यार्थी संख्या विवरण फारमको प्रयोग गरी सम्पूर्ण विद्यार्थीहरूको संख्या उतार गरिएको थियो । यसरी प्राप्त विद्यार्थी संख्यालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका ४.१

दलित र गैर दलित विद्यार्थी संख्या विवरण २०६७/२०६८

| विद्यालयको नाम | विद्यार्थी संख्या (२०६७) | | | | | विद्यार्थी संख्या (२०६८) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | गैरदलित | | कुल जम्मा | दलित | | गैरदलित | | कुल जम्मा |
| | छात्र | जम्मा | छात्र | जम्मा | | छात्र | जम्मा | छात्र | जम्मा | |
| श्री जनसेवा सं. उ.मा.वि. | १७ | ३७ | ६७ | १५० | १८७ | २२ | ४८ | ६६ | १५२ | २०० |
| श्री क्यामुने भन्ज्याङ मा.वि. | ८ | १४ | ३९ | ६३ | ७७ | ६ | १३ | ३८ | ६२ | ७४ |
| श्री विनु मा.वि. | ५ | ९ | २५ | ६४ | ७३ | ५ | ९ | २७ | ७२ | ८१ |
| श्री यज्ञेश्वर नि.मा.वि. | ३ | ५ | २१ | ३७ | ४२ | २ | ५ | २२ | ३७ | ४२ |
| श्री जनप्रिय नि.मा.वि. | २ | ८ | २४ | ४९ | ५७ | ४ | १० | १२ | ३४ | ४४ |
| श्री निर्मल जनसेवा उ.मा.वि. | ४ | १४ | ४३ | १०१ | ११५ | ४ | १३ | ३६ | १०४ | ११७ |
| | ३९ | ८७ | २२० | ४६४ | ५५१ | ४३ | ९८ | २०१ | ४६१ | ५५९ |

*स्रोत :* स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

माथि प्रस्तुत तालिकाको विश्लेषण गर्दा शैक्षिक सत्र २०६७ सालमा सबै विद्यालयहरूमा गरी नि.मा.वि. तहमा अध्ययनरत दलित र गैरदलित विद्यार्थीहरूको कुल संख्या ५५१ जना रहेको पाइयो । जस मध्ये छात्र ३९ र छात्रा ४८ जना गरी जम्मा ८७ जना दलित विद्यार्थी र २२० छात्र र २४४ छात्रा गरी जम्मा ४६४ जना गैरदलित विद्यार्थीहरू रहेको पाइयो । तुलनात्मक रूपमा अध्ययन गर्दा शैक्षिक सत्र २०६७ सालमा श्री जनसेवा उ.मा.वि.मा ३७ जना दलित र १५० जना गैरदलित गरी जम्मा १८७ (३४%) जना विद्यार्थीहरू रहेका पाइयो, जुन अन्य विद्यालयहरूको भन्दा बढी हो । त्यसैगरी श्री निर्मल जनसेवा उ.मा.वि.मा १४ दलित र १०१ जना गैरदलित गरी जम्मा ११५ (२१%) जना विद्याथीहरू पाइयो भने श्री क्यामुने भन्ज्याङ मा.वि.मा १४ जना दलित र ६३ जना गैरदलित गरी जम्मा ७७ (१४%) विद्यार्थीहरू रहेको पाइयो । श्री विनु मा.वि. मा ९ जना दलित र ६४ जना गैरदलित गरी जम्मा ७३ जना (१३%), श्री जनप्रिय नि.मा.वि.मा ८ दलित र ४९ गैर दलित गरी जम्मा ५७ (१०%) जना विद्यार्थीहरू रहेको र श्री यज्ञेश्वर नि.मा.वि. मा जम्मा ५ जना दलित र ३७ जना गैरदलित गरी जम्मा ४२ (८%) जना

विद्यार्थीहरू अध्ययनरत पाइयो । यसरी शैक्षिक सत्र २०६७ को विद्यार्थी संख्यालाई हेर्दा, कुल विद्यार्थी संख्या ५५१ जना मध्ये सबैभन्दा बढी विद्यार्थी श्री जनसेवा संस्कृत उच्च मा.वि.मा १८७ (३४%) रहेको पाइयो भने सबैभन्दा  कम विद्यार्थी संख्या श्री यज्ञेश्वर नि.मा.वि.मा ४२ (८%) जना रहेको पाइयो ।

शैक्षिक सत्र २०६८ सालको विद्यार्थी संख्याको अध्ययन गर्दा सबै विद्यालयहरूमा गरी नि.मा.वि.तहमा दलित छात्र ४३ जना र दलित छात्रा ५५ गरी ९८ जना र गैरदलित छात्र २०१ र छात्रा २६० गरी ४६१ जना रहेको र कुल विद्यार्थी संख्या ५५९ जना रहेको पाइयो । शैक्षिक सत्र २०६८ को विद्यार्थी संख्यालाई विद्यालयगत रूपमा हेर्दा श्री जनसेवा संस्कृत उ.मा.वि. मा दलित ४८ जना र गैर दलित १५२ जना गरी २०० (३६%) जना, श्री निर्मल जनसेवा उ.मा.वि.मा १३ दलित र १०४ गैरदलित गरी जम्मा ११७ (२१%) जना, श्री विनु मा.वि.मा दलित ९ जना र गैरदलित ७२ गरी ८१ (१४%) जना, श्री क्यामुने भन्ज्याङ मा.वि.मा १३ जना दलित र ६२ जना गैरदलित गरी ७५ (१३%) जना, श्री जनप्रिय नि.मा.वि.मा १० जना दलित र ३४ जना गैरदलित गरी ४४(८%) जना विद्यार्थीहरू रहेको पाइयो । यसरी हेर्दा शैक्षिक सत्र २०६८ मा सबै विद्यालयका नि.मा.वि. तहका कुल विद्यार्थीहरू ५५९ जना मध्ये श्री जनसेवा संस्कृत उ.मा.वि.मा सबैभन्दा बढी ४८ जना दलित र १५२ जना गैरदलित गरी जम्मा २०० (३६%) जना विद्यार्थीहरू रहेको पाइयो भने श्री यज्ञेश्वर नि.मा.वि. सबैभन्दा कम दलित ५ जना र गैरदलित ३७ जना गरी जम्मा ४२ जना (८%) विद्यार्थीहरू रहेको पाइयो ।

शैक्षिक सत्र २०६७ र २०६८ को विद्यार्थी संख्यालाई समग्रमा हेर्दा शैक्षिक सत्र २०६७ मा दलित छात्र ३९ र छात्रा ४८ जना गरी जम्मा ८७ जना दलित विद्यार्थी रहेको पाइयो भने शैक्षिक सत्र २०६८ मा दलित छात्र ४३ र छात्रा ५५ जना गरी जम्मा ९८ जना दलित विद्यार्थीहरू पाइयो । यसरी हेर्दा शैक्षिक सत्र २०६७ मा भन्दा २०६८ मा दलित विद्यार्थी संख्या ११ जनाले धेरै रहेको पाइयो जहाँ छात्र ४ र छात्रा ७ ले बढी छन् । यसैगरी गैरदलित मध्ये शैक्षिक सत्र २०६७ मा छात्र २२० र छात्रा २४४ गरी जम्मा ४६४ जना रहेको पाइयो भने शैक्षिक सत्र २०६८ मा २०१ छात्र र २६० जना छात्रा गरी जम्मा ४६१ जना गैरदलित विद्यार्थीहरू रहेको पाइयो । जुन संख्या शैक्षिक सत्र २०६७ को गैरदलितको कुल संख्या भन्दा ३ जनाले न्यून छ भने छात्र र छात्रा गरी अलग-अलग रूपमा हेर्दा छात्र संख्या १९ जनाले कम र छात्रा संख्या १६ जनाले बढी रहेको पाइयो ।

### ४.१.२ निम्न माध्यमिक विद्यालय तहमा विद्यार्थीहरूको विद्यालयमा उपस्थिति विवरण

नेपाल सरकारले शिक्षा नियमावलीमा एक शैक्षिक सत्रमा विद्यालयमा काम गर्ने दिन कम्तिमा २२० दिन हुनुपर्ने भनी तोकेको छ भने त्यसैगरी जिल्ला शिक्षा कार्यालय पर्वतले पर्वत जिल्लाको लागि २४२ दिन विद्यालय खोल्नु पर्ने र १९६ दिन कक्षा सञ्चालन गर्नुपर्ने भनी आफ्नो वार्षिक क्यालेन्डरमा उल्लेख गरेको छ । अध्ययन क्षेत्र अन्तर्गतका ६ वटा विद्यालय जि.शि.का. पर्वतकै मापदण्डमा रहि

सञ्चालन गरेको पाइयो । जस अनुसार यस अध्ययन क्षेत्र अन्तर्गत एक शैक्षिक सत्रमा कम्तिमा २३८ दिन र बढीमा २४२ दिन विद्यालयहरू खोलिएको र कम्तिमा १९१ र बढीमा १९६ दिनसम्म कक्षा सञ्चालन भएको पाइयो । नेपाल बन्द, आकस्मिक घटना एवं विद्यालयका आ-आफ्नै कारणले गर्दा विद्यालयहरू खुल्ने र सञ्चालन हुने कार्यमा पृथकता पाइयो ।

विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरू मध्ये विद्यालय उपस्थितिलाई पनि लिन सकिन्छ । नियमित उपस्थित हुने विद्यार्थीले स्वभाविक रूपमा अनियमित रूपमा विद्यालय उपस्थित हुनेले भन्दा बढी विषयवस्तु बुझ्ने र सिक्ने गरेका हुन्छ जसका कारण सिकाइ उपलब्धीका प्रभाव पर्दछ । यस अध्ययनमा नमुनामा परेका विद्यालयहरूमा दलित विद्यार्थीहरूको दैनिक उपस्थिति विवरण कस्तो छ भन्ने कुरा बुझ्न सोही विद्यालयमा सहपाठी गैरदलित विद्यार्थीहरू समेतको शैक्षिक सत्र २०६७ र २०६८ को वार्षिक हाजिरी सङ्कलन गरिएको थियो । जसलाई औसतमा निकाली निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ । (विस्तुत जानकारीको लागि अनुसूची -८ हेर्नुहोस्) ।

$$\text{औसत उपस्थिति प्रतिशत} = \frac{\text{सबै विद्यार्थीको जम्मा उपस्थिति}}{\text{विद्यार्थी संख्या} \times \text{कक्षा संचालन भएको दिन}} \times \text{१००} \text{ गरी}$$

औषत उपस्थिति निकालिएको छ ।

तालिका ४.२

दलित र गैरदलित विद्यार्थीहरूको विद्यालय उपस्थिति-२०६७/२०६८

| शैक्षिक सत्र | विद्यालय खुलेको दिन औसत | कक्षा सञ्चालन भएको दिन औसत | उपस्थिति औसत प्रतिशतमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | | गैरदलित | | | जम्मा |
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| २०६७ | २४० | १९४.५ | ८५ | ८४ | ८४ | ९१ | ९१ | ९१ | ९० |
| २०६८ | २४१ | १९५ | ८४ | ८३ | ८४ | ९० | ९१ | ९० | ८९ |

*स्रोत :* स्थलगत अध्ययन तथ्याङ्क, २०६९

माथिको तालिकामा हेर्दा शैक्षिक सत्र २०६७ मा जम्मा औसतमा २४० दिन विद्यालय खुलेको देखिन्छ भने विद्यालय खुलेको दिनमा जम्मा औसतमा १९५.५ दिन कक्षा सञ्चालन भएको देखिन्छ । शैक्षिक सत्र २०६७ को विद्यार्थीहरूको औसत उपस्थिति प्रतिशत हेर्दा दलित छात्र ८५ र छात्रा ८४% उपस्थिति भएको पाइयो । जहाँ दलित छात्र र छात्राको समग्र उपस्थिति औसतमा ८४% रहेको पाइयो । गैरदलित विद्यार्थीमध्ये छात्र ९१% र छात्रा पनि ९१ गरी औसतमा ९१% रहेको पाइयो । जहाँ शैक्षिक सत्र २०६७ को दलित र गैर दलित विद्यार्थीको संयुक्त कुल औसत उपस्थिति ९०% रहेको पाइयो । यस प्रकार शैक्षिक सत्र २०६७ को विद्यार्थी उपस्थितिलाई विश्लेषण गर्दा दलित विद्यार्थीहरू गैरदलित विद्यार्थीको तुलनामा विद्यालयमा न्यून उपस्थिति रहेको पाइयो । प्राप्त तथ्याङ्क अनुसार दलिततर्फ औषतमा छात्र ८५% र छात्रा ८४ प्रतिशत उपस्थिति रहेको पाइयो । जहाँ छात्रा भन्दा छात्रको उपस्थिति बढी देखिएको

पाइयो । गैरदलित र दलितको संयुक्त औसत उपस्थिति ९०% भन्दा दलितको औसत उपस्थिति (८४%) ६% ले न्यून पाइयो भने गैरदलितको औसत उपस्थिति प्रतिशत ९१% भन्दा ७% ले न्यून भएको पाइयो ।

शैक्षिक सत्र २०६८ लाई अध्ययन गर्दा जम्मा विद्यालय खुलेको औसत दिन २४१ रहेको र त्यसमा १९५ दिनमात्र कक्षा सञ्चालन भएको पाइयो । कक्षा सञ्चालन भएका दिनहरूमा विद्यार्थीहरूको औसत उपस्थिति प्रतिशतलाई हेर्दा शैक्षिक सत्र २०६८ मा दलित छात्र ८४% र छात्रा ८३% गरी औसतमा ८४% दलित विद्यार्थीहरूको उपस्थिति पाइयो भने गैरदलित अन्तर्गत ९०% छात्र र ९१% छात्रा गरी औसतमा ९०% विद्यार्थीहरूको औसत उपस्थिति पाइयो । जहाँ दलित र गैरदलित दुवैको औसतमा ८९% औसत उपस्थिति रहेको पाइयो । यसरी हेर्दा शैक्षिक सत्र २०६८ मा दलित विद्यार्थीहरूको औसत उपस्थिति ८४% रहेको र गैरदलितको औषत उपस्थिति ९०% रहेको पाइयो । जहाँ गैरदलित भन्दा दलित विद्यार्थीहरूको औसत उपस्थिति प्रतिशत ६ ले कमी रहेको पाइयो भने दलित र गैरदलित दुवैको औसत उपस्थिति ८९% भन्दा ५% ले न्यून रहेको पाइयो ।

यसप्रकार शैक्षिक सत्र २०६७ र शैक्षिक सत्र २०६८ को नमुना छनोटमा परेका विद्यालयहरूको नि.मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको वार्षिक उपस्थितिलाई अध्ययन गर्दा औसत रूपमा दुवै शैक्षिक सत्रमा दलित विद्यार्थीहरूभन्दा गैरदलित विद्यार्थीहरूको औसत उपस्थिति बढी रहेको पाइयो । शैक्षिक सत्र २०६७ मा दलित विद्यार्थीको औसत उपस्थिति ८४% रहेको र गैरदलित विद्यार्थीको औसत उपस्थिति ९१% रहेको पाइयो जहाँ दलित ७% ले न्यून उपस्थिति रहेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६८ मा पनि दलित विद्यार्थीहरू गैरदलित भन्दा न्यून उपस्थिति रहेको पाइयो, जहाँ दलितको औसत उपस्थिति ८४% र गैरदलितको ९०% उपस्थिति रहेको छ । जुन दलित भन्दा गैरदलित ६% ले बढी रहेको छ । यसरी दुवै शैक्षिक सत्रमा गैरदलित भन्दा दलित विद्यार्थीहरूको उपस्थिति न्यून रहेको र त्यसमा पनि छात्र भन्दा छात्राको उपस्थिति न्यून रहेको पाइयो ।

### ४.१.३ निम्न माध्यमिक विद्यालय तहमा विद्यार्थीको उपलब्धी विवरण २०६७ र २०६८

दलित बालबालिकाहरूको शैक्षिक उपलब्धी अवस्था राम्रो वा कमजोर के-कस्तो भन्ने कुरा थाहा पाउनको लागि गैरदलित विद्यार्थीहरूसँग तुलना गरी हेर्नुपर्ने भएकाले निम्न माध्यमिक तहकक्षा ६, ७ र ८ का दलित र गैरदलित सबै विद्यार्थीहरूको विशेष गरी नेपाली र अङ्ग्रेजी विषयको र जम्मा विषयहरूको औसत उपलब्धी अवस्थाको अध्ययन गरिएको थियो । जसका लागि छनौटमा परेका विद्यालयहरूमा गई त्यहाँ भएका अभिलेख (उपलब्धी विवरण) को अध्ययन गरी उपलब्धि फारममा उतार गरिएको थियो । ६ वटै विद्यालयबाट प्राप्त विद्यार्थीहरूको कक्षागत उपलब्धि विवरणलाई औसत उपलब्धि प्रतिशतमा लगिएको छ । जसका लागि औसत उपलब्धी प्रतिशत $= \frac{\text{सबै विद्यार्थीको कुल प्राप्ताङ्क}}{\text{विद्यार्थी संख्या} \times \text{विषय संख्या}}$

गरिएको छ। यहाँ विषय संख्या अन्तर्गत १०० पूर्णाङ्कको १ विषय मानिएको छ भने ७०० पूर्णाङ्कलाई ७ विषय मानिएको छ। यसरी विद्यार्थीको शैक्षिक सत्र २०६७ र २०६८ को औसत उपलब्धी प्रतिशतलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ, ( विस्तृत जानकारीको लागि अनुसूचि ९ हेर्नुहोस् ।)

तालिका ४.३

दलित र गैर दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि विवरण

| कक्षा | | शैक्षिक सत्र २०६७ (औसत प्रतिशतमा) | | | | शैक्षिक सत्र २०६८ (औसत प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | गैरदलित | | दलित | | गैरदलित | |
| | विषय (पूर्णाङ्क) | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| | नेपाली (१००) | ४२ | ४३ | ४९ | ४७ | ४१ | ४१ | ४६ | ४७ |
| | अंग्रेजी (१००) | ४१ | ४४ | ५१ | ४९ | ४६ | ४६ | ४८ | ४८ |
| ६ | सबै (१००) | ४२ | ४४ | ४९ | ४९ | ४५ | ४५ | ४७ | ४६ |
| ७ | नेपाली (१००) | ३९ | ४१ | ४६ | ४७ | ४२ | ४२ | ४८ | ४७ |
| | अंग्रेजी (१००) | ४४ | ४३ | ४७ | ४८ | ३९ | ४० | ४५ | ४७ |
| | सबै (१००) | ४२ | ४४ | ४७ | ४७ | ४३ | ४३ | ४६ | ४६ |
| ८ | नेपाली (१००) | ४१ | ४१ | ४६ | ४५ | ४१ | ४१ | ४४ | ४५ |
| | अंग्रेजी (१००) | ४१ | ४१ | ४५ | ४६ | ३८ | ३७ | ४६ | ४७ |
| | सबै (१००) | ३९ | ३९ | ४५ | ४५ | ४० | ४० | ४४ | ४४ |

*स्रोतः* स्थलगत अध्ययन तथयांक, २०६९

माथिको तालिकामा, नमुना छनोटमा परेका ६ वटा विद्यालयहरुको निम्न माध्यमिक तह कक्षा ६, ७ र ८ को दलित र गैरदलित विद्यार्थीहरुले शैक्षिक सत्र २०६७ र शैक्षिक सत्र २०६८ मा वार्षिक परीक्षामा प्राप्त गरेको कक्षागत प्राप्ताङ्कलाई औसत सत्र २०६८ मा वार्षिक परीक्षामा प्राप्त गरेको कक्षागत प्राप्ताङ्कलाई औसत प्राप्ताङ्क प्रतिशतमा परिणत गरि राखिएको छ । प्रस्तुत तालिका अनुसार शैक्षिक उपलब्धि अन्तर्गत विषयगत रुपमा नेपाली र अंग्रेजी विषयको कक्षागत औसत प्राप्ताङ्क प्रतिशतलाई लिइएको छ भने कुल पूर्णाङ्क ७०० मा सबै विषयहरुको जम्मा औसत प्राप्ताङ्क प्रतिशत निकालिएको छ ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा, शैक्षिक सत्र २०६७ मा कक्षा ६ का दलित विद्यार्थीहरुको औषत उपलब्धि नेपाली विषयमा ४३%, अंग्रेजी विषयमा ४४% र सबै विषयमा गरी ४४% रहेको पाइयो । जहाँ दलित छात्राको शैक्षिक उपलब्धि क्रमश ४२%, ४१% र ४२% रहेको छ । शैक्षिक सत्र २०६७ सालमा कक्षा ७ का दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि नेपाली विषयमा ४१%, अंग्रेजी विषयमा ४३%

र सबै विषयमा ४४% रहेको पाइयो भने सोहि वर्षमा, कक्षा ७ का दलित छात्राको शैक्षिक उपलब्धि क्रमश ३९% नेपालीमा, ४४% अंग्रेजीमा र ४२% सबै विषयमा रहेको पाइयो । शैक्षिक सत्र २०६७ मै कक्षा ८ का दलित विद्यार्थीहरुको उपलब्धि प्रतिशतलाई हेर्दा नेपालीमा ४१%, अंग्रेजमा ४१% र सबै विषयमा गरी ३९% रहेको पाइयो जहाँ दलित छात्राको शैक्षिक उपलब्धि क्रमश ४१%, ४१% र ३९% रहेको थियो ।

यसैगरी शैक्षिक सत्र २०६७ मा कक्षागत रुपमा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्था हेर्दा कक्षा ६ मा नेपाली विषयमा ४७%, अंग्रेजी विषयमा ४९% र सबैमा गरि ४९% रहेको पाइयो । जहाँ गैरदलित छात्राहरुको शैक्षिक उपलब्धि क्रमश ४९%, ५१% र ४९% रहेको थियो । यसैगरी कक्षा ७ मा रहेका गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि नेपला विषयमा ४७%, अंग्रेजी विषयमा ४८% र सबैमा गरी ४७% औषत उपलब्धि रहेको थियो । सोहि कक्षामा गैरदलित छात्राहरुको शैक्षिक उपलब्धि नेपालीमा ४६%, अंग्रेजीमा ४७% र सबैमा गरी ४७% औषत उपलब्धि रहेको थियो । त्यस्तै शैक्षिक सत्र २०६७ मा कक्षा ८ मा रहेका गैर दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि नेपाली विषयमा ४५%, अंग्रेजी विषयमा ४६% र सबैमा गरी ४५% औसत उपलब्धि रहेको थियो जहाँ गैरदलित छात्राहरुको क्रमशः ४६%, ४५% र ४५% औषत उपलब्धि रहेको थियो ।

यसप्रकार शैक्षिक सत्र २०६७ सालको दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा शैक्षिक सत्र २०६७ मा कक्षा ६, ७ र ८ मा गैरदलित विद्यार्थीहरु भन्दा दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्थ कमजोर देखिन्छ । समग्रमा हेर्दा कक्षा ६ मा नेपाली विषयमाा ५% अंग्रेजी विषयमा ५% र सबै विषयमा पनि ५% औसत उपलब्धि अवस्था गैरदलितको तुलनामा दलत विद्यार्थीहरुको न्यून रहेको पाइयो । यसैगरी कक्षा ७ मा नेपाली विषयमा ६%, अंग्रेजी विषयमा ५% र सबैमा गरी ३% ले दलित विद्यार्थीहरुको औषत उपलब्धि न्यून रहेको पाइयो भने कक्षा ८ मा पनि क्रमश नेपालीमा ४%, अंग्रेजीमा ५% र सबैमा गरी ६% ले दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्था गैरदलितको तुलनामा न्यून रहेको पाइयो । त्यसैले हेर्दा गैरदलित छात्र र छात्राको तुलनामा दलित छात्र र छात्राको शैक्षिक उपलब्धि सबै कक्षामा न्यून रहेको पाइयो ।

शैक्षिक सत्र २०६८ को तालिकालाई अध्ययन गर्दा, कक्षा ६ को दलित विद्यार्थीहरुको शैक्षिक सत्र २०६८ को औसत उपलब्धि प्रतिशत नेपाली विषयमा ४१% अंग्रेजी विषयमा ४६% र सबै ४५% रहेको पाइयो । २०६८ मा दलित छात्राहरुको उपलब्धि औसतमा नेपालीमा ४१%, अंग्रेजीमा ४६% र सबैमा गरी ४५% रहेको पाइयो । शैक्षिक सत्र २०६८ मा कक्षा ७ मा दलित विद्यार्थीहरुको औसत उपलब्धि नेपाली विषयमा ४२%, अंग्रेजीमा ४०% र सबैमा गरी ४३% रहेको पाइयो । जहाँ दलित छात्राहरुको क्रमश ४२%, ३९% र ४३% रहेको पाइयो । यसैगरी शैक्षिक सत्र २०६८ मा कक्षा ८ मा दलित विद्यार्थीहरुको नेपालीमा ४१%, अंग्रेजीमा ३७% र सबैमा ४०% रहेको पाइयो भने दलित छात्राहरुको नेपालीमा ४१%, अंग्रेजीमा ३८% र सबैमा ४०% औसत उपलब्धि रहेको पाइयो ।

यसैगरी शैक्षिक सत्र २०६८ मा गैरदलित विद्यार्थीहरुको कक्षागत उपलब्धि विवरणको अध्ययन गर्दा कक्षा ६ मा नेपाली विषयमा ४७%, अंग्रेजी विषयमा ४८% र सबैमा ४६% औषत उपलब्धि रहेको पाइयो । जहाँ गैरदलित छात्राहरुको क्रमश ४६%, ४८%, र ४७% औसत उपलब्धि रहेको थियो । कक्षा ७ मा हेर्दा, गैरदलित विद्यार्थीहरुको नेपाली विषयमा ४७% अंग्रेजी विषयमा ४७% र सबैमा ४६% औषत उपलब्धि रहेको पाइयो । जहाँ गैरदलित छात्राहरुको नेपालीमा ४८%, अंग्रेजीमा ४५% र सबैमा गरी ४६% औषत उपलब्धि रहेको पाइयो । त्यस्तै कक्षा ८ मा नेपाली विषयमा ४५%, अंग्रेजी विषयमा ४७% र सबै विषयमा ४४% गैरदलित विद्यार्थीहरुको औषत उपलब्धि रहेको पाइयो भने गैरदलित छात्राहरुको क्रमशः ४४%, ४६% र ४४% औषत उपलब्धि पाइयो ।

यसरी शैक्षिक सत्र २०६८ को दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा शैक्षिक सत्र २०६८ मा कक्षा ६ मा गैरदलितको तुलनामा दलितको शैक्षिक उपलब्धि नेपालीमा ६%, अंग्रेजीमा २% र सबैमा १% ले न्यून देखियो भने कक्षा ७ मा नेपालीमा ५%, अंग्रेजीमा ७% र सबैमा ३% ले गैरदलितको भन्दा दलित विद्यार्थीको नै औषत उपलब्धि न्यून देखियो । त्यस्तै कक्षा ८ मा पनि नेपलमिा ४%, अंग्रेजीमा १०% र सबैमा ४% ले दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून देखियो । शैक्षिक सत्र २०६८ मा पनि गैरदलित छात्रा भन्दा दलित छात्राहरको शैक्षिक उपलब्धि औषत प्रतिशत न्यून नै देखिएको छ ।

शैक्षिक सत्र २०६७ र शै.स २०६८ को समग्र विश्लेषण गर्दा शैक्षिक सत्र २०६७ मा भन्दा २०६८ मा कक्षा ६ र ८ मा दलत विद्यार्थीहरुको सबै विषयको उपलब्धि स्तर १% ले वृद्धि भएको पाइयो भने कक्षा ७ मा १% ले ह्रास भएको पाइयो । विषयगत रुपमा हेर्दा कक्षा ६ मा नेपाली विषयमा शैक्षिक सत्र २०६७ मा भन्दा २०६८ मा दलित विद्यार्थीहरुको उपलब्धि १% ले ह्रास भएको र अंग्रेजी विषयमा २% ले वृद्धि भएको पाइयो । कक्षा ७ मा नेपाली विषयमा १% ले वृद्धि भएको र अंग्रेजीमा ३% ले ह्रास भएको, एवं सबैमा १%ले ह्रास भएको पाइयो । कक्षा ८ मा नेपाली विषयमा समान र अंग्रेजीमा ३% ले ह्रास भएको पाइयो भने समग्रमा १% ले वृद्धि भएको पाइयो । यसरी दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि ह्रास हुँदै जानुमा घरपरिवारमा शैक्षिक जनशक्ति नहुनु, विद्यार्थीले पढाइमा चासो नदिनु, अतिरिक्त कक्षाको व्यवस्था नहुनु, आर्थिक अभाव हुनु आदि कारणहरु रहेको पाइयो ।

## ४.२ अन्तर्वार्ता एवं छलफलबाट प्राप्त प्रतिक्रिया विवरण

अध्ययनको क्रममा यथार्थ र सत्य सूचना संकलन गर्नका लागि नमुना छनौट अन्तर्गतका विद्यालयहरूमा गई प्रधानाध्यापक, कक्षा शिक्षकहरू एवं दलित टोलमा गइ दलित अभिभावकहरूसँग अन्तर्वार्ता निर्देशिकाको माध्यमबाट अन्तर्वार्ता चलाइएको थियो (अन्तर्वार्ता निर्देशिका अनुसूची १, २ र ३ मा हेर्नुहोस्) भने दलित विद्यार्थीहरूसँग छलफल निर्देशिकाको माध्यमबाट लक्षित समूहका लागि छलफल

चलाइएको थियो (छलफल निर्देशिका अनुसूची ४ मा हेर्नुहोस्) । यसरी चलाइएको अन्तर्वार्ता एवं छलफलबाट प्राप्त विवरणलाई यहाँ उल्लेख गरिएको छ ।

### ४.२.१ विद्यालयको वातावरण सम्बन्धमा प्राप्त प्रतिक्रिया

विद्यालयको समग्र वातावरण अन्तर्गत विषयगत शिक्षक, कक्षाकोठा, फर्निचर एवं अतिरिक्त क्रियाकलापको अवस्थाबारे जानकारी लिन छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरूको प्रतिक्रियालाई बुझ्दा निम्न अनुसारको विवरण प्राप्त गरिएको छ ।

तालिका. ४.४

विद्यालयको वातावरण सम्बन्धमा प्रधानाध्यापकहरूबाट प्राप्त विवरण

| विद्यालयको वातावरण | विद्यालयको संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | पर्याप्त भएको | भएको | कम भएको | |
| विषयगत शिक्षक | १ | १ | ४ | श्री जनसेवा सं.उ.मा.वि.मा ६ जना र श्री निर्मल जनसेवामा ४ जना शिक्षक रहेका अन्यमा कम रहेका |
| कक्षाकोठा | - | ५ | १ | श्री विनु मा.वि.मा कोठा कम भएको (निर्माणधीन) |
| फर्निचर | - | ४ | २ | श्री विनु मा.वि. श्री निर्मल जनसेवामा कम भएको |
| अतिरिक्त क्रियाकलाप | - | १ | ५ | श्री जनसेवा सं.उ.मा.वि. नियमित हुने गरेको |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

माथिको तालिका अनुसार विद्यालयको समग्र वातावरण अन्तर्गत विषयगत शिक्षकको बारेमा अध्ययन गर्दा श्री जनसेवा सं.उ.मा.वि. मा नि.मा.वि.तहका लागि पर्याप्त मात्रामा शिक्षकहरु रहेको पाइयो । जहाँ नि.मा.वि. तहमा ६ जना शिक्षकहरू रहनु भएको रहेछ भने श्री निर्मल जनसेवा उच्च मा.वि. मा नि.मा.वि. तहका लागि जम्मा ४ जना शिक्षकहरू रहनु भएको पाइयो । जुन संख्या उपयुक्त नै मान्न सकिन्छ भने अन्य ४ वटा विद्यालयमा भने नि.मा.वि. तहमा शिक्षकहरू कम रहेको पाइयो । जहाँ प्रा.वि.तहमा अध्यापन गर्ने शिक्षकहरूले समेत नि.मा.वि. तहका कक्षाहरू सञ्चालन गर्ने गरेको पाइयो । जसका कारण कम योग्य शिक्षकले शिक्षण गर्दा शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रभाव परेको पाइयो । कक्षाकोठाको अवस्थालाई अध्ययन गर्दा कुनै पनि विद्यालयमा कक्षाकोठाहरू पर्याप्त मात्रामा नभएको तर

आवश्यकता अनुसार कम पनि नरहेको पाइयो तर श्री विनु मा.वि.मा भने नि.मा.वि. तहका लागि कक्षा पुग भएपनि समग्रमा कक्षाकोठा कम रहेको र बालकक्षालाई बाहिर चौरमा सञ्चालन गर्ने गरेका पाइयो । फर्निचर सम्बन्धमा पर्याप्त कहिँ पनि नभएको र ४ वटा विद्यालयमा आवश्यकता अनुसार काम मात्र चलेको पाइयो भने श्री विनु मा.वि.मा कक्षा १ र २ का लागि डेस्क बेन्च अपुग रहेको भेटियो । जसले गर्दा विद्यार्थीहरू खचाखच भइ बसेको भेटियो । त्यस्तै श्री निर्मल जनसेवा उ.मा.वि. मा पनि विद्यार्थीका लागि फर्निचर कम रहेको पाइयो । २ वटा विद्यालयहरुमा मात्र कक्षाकोठामा कुर्ची टेबल रहेका र सबै विद्यालयहरूमा नरहेको पाइयो । अतिरिक्त क्रियाकलाप सम्बन्धमा मात्र श्री जनसेवा सं. उ.मा.वि.मा नियमित रूपमा अतिरिक्त क्रियाकलाप हुने गरेको र अन्य विद्यालयमा अतिरिक्त क्रियाकलाप कहिलेकाहीँ हुने गरेका पाइयो । समग्रमा भन्नुपर्दा सबै विद्यालयहरूमा विद्यालयको समग्र वातावरण उपयुक्त नहुनुले विद्यार्थीहरूको शैक्षिक उपलब्धीमा प्रभाव पारेको छ भन्न सकिन्छ ।

विद्यालयको वातावरण अन्तर्गत विद्यालय प्रशासन र कक्षाकोठाको वातावरण सम्बन्धमा शिक्षकहरूसँग गरिएको अन्तर्वातामा प्राप्त प्रतिक्रियालाई बुझ्दा विद्यालय प्रशासनले आवश्यक फर्निचर र शैक्षिक सामग्रीहरू उपलब्ध गराउनु पर्ने कुरा पाइयो भने श्री जनसेवा संस्कृत उ.मा.वि.मा एउटै कक्षामा धेरै विद्यार्थी राखी अध्यापन गर्नुपर्नाले सबै विद्यार्थीमा ४५ मिनेटको पिरीयडमा समान दृष्टि पुग्न नसक्ने र कक्षाकार्य एवं गृहकार्य परीक्षण गर्दा, छलफलमा सहभागी गराउँदा सबैलाई समेट्न कठिन रहेको पाइयो । जसलाई विद्यालय प्रशासनले व्यवस्था गर्नुपर्ने प्रतिक्रिया पाइयो । त्यसैगरी श्री निर्मल जनसेवा उ.मा.वि.मा कक्षा कोठा साँघुरा भएकाले डेस्क बेन्चले कोठा भरिएको र शिक्षकले पछिसम्म गई विद्यार्थीहरूका क्रियाकलापलाई देख्न कठिन परेको र कक्षा कोठा सजावट नभएकोले सोको जवाफदेही प्रशासन हुनुपर्ने प्रतिक्रिया दिएको पाइयो । श्री क्यामुने भन्ज्याङ मा.वि.मा शिक्षकका लागि कुर्ची र टेबलको व्यवस्था नभएका कारण कक्षाकार्य एवं गृहकार्य परीक्षणमा गाह्रो भएको प्रतिक्रिया पाइयो । यसरी उल्लेखित समस्याहरूको विद्यालय प्रशासनले समाधान गर्न सकेमा र समय समयमा विषयगत तालिम एवं उपयुक्त शैक्षिक सामग्रीहरूको व्यवस्था गर्न सकेमा भइरहेको स्थिति भन्दा शैक्षिक उपलब्धीमा केही सुधार हुने प्रतिक्रिया समग्रमा बुझ्न सकिन्छ ।

### ४.२.२ दलित विद्यार्थीहरूको साथीसंगत, भेदभाव वा समानता सम्बन्धी प्रतिक्रिया

दलित बालबालिकाहरूको विद्यालयमा साथीसंगत एवं आपसी मेलमिलाप सम्बन्धीमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक एवं शिक्षकहरूसँग प्रतिक्रिया संकलन गरिएको थियो भने दलित विद्यार्थीहरूसँग उनीहरूको संगत, उनीहरूलाई साथीहरूले गर्ने भेदभाव एवं आपसमा भएको समानता सम्बन्धमा छलफल चलाई प्रतिक्रिया लिइएको थियो । त्यसैगरी दलित अभिभावकसँग पनि आफ्नो बच्चाको साथीसंगत सम्बन्धमा बुझिएको थियो । जसबाट प्राप्त प्रतिक्रियाहरूलाई यहाँ उल्लेख गरिएको छ ।

प्रधानाध्यापक एवं शिक्षकहरूको समग्र प्रतिक्रियालाई बुझ्दा सबै विद्यालयमा समान एवं उस्तै खाले प्रतिक्रियाहरू पाइएको छ । विद्यालय हाताभित्र सबै विद्यालयहरूमा दलित र गैरदलित जे भए पनि आपसमा राम्रो सम्बन्ध रहेको पाइयो । जातीय रूपमा एकअर्का बीचमा कुनै झगडा नभएको र कक्षाकोठामा बेन्चमा बस्दा पनि आपसमा मिलेर बस्ने गरेका पाइयो । जान्नेले जान्नेको र नजान्नेले नजान्नेकै संगत गरेको र कमजोर विद्यार्थी पछाडि बस्ने गरेको पाइयो ।

दलित विद्यार्थीहरूसँग छलफल गरी प्राप्त निष्कर्षमा दलित र गैरदलित जे भए पनि जातीय रूपमा नभई साथित्वको रूपमा सबैसँग संगत हुने गरेको पाइयो । आफूसँग सँगै पढ्ने गैरदलित साथीहरूले जातीय रूपमा भेदभाव नगरेको कुरा सबै विद्यालयका दलित विद्यार्थीहरूबाट पाइयो । कक्षामा बस्दा, खाजा नास्ता गर्दा, खेल खेल्दा सबैसँग भइने र जातीय भेदभाव नहुने कुरा श्री जनसेवा सं. उ.मा.वि.का दलित विद्यार्थीहरूबाट प्रतिक्रिया आएको थियो । त्यसैगरी कक्षाकार्य एवं सिकाइ क्रियाकलापमा आपसी छलफल गरिने कुरा श्री जनप्रिय नि.मा.वि.का दलित विद्यार्थीहरूले प्रतिक्रिया दिएका थिए । यसरी हेर्दा दलित र गैरदलितमा विद्यालयमा राम्रो सम्बन्ध देखिएको र जातीय भेदभाव नरहेको पाइयो ।

दलित अभिभावकहरूसँग तपाईंको बच्चाको साथीसंगत को सँग हुन्छ ? भनी सोधिएको थियो । जसमा सबै जसो अभिभावकहरूको उस्तै प्रतिक्रिया पाइएको थियो । घर गाउँमा रहँदा प्रायः जसो आफ्नै जातिको समुदाय भएकोले बढी जसो आफ्नै जातका सँग सँगत हुने भए पनि गाउँमा खेल खेल्दा एवम् विद्यालय जाँदा सबै दलित एवं गैरदलितसँग संगत हुने कुरा उल्लेख गरिएको थियो । प्रायःजसो दलित समुदायमा पढेका व्यक्तिहरू कमै हुने हुँदा पढेका वा नपढेका जो हुँदा पनी उमेरगत रूपमा साथीसंगत गर्ने गरेका बढी पाइयो । यसरी हेर्दा दलित बालबालिकाहरूलाई साथीसंगतले कुनै नकारात्मक प्रभाव नपारेको भएपनि कक्षामा बस्दा जान्ने विद्यार्थीहरूले जान्ने र कमजोर विद्यार्थीहरूले कमजोर विद्यार्थीको संगत बढी गरेकाले कमजोर विद्यार्थीहरूको शैक्षिक उपलब्धी अझै कमजोर बन्न सक्ने देखियो ।

### ४.२.३ दलित विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापमा संलग्नता विवरण

दलित विद्यार्थीहरूको विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा सक्रियता के-कस्तो छ भनी सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरूसँग प्रतिक्रिया लिइएको थियो (प्रत्येक विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापहरू अनुसूची ५ हेर्नुहोस्) । जसबाट निम्नानुसार दलित बालबालिकाहरुको सक्रियता पाइयो ।

तालिका ४.५

विभिन्न विद्यालयबाट अतिरिक्त क्रियाकलापमा संलग्न दलित विद्यार्थी विवरण २०६८

| विद्यालयको नाम | दलित विद्यार्थी संख्या | | | अतिरिक्त क्रियाकलापमा सक्रिय दलित विद्यार्थी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | औसत प्रतिशतमा |
| श्री जनसेवा सं. उ.मा.वि. | २२ | २६ | ४८ | ४ | २ | ६ | १२.५ |
| श्री क्यामुने भन्ज्याङ मा.वि. | ६ | ७ | १३ | १ | - | १ | ८ |
| श्री विनु मा.वि. | ५ | ४ | ९ | - | १ | १ | ११ |
| श्री यज्ञेश्वर नि.मा.वि | २ | ३ | ५ | - | - | - | ० |
| श्री जनप्रिय नि.मा.वि. | ४ | ६ | १० | २ | २ | ४ | ४० |
| श्री निर्मल जनसेवा उ.मा.वि | ४ | ९ | १३ | १ | १ | २ | १५ |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

माथिको तालिका अनुसार शैक्षिक सत्र २०६८ मा दलित विद्यार्थीहरूको विद्यालयमा अतिरिक्त क्रियाकलापमा रहेको सक्रियतालाई बुझ्न सकिन्छ । जस अनुसार दलित विद्यार्थीहरूमध्ये अतिरिक्त क्रियाकलापमा बढी सक्रियता श्री जनप्रिय नि.मा.वि. मा देखिन्छ । जहाँ कुल दलित विद्यार्थी संख्या १० जनामा छात्र २ र छात्रा २ गरी ४ जना दलित विद्यार्थीहरू अतिरिक्त क्रियाकलापमा संलग्न रहेको पाइन्छ । जुन दलित विद्यार्थीहरूमध्ये ४०% विद्यार्थी संख्या हो । यसै गरी श्री यज्ञेश्वर नि.मा.वि मा दलित विद्यार्थीहरूमध्ये कोही पनि अतिरिक्त क्रियाकलापमा सामेल वा सक्रियता भएको पाइदैन । श्री जनसेवा सं.उ.मा.वि. कुल दलित मध्ये १२.५% विद्यार्थीहरू अतिरिक्त क्रियाकलापमा सक्रिय रहेको, श्री विनु मा.वि. ११ %, श्री क्यामुने भन्ज्याङ मा.वि.मा ८% एवं श्री निर्मल जनसेवा उ.मा.वि.मा जम्मा १५ % दलित विद्यार्थीहरू अतिरिक्त क्रियाकलापमा सक्रिय देखिएको पाइयो । प्रायः जसो विद्यालयहरूमा दलित विद्यार्थीहरूको शैक्षिक क्रियाकलाप भन्दा पनि खेलकुदमा बढी सक्रियता रहेको पाइयो । यसरी समग्र रूपमा हेर्दा दलित विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापमा न्यून सक्रियता पाइयो भने श्री यज्ञेश्वर नि.मा.वि.मा शून्य सक्रियता पाइयो ।

### ४.२.४ दलित विद्यार्थीहरूको सिकाइमा सक्रियता सम्बन्धी प्रतिक्रिया

दलित विद्यार्थीहरू सिकाइमा सक्रिय छन् या छैनन् ? भनी प्राधानाध्यकहरूसँग बुझ्दा प्रायः जसो सबै विद्यालयमा दलित विद्यार्थीहरूको सिकाइमा सक्रियता न्यून रहेको पाइयो । श्री जनप्रिय नि.मा.वि. र श्री जनसेवा सं. उ.मा.वि.मा केही विद्यार्थीहरू सिकाइमा सक्रिय रहे पनि औसतमा न्यून रहेको पाइयो भने अन्य विद्यालयमा पनि दलित विद्यार्थीहरू गैरदलितको तुलनामा सिकाइमा कम सक्रिय रहेको बुझियो ।

त्यसैगरी सिकाइमा दलित विद्यार्थीहरूको सक्रियता सम्बन्धी बुझ्न सम्बन्धित विद्यालयका शिक्षकहरूसँग दलित र गैरदलित बीचमा कक्षामा विषयवस्तुप्रतिको चासो, छलफलमा सहभागिता, कक्षाकार्य एवं गृहकार्यमा के - कस्तो समानता वा पृथकता छ ? भनी बुझिएको थियो । जसबाट प्राप्त समग्र प्रतिक्रिया बुझ्दा श्री जनसेवा संस्कृत उ.मा.वि. कक्षा ६ मा अध्ययनरत दलित विद्यार्थीहरूले औसत रूपमा विषयवस्तुप्रति चासो राखेको पाइयो भने श्री जनप्रिय नि.मा.वि.का दलित विद्यार्थीहरूले पनि गैरदलित सरह विषयवस्तुमा चासो लिएको पाइयो । अन्य विद्यालयहरूमा तुलनात्मक रूपमा गैरदलित भन्दा दलित विद्यार्थीहरूले कम चासो राख्ने गरको पाइयो । विशेषगरी दलित विद्यार्थीहरू कक्षामा पछि बस्ने गरेको र छलफलमा पनि सहभागिता कम देखाउने गरेको पाइयो । श्री जनप्रिय नि.मा.वि.मा विद्यार्थी संख्या पनि न्यून रहेको र विद्यार्थी संख्याको अनुपातमा दलित विद्यार्थीहरू छलफलमा सहभागी हुने गरेका पाइयो भने श्री निर्मल जनसेवा उ.मा.वि. मा १-२ विद्यार्थीहरू र श्री जनसेवा सं.उ.मा.वि.मा केही दलित विद्यार्थीहरू विषयवस्तुप्रति कक्षामा छलफलमा सहभागी हुने गरेको पाइयो । सबै विद्यालयहरूमा दलित र गैरदलित दुवै विद्यार्थीहरूले कक्षा कार्य गर्ने गरेको तर श्री विनु मा.वि. र श्री यज्ञेश्वर नि.मा.वि.मा भने दलित विद्यार्थीहरूले आफ्नो मौलिकतामा नभइ प्रायसः गैरदलित विद्यार्थीहरूको नक्कल गर्ने गरेको प्रतिक्रिया पाइयो । गृहकार्य सम्बन्धमा सबै विद्यालयहरूमा गैरदलित विद्यार्थीभन्दा दलित विद्यार्थीहरूले गृहकार्य औसतमा कम गर्ने गरेको पाइयो । जसको कारण बुझ्दा दलित बालबालिकाहरूले घरमा साँझ विहान काम बढी गर्नुपर्ने र गृहकार्य गर्न समय नमिल्ने कुरा बताउने गरेको प्रतिक्रिया पाइयो ।

### ४.२.५ विद्यालयमा छात्रवृत्ति व्यवस्था र सिकाइमा यसको प्रभाव सम्बन्धी प्रतिक्रिया

नमुना छनोट अन्तर्गतका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरूसँग अलग-अलग भेटी विद्यालयमा गरिएको छात्रवृत्ति व्यवस्था र यसले सिकाइमा पारेको प्रभाव सम्बन्धमा सोधिएको थियो । प्रतिक्रिया परिणाममा सबै विद्यालयहरूमा ५० % छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति र गरिब तथा जेहेन्दार छात्रवृत्ति (जो सरकारबाट प्रदान गरिएको छ) आदिको व्यवस्था भएको पाइयो भने मात्र २ वटा विद्यालय श्री जनसेवा सं.उ.मा.वि. र श्री निर्मलजनसेवा उ.मा.वि.मा केही व्यक्तिहरूको अक्षयकोष खडा गरी सो रकमबाट गरिब एवं जेहेन्दारको लागि वार्षिक रूपमा छात्रवृत्ति स्वरूप प्रदान गर्ने गरेको पाइयो । यसरी छात्रवृत्ति वितरण गर्दा सिकाइमा निम्नानुसार प्रभाव परेको पाइयो ।

(क) विद्यालयमा विद्यार्थी र अभिभावकको उपस्थितिमा वृद्धि भएको,

(ख) छात्रवृत्तिको रकम प्रयोग गरी कापी,कलम र पोशाकहरू किन्ने गरेको,

(ग) विद्यार्थीहरूको भर्ना दर समेत बढेको

(घ) विद्यार्थीहरूलाई अक्षयकोषबाट प्राप्त छात्रवृत्ति रकमले गैरदलित विद्यार्थीहरूलाई सिकाइप्रति अझै उत्साहित बनाएको र विद्यार्थी बीच सिकाइमा प्रतिष्पर्धा बढेको आदि ।

यसरी छात्रवृत्ति व्यवस्थाले विद्यार्थीहरूको सिकाइलाई केही हदसम्म प्रभाव पारेको देखिन्छ । दलित विद्यार्थीहरूको भर्नादर बढ्नु, विद्यालय नियमिततामा सुधार हुनु, छात्रवृत्तिकै लागि भएपनि अभिभावकहरू विद्यालय आउनु जस्ता पक्षहरूलाई राम्रो पक्षको रूपमा लिन सकिन्छ । तर श्री विनु मा.वि.मा भने दलित छात्रवृत्तिको दुरूपयोग भएको र सो रकम विद्यार्थीको शिक्षामा लगानी नभइ घर खर्चमा उपयोग गरेको सो विद्यालयका नि. प्रधानाध्यापक श्री खगेन्द्रप्रसाद तिवारीले बताउनुभयो । जसलाई राम्रो पक्ष मान्न सकिदैन ।

### ४.२.६ पुरस्कार र दण्डको प्रयोग

पुरस्कार र दण्ड सम्बन्धी सम्पूर्ण विद्यालयहरूमा प्रधानाध्यापकसँग प्रतिक्रिया लिँदा झण्डै सबै विद्यालयहरूमा एउटै खालको व्यवस्था पाइयो । विशेषगरी शैक्षिक उपलब्धी वा वार्षिक (निर्णयात्मक) परीक्षाका आधारमा विद्यालयमा प्रथम, द्वितीय र तृतीय हुनेहरू, प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुनेहरू र तहगत रूपमा प्रा.वि., नि.मा.वि. एवं मा.वि. प्रथम द्वितीय र तृतीय हुनेहरूलाई विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवसमा पुरस्कृत गर्ने गरेको पाइयो भने नियमित विद्यालय उपस्थित हुने, सरसफाइमा उत्कृष्ट हुने, अनुशासित हुने विद्यार्थीहरू मध्ये छात्र र छात्रा गरी प्रायः जसो १/१ जनालाई पुरस्कृत गर्ने र अतिरिक्त क्रियाकलापहरूमा उत्कृष्ट हुनेहरूका लागि पनि सोही दिनमा पुरस्कृत गर्ने गरिएको पाइयो । विशेष गरी दलितहरूका लागि मात्र छुट्टै पुरस्कारको व्यवस्था कहीँ रहेको पाइएन । तर श्री निर्मल जनसेवा उ.मा.वि. मा गरिब र जेहेन्दार दलित विद्यार्थीहरूको लागि विद्यालयले कापी, कलम र पोशाकको व्यवस्था गरेको पाइयो । दण्ड दिने कुरामा कही पनि शारीरिक रूपमा यातना दिने तथा कुटपिट गरिएको पाइएन । अटेरी र घमण्डी विद्यार्थीहरुका लागि उसको अभिभावक बोलाई जानकारी दिने गरेको पाइयो । ज्यादै अटेरी र बदमास विद्यार्थीलाई विद्यालयबाट कानुनी प्रक्रियाको दायरामा रही निष्कासित गर्न सकिने कुरा श्री जनसेवा सं. उ.मा.वि. का प्र.अ. श्री कुलबहादुर आर.सी.ले बताउनु भएको थियो ।

दण्डको सम्बन्धमा शिक्षकहरूको प्रतिक्रियाहरूलाई बुझ्दा पनि शारीरिक र मानसिक असर नपर्ने गरी दण्डको व्यवस्था गर्नुपर्ने र गरिने कुरा पाइयो । जसका लागि कक्षाकार्य र गृहकार्य नगर्नेहरूका लागि के-कति कारणले नगरेको हो सो वास्तविकता बुझि सो समस्यालाई निराकण गर्दै उत्साहित गर्नुपर्ने कुरा पाइयो ।

### ४.२.७ दलित विद्यार्थीहरूलाई विद्यालयमा ल्याउन गरिएका प्रयासहरु

नमुना छनोट अन्तर्गतका विद्यालयहरूले दलित विद्यार्थीहरूलाई विद्यालयमा ल्याउन के-कस्ता प्रयासहरू गरेका छन् त ? भनी गरिएको अन्तर्वार्तामा प्रधानाध्यापकहरूले दिएको प्रतिक्रिया निम्नानुसार पाइयो ।

(क) विद्यालयमा विद्यार्थी भर्नाका लागि घरदैलो कार्यक्रम गरिएको ।

(ख) बच्चा विद्यालय नपठाउने अभिभावकका लागि अभिभावक भेटघाट कार्यक्रम गरिएको ।

(ग) विद्यालयमा नयाँ भर्ना हुने दलित छात्रछात्राका लागि स्वागत कार्यक्रम गरिएको ।

(घ) दलित विद्यार्थीहरू र अभिभावहरूलाई विद्यालयमा आउने दलित छात्रवृत्ति एवं विद्यालयले गरिब र दलित विद्यार्थीहरूका लागि गर्न सक्ने व्यवस्था सम्बन्धी जानकारी दिइएको ।

(ङ) दलित गरिब विद्यार्थीका लागि विद्यालयले आर्थिक सहुलियतको रूपमा विद्यार्थीलाई कापी, कलम साथै विद्यालयको पोशाकको व्यवस्था गरि दिने गरेको ।

यसप्रकार दलित विद्यार्थीहरूलाई विद्यालयमा ल्याउन गरिएका प्रयासहरूमध्ये घरदैलो कार्यक्रम, दलित अभिभावक भेटघाट कार्यक्रम र दलित छात्रवृत्ति सम्बन्धी जानकारी सबै विद्यालयका प्रधानाध्यापकबाट दिने गरेको पाइयो भने दलित छात्रछात्राहरू जो नयाँ भर्ना भएका छन् तिनीहरूलाई स्वागत गर्ने कार्यक्रम श्री जनप्रिय नि.मा.वि. र श्री निर्मल जनसेवा उ.मा.वि.मा गरिएको पाइयो । त्यसैगरी श्री निर्मल जनसेवा उ.मा.वि.मा दलित गरिब विद्यार्थीलाई विद्यालयले कापी, कलम र विद्यालय पोशाकको व्यवस्था गरेका पाइयो, जसलाई सकारात्मक पहल तथा प्रयास मान्न सकिन्छ ।

### ४.२.८ दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धी (नतिजा/स्थान) सम्बन्धी प्रतिक्रिया

दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धी अवस्था अन्तर्गत कक्षामा स्थान के-कस्तो छ भनी जानकारी लिइएको थियो । जसका लागि शैक्षिक सत्र २०६८ को कक्षाको क्रमलाई आधार मानिएको थियो । जसबाट प्राप्त जानकारी अनुसार श्री जनप्रिय नि.मा.वि.मा कक्षा ७ मा पढ्ने दलीत छात्रा कक्षामा तृतीय रहेको पाइयो जहाँ विद्यार्थी संख्या जम्मा १० जना रहेको र सोही विद्यालयमा कक्षा ८ मा १ जना छात्र तृतीय स्थानमा रहेको पाइयो जहाँ जम्मा ११ जना कुल विद्यार्थी रहेको पाइयो । त्यसैगरी श्री जनसेवा सं.उ.मा.वि. मा कक्षा ८ मा जम्मा ६९ जना विद्यार्थी मध्ये एक दलित छात्रको स्थान चौथो पाइयो । अन्य विद्यालयहरूमा विद्यार्थीहरूको नतिजालाई अध्ययन गर्दा कहीँ पनि दलित विद्यार्थीहरूको कक्षामा क्रम प्रथम द्वितीय नरहेको र मात्र श्री जनप्रिय नि.मा.वि. मा १ दलित छात्र र एक दलित छात्राको क्रम तृतीय रहेको पाइयो भने श्री जनसेवा सं.उ.मा.वि. मा १ जना मात्र दलित छात्र चौथो स्थानमा रहको पाइनुले तुलनात्मक रूपमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धी अवस्था तथा नतिजालाई राम्रो मान्न सकिदैन र समग्रमा शिक्षकहरूको प्रतिक्रिया पनि दलित विद्यार्थीहरूको शैक्षिक

उपलब्धी अवस्था सन्तोषजनक नरहेको पाइएको थियो । जसको कारण विद्यार्थीहरूको कक्षामा स्थान राम्रो हुन नसक्नु पनि मान्न सकिन्छ ।

### ४.२.९ दलित विद्यार्थीहरूका लागि अध्ययनमा दिइने समय विवरण

अध्ययन क्षेत्र अन्तर्गतका १८ जना विद्यार्थीहरूका १८ जना अभिभावकहरूलाई आफ्नो बच्चालाई पढ्न दिने समय र बच्चाले पढाइमा बिताउने समय सम्बन्धमा सोधिएको थियो । जसबाट प्राप्त विवरण यस्तो रह्यो ।

तालिका ४.६

दलित विद्यार्थीहरूलाई अध्ययनमा दिइने समय विवरण

| अध्ययनमा दिने समय (प्रति दिनमा) | अभिभावक संख्या | अध्ययनमा दिने समय (प्रति दिनमा) | अभिभावक संख्या |
|---|---|---|---|
| १ देखि २ घन्टा | ८ | साढे दुई देखि ३ घन्टा | २ |
| २ देखि साढे दुई घन्टा | ७ | ३ घन्टा भन्दा बढी | १ |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६८

प्रस्तुत तालिका अनुसार आफ्ना बच्चालाई अध्ययनमा १ देखि २ घन्टासम्म समय उपलब्ध गराउने अभिभावक संख्या ८ रहेको पाइयो । २ देखि साढे दुई घन्टासम्म समय उपलब्ध गराउने अभिभावक संख्या ७ पाइयो भने साढे दुई देखि ३ घन्टासम्म समय उपलब्ध गराउने अभिभावक २ जना रहेको पाइयो । मात्र १ अभिभावकले ३ घन्टा भन्दा बढी समय आफ्नो बच्चालाई दिन सक्ने पाइयो । यसरी हेर्दा मात्र १-२ घन्टा समय आफ्नो बच्चालाई अध्ययनमा दिने अभिभावक सबैभन्दा धेरै पाइयो भने ३ घन्टा भन्दा धेरै समय आफ्नो बच्चालाई दिने अभिभावक १ जना मात्र पाइयो । जसको कारण खोजी गर्दा धेरैजसो अभिभावकहरूको घरको आर्थिक अवस्था कमजोर भएको र आफू ज्यालादारी काममा हिँड्नु पर्ने कारण आफ्नो बच्चाले घरायसी काममा सहयोग गर्नुपर्ने बताएको र केही अभिभावकहरूले बच्चाले पढाइमा चासो नदेखाएकोले घरायसी कामधन्दामा लगाइएको भन्ने प्रतिक्रिया पाइयो ।

तालिका ४.७

विद्यार्थीले पढाइमा बिताउने समय विवरण

| विद्यार्थीले पढाइमा बिताउने समय | विद्यार्थी संख्या | विद्यार्थीले पढाइमा बिताउने समय | विद्यार्थी संख्या |
|---|---|---|---|
| आधा देखि १ घन्टा | ९ | २-३ घन्टा | १ |
| १ देखि २ घन्टा | ८ | ३ घन्टा भन्दा माथि | - |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६८

प्रस्तुत तालिका अनुसार आफ्नो बच्चाले पढाइमा बिताउने समय सम्बन्धमा जानकारी लिँदा आधा घण्टादेखि १ घण्टा सम्म समय घरमा पढाइमा बिताउने विद्यार्थी ९ जना रहेको, १ देखि २ घन्टासम्म घरमा अध्ययनमा समय बिताउने विद्यार्थी ८ र २-३ घन्टासम्म अध्ययनमा घरमा बिताउने विद्यार्थी १ जना रहेको र ३ घन्टा भन्दा माथि कुनै दलित बच्चाले अध्ययनमा समय नदिएको पाइयो । यसरी हेर्दा ९ जना विद्यार्थीहरूले आधा देखि एक घन्टाको समय मात्र अध्ययनमा बिताएको पाइयो । अन्य समय घरमा के गर्छन् ? भनी बुझ्दा प्रायः जसो धेरै विद्यार्थी छात्राहरूले घरायसी कामधन्दा जस्तै - घाँस काट्ने, पानी ल्याउने, खाना बनाउने, भाँडा धुने, लुगा धुने र विदाको दिनमा गाईवस्तु चराउने काममा सहयोग गर्ने गरेको र दलित छात्रहरूले पसलबाट घरमा आवश्यक सामान ल्याउने, घरमा घाँस काट्ने, कुखुरा थुन्ने एवम् कोहीले बाबुको पेशामा (लुगा सिलाउने, भाँडा बनाउने आदि) काममा सहयोग गर्ने र केही समय खेलमा बिताउने गरेको पाइयो ।

यसरी हेर्दा दलित अभिभावहरूले आफ्ना बच्चालाई पढ्न दिने समय अनुपातमा न्यून रहेको र त्यसमा पनि दलित बच्चाहरूले अध्ययनमा कम समय बिताउने गरेको पाइयो ।

त्यसैगरी दलित विद्यार्थीहरूका लागि घरमा पढ्ने समय कति मिल्छ ? र घरमा के-कति काममा सहयोग गर्नुपर्छ भनी छलफलका क्रममा सोधिएको थियो । जस अनुसार छलफलमा सहभागी विद्यार्थीहरू र उनीहरूलाई घरमा पढ्न मिल्ने समय सम्बन्धमा यस प्रकार प्रतिक्रिया पाइएको थियो ।

तालिका ४.८

समूह छलफलमा सहभागी दलित विद्यार्थी विवरण

| विद्यालयको नाम | सहभागी दलित विद्यार्थी संख्या | | | विद्यालयको नाम | सहभागी दलित विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | | छात्र | छात्रा | जम्मा |
| जनसेवा सं.उ.मा.वि. | ६ | ६ | १२ | यज्ञेश्वर नि.मा.वि. | २ | २ | ४ |
| क्यामुने भन्ज्याङ मा.वि. | ५ | ५ | १० | जनप्रिय नि.मा.वि. | ४ | ४ | ८ |
| विनु मा.वि. | ५ | ४ | ९ | निर्मल जनसेवा उ.मा.वि. | ३ | ८ | ११ |
| | | | | जम्मा | २५ | २९ | ५४ |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

प्रस्तुत तालिकाको अध्ययन गर्दा समूह छलफलमा सहभागी ६ वटा विद्यालयका दलित विद्यार्थीहरु मध्ये २५ जना छात्र र २९ जना छात्र गरी जम्मा ५४ जना विद्यार्थी रहेको पाइयो । प्रति विद्यालयमा प्रति कक्षा ४ का दरले ६, ७ र ८ गरी जम्मा १२ जना विद्यार्थीहरु हुनुपर्नेमा मात्र श्री जनसेवा उ.मा.वि. मा १२ भन्दा धेरै दलित विद्यार्थी संखया रहेकोले मात्र १२ दलित विद्यार्थी छनौट गरियो भने अन्य विद्यालयमा, न्यून दलित विद्यार्थी संख्या रहेकोले सबै दलित विद्यार्थीहरुलाई छनौट गरी छलफलमा सहभागी गराइएको थियो । श्री क्यामुने भञ्ज्याङ्ग मा.वि.मा १० जना , श्री विनु मा.वि.मा ९

जना, श्री यज्ञेश्वर नि.मा.वि.मा ४ जना, श्री जनप्रिय नि.मा.वि.मा ८ जना र श्री निर्मल जनसेवा उ.मा.वि.मा ११ जना गरी जम्मा ५४ जना दलित विद्यार्थीहरु समूह छलफलमा सहभागी थिए । समूह छलफल विद्यालयगत रुपमा छुट्टाछुट्टै गरिएको थियो ।

यसरी हेर्दा सबै भन्दा बढि दलित विद्यार्थी संख्या श्री जनसेवा सं.उ.मा.वि. मा रहेको पाइयो भने सबै भन्दा कम दलित विद्यार्थीसंख्या श्री यज्ञेश्वर नि.मा.वि. मा पाइयो । समूह छलफलमा उपस्थित विद्यार्थी संख्यालाई हेर्दा दलित छात्र भन्दा दलित छात्राको उपस्थिति बढि रहेको पाइयो ।

तालिका ४.९

समूह छलफलमा सहभागी दलित विद्यार्थीहरुलाई घरमा अध्ययनमा मिल्ने समय विवरण

| अध्ययनमा मिल्ने समय (दैनिकी) | विद्यार्थी संख्या | | | औसत प्रतिशत विद्यार्थी |
|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | |
| आधा घन्टा देखि १ घन्टा | २ | ४ | ६ | ११ |
| १ देखि २ घन्टा | १३ | १७ | ३० | ५५ |
| २ देखि साढे दुई घन्टा | ५ | ५ | १० | १९ |
| साढे दुई घन्टा देखि ३ घन्टा | ३ | २ | ५ | १० |
| ३ घन्टा भन्दा माथि | २ | १ | ३ | ५ |
| जम्मा | २५ | २९ | ५४ | १०० |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

माथिको तालिका अनुसार लक्षित समूह छलफलमा सहभागी विद्यार्थीहरू मध्ये सबै विद्यालयहरूका गरी जम्मा ५४ जना दलित विद्यार्थीहरू मध्ये २५ जना छात्र र २९ जना छात्राहरुलाई छलफलमा सहभागी गराई घरमा पढ्ने समयको बारेमा सोधी छलफल चलाइएको थियो । जसमा आधा घन्टा देखि १ घन्टासम्म घरमा अध्ययन गर्ने समय मिल्ने दलित विद्यार्थीहरूमध्ये २ जना, छात्र र ४ जना छात्रा गरी जम्मा ६ जना थिए जुन कुल दलीत मध्ये ११ प्रतिशत विद्यार्थी संख्या रहेको पाइयो । यसैगरी १-२ घन्टासम्म अध्ययनमा समय मिल्ने छात्र १३ र छात्रा १७ गरी जम्मा ३० जना (५५%) पाइयो भने १९% अथवा ५ छात्र र ५ छात्रा गरी जम्मा १० जनालाई २ देखि साढे दुई घन्टाको समय अध्ययनमा मिल्ने गरेको पाइयो । साढे दुई घन्टा देखि तीन घण्टासम्म छात्र ३ र छात्रा २ जना गरी जम्मा ५ जना (१०%) लाई घरमा अध्ययनमा समय मिल्ने गरेको पाइयो । त्यस्तै २ जना छात्र र १ जना छात्रा गरी ३ जना (५%) दलित विद्यार्थीलाई मात्र ३ घन्टा भन्दा बढी समय घरमा अध्ययनमा मिल्ने गरेको पाइयो ।

यसरी हेर्दा, सबैभन्दा बढी छात्र १३ र छात्रा १७ जना गरी जम्मा ३० जना (५५%) दलित विद्यार्थीहरूलाई दैनिक रूपमा घरमा १ घन्टा देखि २ घन्टाको समय अध्ययनमा मिल्ने गरेको पाइयो भने

सबैभन्दा कम २ छात्र र १ छात्रा गरी जम्मा ३ जना (५%) मात्र दलित विद्यार्थीहरूलाई ३ घन्टा भन्दा बढी समय अध्ययनमा मिल्ने गरेको पाइयो । जसलाई विश्लेषण गर्दा औसत रूपमा दलित बालबालिकाहरूलाई घरमा अध्ययनमा दिइने समय न्यून रहेको पाइयो जसको कारण खोजी गर्दा दलित बालबाकिलहरूले घरमा काममा सहयोग गर्नुपर्ने, खेतीपातीको समयमा खेतबारीमा काम गर्नुपर्ने, घरमा खाना पकाउनु पर्ने, घाँस काट्नु पर्ने, गाइ बाखा चराउनु पर्ने, भाइबहिनीको रेखदेख गर्नुपर्ने, लुगा धुनु पर्ने, बजार गर्नुपर्ने, बाबुआमाको पेशामा सहयोग गर्नुपर्ने लगायतका प्रतिक्रियाहरू दिएका थिए । यसरी घरमा पढ्ने समय न्यून रहनुले स्वभाविक रूपमा उनीहरूको शैक्षिक उपलब्धी स्तर न्युन हुने कुरामा मतऐक्यता रहन्छ ।

### ४.२.१०. घरको आम्दानीको स्रोत एवं बाबु/बाजेको पेशा सम्बन्धी विवरण

नमुना छनोटमा परको १८ अभिभावकहरूलाई उनीहरूको घरको आम्दानीको स्रोत र बाबु/बाजेको पेसा सम्बन्धमा सोधपुछ गरी प्रतिक्रिया संकलन गरिएको थियो । उहाँहरूको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका ४.१०

दलित अभिभावकको आम्दानीको स्रोत विवरण

| स्रोत (मुख्य) | संख्या (प्रतिशत) | स्रोत (मुख्य) | संख्या (प्रतिशत) |
|---|---|---|---|
| मिस्त्री (ज्यालादारी) | ६ (३३) | कृषि (तरकारी+खेतीपाती) | २ (११) |
| वैदेशिक रोजगार | ३ (१७) | जागिर | १ (६) |
| पशुपालन (कुखुरा/बंगुर/बाखा) | ३ (१७) | भू.पू. सैनिक | १ (६) |
| व्यापारी | २ (११) | अन्य (लुगा सिलाउने/भाँडा बनाउने | २ (११) |

*स्रोत:* स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

दलित अभिभावकको मुख्य आम्दानीको स्रोत सम्बन्धमा प्रतिक्रिया लिँदा मिस्त्री (काठको काम गर्ने, घरको गारो लगाउने, एवं श्रमिक) गरी आमदानी गर्ने ६ (३३%) जना, वैदेशिक रोजगारबाट आम्दानी गर्ने ३(१७%) जना, पशुपालन गरी आम्दानी गर्ने ३ (१७%) जना, व्यापारबाट आम्दानी गर्ने २( ११%) जना, कृषिबाट आम्दानी गर्ने २ (११%) जना, जागिरबाट आम्दानी गर्ने १ (६%) जना, भु.पु. सैनिक १ (६%) जना, र अन्य (लुगा सिलउने र भाडा बनाउने) बाट आम्दानी गर्ने २ (११%) जना रहेको पाइयो ।

यसरी हेर्दा सबैभन्दा बढी मिस्त्री (ज्यालादारी) ६ जना (३३%) रहेको पाइयो । जसले सिकर्मी, डकर्मी एवं श्रमिकको रूपमा काम गरी घरमा आम्दानी गरेको पाइयो भने सबै भन्दा कम जागिर गर्ने १ जना (६%) र भू.पू. सैनिक १ जना (६%) रहेको पाइयो ।

दलित अभिभावकहरूका बाबु बाजेहरूको पेसा सम्बन्धी प्रतिक्रिया संकलन गर्दा निम्न अनुसार पाइयो ।

तालिका ४.११

दलित अभिभावकका बाबु/बाजेको पेसा विवरण

| पेसा | संख्या (प्रतिशत) | पेसा | संख्या (प्रतिशत) |
|---|---|---|---|
| कृषि सहित पशुपालन | २ (११) | छालाको काम गर्ने | १ (६) |
| सूचिकार (लुगा सिलाउने) | ३ (१७) | भाँडा बनाउने (आरन राख्ने) | ३ (१७) |
| मिस्त्री (डकर्मी, सिकर्मी, श्रमिक) | ७ (३९) | व्यापार | २ (११) |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

दलित अभिभावकका बाबु/बाजेको पेसा सम्बन्धमा अध्ययन गर्दा कृषि र पशुपालन गरेका २ जना (११%), लुगा सिलाउने ३ जना (१७%), मिस्त्री गर्ने ७ जना (३९%), छालाको काम गर्ने १ जना (६%), भाँडा बनाउने ३ जना (१७%) र व्यापार गर्ने २ जना (११%) रहेको पाइयो । यसरी हेर्दा सबैभन्दा बढी ३९% को पेसा मिस्त्री रहेको र सबैभन्दा कम छालाको काम गर्ने ६% रहेको पाइयो । कुनै पनि अभिभावकका बाबु बाजेले नोकरी नगरेको र सबै पुरानै परम्परा अनुसार कोही विष्ट मान्ने, कोही हली काम (मजुरी लगाएर) गर्ने गरेको पाइयो । पेसाकै प्रभावले पनि दलित अभिभावकहरूको शैक्षिक चेतनाको अभाव देखिन्छ ।

### ४.२.११ अभिभावकको शैक्षिक अवस्था विवरण

अध्ययन क्षेत्र अन्तर्गत नमुना छनोटमा परेका ६ वटा विद्यालयका नि.मा.वि. तहमा अध्ययनरत दलित बालबालिकाहरूका अभिभावकहरू मध्ये प्रति विद्यालय ३ का दरले जम्मा १८ जना अभिभावकलाई नमुनाको रूपमा लिई शैक्षिक अवस्था अध्ययन गरिएको थियो । जसबाट प्राप्त परिणाम यस प्रकार रह्यो ।

तालिका ४.१२
दलित अभिभावकहरूको शैक्षिक अवस्था विवरण

| शैक्षिक स्तर | संख्या (प्रतिशत) | शैक्षिक स्तर | संख्या (प्रतिशत) |
|---|---|---|---|
| निरक्षर | ५ (२८) | नि.मा.वि.तह उत्तीर्ण | १ (६) |
| सामान्य लेखपढ | ९ (५०) | मा.वि.तह (एस.एल.सी. वा सो भन्दा माथि) | - |
| प्रा.वि. तह उत्तीर्ण | ३ (१७) | एस.एल.सी. वा सो भन्दा माथि | |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९

माथिको तालिका अनुसार दलित अभिभावकहरूको शैक्षिक अवस्थालाई अध्ययन गर्दा नमुना छनोटमा लिएका १८ जना अभिभावक मध्ये ५ जना (२८%) अभिभावक निरक्षर छन् । जो लेखपढ गर्न जान्दैनन् । दलित अभिभावकमध्ये ९ जना (५०%) सामान्य लेखपढ गर्न सक्ने मात्र छन् भने ३ जना (१७%) अभिभावकले ५ कक्षा सम्म पास गरेको पाइयो । १ जना (६%) मात्र अभिभावक कक्षा ८ सम्म वा नि.मा.वि. तह उत्तीर्ण गरेको पाइयो भने मा.वि. तहसम्म उत्तीर्ण गर्ने अभिभावक कोही पनि नरहेको पाइयो ।

यसरी हेर्दा दलित अभिभावकहरूको शैक्षिक अवस्था साह्रै न्यून रहेको मान्न सकिन्छ । जसका कारण उनीहरूले आफ्ना बच्चालाई घरमा सिकाइ गर्न नसक्ने अवस्था रहेको पाइयो भने दलित बालबालिकाको शैक्षिक उपलब्धी स्तरलाई दलित अभिभावकको शैक्षिक अवस्थाले पनि प्रभाव पारेको देखियो ।

### ४.२.१२ दलित अभिभावकको विद्यालय उपस्थिति विवरण

दलित अभिभावकको विद्यालय र आफ्नो बच्चाको शिक्षाप्रतिको चासो बुझ्ने अभिप्रायका साथ विद्यालयमा उपस्थितिको अवस्था के कस्तो छ ? भनी बुझिएको थियो जसबाट छनोटमा रहेका जम्मा १८ जना दलित अभिभावकहरूको विद्यालय उपस्थिति निम्न अनुसार पाइयो ।

तालिका ४.१३

दलित अभिभावकको विद्यालयमा उपस्थिति विवरण (शै.स.२०६८)

| उपस्थिति (वार्षिक रूपमा) | अभिभावक संख्या (प्रतिशत) | उपस्थिति (वार्षिक रूपमा) | अभिभावक संख्या (प्रतिशत) |
|---|---|---|---|
| १ पटक | ३ जना (१७) | ४ पटक | २ जना (११) |
| २ पटक | ७ जना (३९) | ५ पटक | १ जना (६) |
| ३ पटक | ४ जना (२२) | ५ भन्दा माथि | १ जना (६) |

*स्रोतः* स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

माथिको तालिका अनुसार दलित अभिभावकहरू मध्ये वार्षिक रूपमा विद्यालयमा हुने उपस्थिति अध्ययन गर्दा ३ जना (१७%) अभिभावक वर्षभरिमा विद्यालयमा १ पटक मात्र गएको पाइयो । ७ जना (३९%) अभिभावक वार्षिक रूपमा २ पटक मात्र विद्यालयमा गएको पाइयो । त्यसैगरी वर्षभरिमा ३ पटक सम्म विद्यालय गएको दलित अभिभावक ४ जना (२२%), ४ पटकसम्म विद्यालय गएको २ जना (११%), वर्षभरिमा ५ पटक सम्म विद्यालय गएको अभिभावक १ जना (६ %) र ५ पटक भन्दा बढी वार्षिक रूपमा विद्यालयमा गएको दलित अभिभावक १ जना (६%) र ५ पटक भन्दा बढी वार्षिक रूपमा

विद्यालयमा गएको दलित अभिभावक १ जना (६%) मात्र पाइयो । यसरी माथिको तालिका अनुसार विश्लेषण गर्दा दलित अभिभावकको विद्यालय उपस्थिति औसतमा साह्रै न्यून देखियो । जसका कारण दलित अभिभावकले आफ्नो बच्चाको शिक्षाप्रति चासो साह्रै कम देखाएको पाइन्छ । विद्यालयमा न्यून उपस्थिति हुने ३ जना अभिभावकलाई विद्यालय १ पटक कुन बेला जानु भएको थियो र किन ? भनी प्रश्न गर्दा आफ्नो बच्चाको छात्रवृत्ति लिनको लागि मात्र गएको भन्ने प्रतिक्रिया पाइयो भने २ पटक मात्र विद्यालयमा गएका अभिभावकको प्रतिक्रिया बुझ्दा बच्चाको छात्रवृत्ति लिन र अभिभावक दिवसको दिन मात्र विद्यालय गएको अवस्था पाइयो । त्यसैगरी ५ पटक भन्दा माथि विद्यालयमा जानु भएका अभिभावकको बारेमा बुझ्दा उहाँ श्री जनसेवा सं.उ.मा.वि.को विद्यालय व्यवस्थापन समितिको सदस्य हुनु भएकोले बारम्बार मिटिङ्गमा जानु पर्ने बताउनु भयो ।

दलित अभिभावकहरूलाई विद्यालयमा के कति खोजी गरिन्छ ? भनी प्रतिक्रिया लिइएको थियो । जसमा धेरैको प्रतिक्रिया अनुसार विद्यालयमा विद्यार्थी भर्नाको समयमा, छात्रवृत्ति वितरण गर्दा, अभिभावक दिवस, विद्यालय व्यवस्थापन समितिको गठन गर्दा अनिवार्य रूपमा अभिभवाकहरूलाई सबै विद्यालयहरुले पत्राचार गरिएको पाइयो भने समय समयमा विद्यार्थीहरू मार्फत विद्यालयमा बच्चाको शैक्षिक अवस्था बुझ्न भनी विशेषगरी प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक र वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्ने दिनहरूमा विद्यालयमा बोलाइने गरेको पाइयो । यी सबै कार्यक्रमहरूमा बाहेक विद्यालयका गोष्ठी एवं अन्य छलफलमा प्रतिनिधित्वको हिसाबले १-२ दलित अभिभावक मात्र खोजिने गरेको पाइयो ।

यसरी विद्यालयले पटक पटक विद्यालयमा खोजी गर्दा अभिभावकहरूको न्यून उपस्थिति हुनुको कारण खोजी गर्दा न्यून आर्थिक अवस्थाले गर्दा घरायसी कामधन्दा र ज्याला मजदुरी गर्नुपर्ने कारण विद्यालय जान फुर्सद नहुने भन्ने अभिभावकहरू औसतमा धेरै पाइयो । केही व्यापरमा व्यस्त हुने र केहीले आफैँले चासो नदिएको पाइयो ।

माथि उल्लेखित प्रतिक्रिया बाहेक अन्य प्रतिक्रियाहरू समेत अन्तर्वार्ता निर्देशिका र छलफल निर्देशिकाबाट प्राप्त गरिएको थियो । कक्षा शिक्षकहरूलाई विद्यार्थीहरूको कमी कमजोरीबारे अभिभावकलाई जानकारी दिए नदिएको बारे सोधिएको थियो । जसमा सबै कक्षा शिक्षकहरूले आफ्ना विद्यार्थीहरूका कमी कमजोरीहरू अभिभावक समक्ष जानकारी गराएको प्रतिक्रिया दिनु भएको थियो भने अभिावकहरूले आफ्नो बच्चाको कमजोरीबारे सुधार गर्न आवश्यक परामर्श र छलफलको लागि उत्साहित नभएको र सबै आफ्ना बच्चाहरूको जिम्मेवारी विद्यालय र शिक्षकले लिनु पर्ने जस्ता प्रतिक्रिया दिएको पाइयो ।

विद्यार्थीको शैक्षिक उपलब्धी अवस्था वृद्धि गर्न शिक्षकहरूको भूमिका महत्त्वपूर्ण रहेको तर शिक्षक सिकाइ क्रियाकलापमा त्रिपक्षीय (शिक्षक, विद्यार्थी र अभिभावक) सहयोग र चासो हुनुपर्ने अन्यथा सम्भव नहुने समग्र शिक्षकहरूको प्रतिक्रिया पाइयो ।

दलित विद्यार्थीसँग शैक्षिक सामाग्रीको उपलब्धता सम्बन्धी छलफल गर्दा श्री जनसेवा उ.मा.वि. का २ जना र श्री जनप्रिय नि.मा.वि. मा २ जना गरी जम्मा ४ जना दलित विद्यार्थीहरूलाई घरबाट आवश्यकता अनुसारको शैक्षिक सामग्री उपलब्ध भएको पाइयो भने अन्य सबै विद्यार्थीहरूले आफूहरूलाई शैक्षिक सामग्री आवश्यकता अनुसार उपलब्ध हुन नसकेको प्रतिक्रिया दिए । जसको कारण खोजी गर्दा घरायसी आर्थिक अवस्था न्यून रहेकोले भन्ने विद्यार्थीहरू समग्रमा बढी भेटिए भने केही अभिभावकहरूले आफूहरू सक्षम भएपनि बच्चाको पढाइमा चासो नदेखाएको भन्ने पाइयो ।

घरमा शिक्षित र अशिक्षित अभिभावक हुँदा के फरक पर्छ ? भनी दलित विद्यार्थीसँग प्रतिक्रिया बुझ्न छलफल चलाइएको थियो । समग्र ६ वटै विद्यालयका दलित विद्यार्थीहरूको समग्र प्रतिक्रियालाई विश्लेषण गर्दा घरमा अभिभावक अशिक्षित हुँदा विद्यार्थीले आफूले नजानेको विषयवस्तु सोधपुछ गर्न नपाइने, शैक्षिक परामर्श लिन नपाइने, पर्याप्त शैक्षिक सामग्रीको उपलब्धतामा समस्या पर्ने, घरमा पढाइको वातावरण असहज हुने आदि प्रतिक्रिया पाइयो, जहाँ शिक्षित अभिभावक छ भने यी सबै समस्या अभिभावक स्वयंले निराकरण गरिदिने पाइयो ।

समुदायमा पढे लेखेका व्यक्तिहरू न्यून रहनु र समाजमा शैक्षिक संगत नहुनुले पनि विद्यार्थीहरूको शैक्षिक अवस्था प्रभावित भएको पाइयो ।

### ४.३ कक्षा अवलोकनबाट प्राप्त विवरणको विश्लेषण

नमुना छनोट अन्तर्गतका ६ वटा विद्यालयहरूमा नि.मा.वि. तहमा त्यहाँको कक्षाकोठाको वातावरण, शिक्षण क्रियाकलाप, सिकाइ सक्रियता, मूल्याङ्कन परिपाटी एवं गृहकार्य आदिको बारेमा जानकारी प्राप्त गर्न सबै विद्यालय अन्तर्गतका नि.मा.वि. तहका कक्षाहरूको अवलोकन गरिएको थियो ( कक्षा अवलोकन फारम अनुसूची-५ मा हेर्नुहोस्) । प्रत्येक विद्यालयमा नि.मा.वि. तहका ६, ७ र ८ गरी ३ का दरले जम्मा ५ वटा विद्यालयमा १८ वटा कक्षाहरू अवलोकन गरी कक्षा अवलोकन फारमको प्रयोगबाट विवरण उतार गरिएको थियो । जसबाट प्राप्त जानकारी यस प्रकार रह्यो ।

#### ४.३.१ कक्षाकोठाको व्यवस्थापन

कक्षा अवलोकनका क्रममा प्रथमतः ६ वटै विद्यालयका नि.मा.वि. तहका १८ वटै कक्षाहरूमा ती कक्षाकोठाहरूको व्यवस्थापन के कस्तो रहेको छ भनी अवलोकन गरिएको थियो । कक्षाकोठाको व्यवस्थापन अन्तर्गत सरसफाई, सजावट, आकार, प्रकाश, फर्निचर (डेस्क, बेन्च, टेबल, कालोपाटी, कुर्ची) र बसाइको अवस्थामा केन्द्रित रहिएको थियो । सबै विद्यालयबाट प्राप्त कक्षाकोठा व्यवस्थापनको अवस्थालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका ४.१२

कक्षाकोठाका व्यवस्थापन विवरण

| कक्षाकोठाको व्यवस्थापन | कक्षाकोठा संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा | |
| सरसफाई | ३ | ५ | ८ | २ | १८ | श्री जनसेवा सं. उ.मा.वि. अति उत्तम/श्री विनु मा.वि. निम्न |
| सजावट | - | - | ६ | -१२ | १८ | |
| आकार | - | १० | ५ | ३ | १८ | |
| प्रकाश | ६ | ९ | २ | १ | १८ | श्री जनप्रिय र श्री जनसेवा अतिउत्तम |
| फर्निचर | - | १३ | ३ | २ | १८ | |
| बसाइको अवस्था | - | १२ | ४ | २ | १८ | |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

माथिको तालिका अनुसार अति उत्तम सरसफाइ भएका ३ वटा कोठाहरू पाइयो । जुन कोठाहरू श्री जनसेवा संस्कृत उ.मा.वि.मा रहेको पाइयो । पक्की नयाँ भवन भएको र नियमित सफाइ गर्ने एवं कक्षामा फोहोर राख्ने वाकसको व्यवस्था भएको कारण पनि सरसफाइ अति राम्रो रहेको पाइयो भने अन्य ५ वा कोठाको सरसफाई उत्तम रहेको र  ८ वटा कोठाको सफाई खासै राम्रो नभएको पाइयो । त्यसैगरी २ वटा कोठाहरू अलि बढी फोहोर रहेको पाइयो । फोहोर कोठा श्री विनु मा.वि.का कक्षा ६ र ७ रहेका थिए । झ्यालढोका जीर्ण रहेका र छाना चुहिने एवं लिपपोत र सरसफाई नभएका यी कोठाहरू भत्काउनु पर्ने अवस्थामा पाइयो ।

कक्षाकोठाको सजावट समग्रमा अवलोकन गर्दा कुनै पनि कोठाहरूको  सजावटसँग गरिएको पाइएन । डेस्क बेन्च र कालोपाटीले मात्र  भरिएका कोठाहरूका भित्ताहरूमा केही सामग्रीहरू टाँस नगरिएको पाइयो श्री जनप्रिय नि.मा.वि.मा ३ वटा कोठामा विद्यार्थीहरूले बनाएका चित्रहरूको टाँस गरिएको एवं केही लेख रचनाहरू टाँस गरिएको पाइयो भने श्री जनसेवाको कक्षा ८ मा केही गणितका सूत्रहरू र केही चार्टहरू टाँस गरिएको थियो । श्री यज्ञेश्वर नि.मा.वि.वि.मा २ वटा कक्षाहरूमा सामान्य रूपमा लेख रचना र चित्रहरू टाँस गर्नु बाहेक अन्य विद्यालयका कक्षाकोठाहरू सजावट थिएनन् ।

कक्षाकोठाको आकारलाई हेर्दा सबै विद्यालयमा गरी १८ कोठा मध्ये १० कोठाहरूको आकार राम्रो रहेको र विद्यार्थी संख्या र डेस्क बेन्चको साइज अनुसार उपयुक्त लाग्यो । ५ वटा कोठाहरू मध्यम साइजका थिए जहाँ दुःख सुख विद्यार्थीहरूलाई बस्न मिलेको र बीचबाट शिक्षक एवं विद्यार्थी हिँड्न मिल्ने

अवस्था थियो । तर ३ वटा कक्षाहरू निकै साँघुरा थिए । श्री  निर्मल जनसेवा उ.मा.वि. मा रहेका ती कोठाहरुमा दुवै साइडका डेस्क बेन्च जोडिएका र विद्यार्थीहरू डेस्क बेन्चमा टेकेर हिँड्नु पर्ने अवस्था रहेको र अगाडि पनि साँगुरो भएको पाइयो जसले अध्ययन अध्यापनमा कठिनाइ ल्याएको देखियो ।

प्रकाशको सन्दर्भमा श्री जनसेवा सं.उ.मा.वि. मा ३ वटा कोठा र श्री क्यामुने भन्ज्याङ मा.वि.का ३ वटा कोठामा प्रकाश अति राम्रो पाइयो भने अन्य विद्यालयमध्ये श्री जनप्रिय नि.मा.वि.को ३, श्री यज्ञेश्वर नि.मा.वि.को ३, विनु मा.वि.मा १ र श्री निर्मल जनसेवा उ.मा.वि.को २ गरी ९ वटा कोठाहरूमा पनि प्रकाश राम्रो पाइयो । तर श्री निर्मल जनसेवा उ.मा.वि.मा १ र श्री विनु मा.वि. १ गरी दुई वटा कोठामा प्रकाशको अवस्था न्यून रहेको (कोठामा उज्यालो कम) पाइयो भने श्री विनु मा.वि.को १ कोठामा पर्खाल भत्किएकाले प्रकाश सिधै भित्र जानाले बढी उज्यालो भएको पाइयो । जहाँ पनि प्रकाशको व्यवस्था ठीक नभएको पाइयो ।

कक्षाकोठा अवलोकनका क्रममा फर्निचरको अवलोकन गर्दा श्री विनु मा.वि. र श्री निर्मल जनसेवा उ.मा.वि.का कक्षाहरूमा कक्षामा डेस्क बेन्च थप गर्नुपर्ने अवस्था रहेको तर कक्षाकोठाको आकार साँघुरो भएका कारण थप गर्न नमिल्ने अवस्था रहेकाले विद्यार्थीहरू एक आपसमा टाँसिएर बस्नु परको पाइयो भने अन्य विद्यालयहरूमा डेस्क बेन्चको अवस्था राम्रो नै पाइयो । कालोपाटी सबै विद्यालयका कोठामा पाइयो भने कुर्ची श्री यज्ञेश्वर नि.मा.वि., श्री जनप्रिय नि.मा.वि. र श्री जनसेवा सं. उ.मा.वि.का प्रत्येक कक्षामा १/१ कुर्चीहरू थिए भने अन्यत्र कुर्ची भएको पाइएन त्यसैगरी टेबल भने कहीँ पनि भेटिएन ।

बसाइको अवस्था अवलोकन गर्दा सबै विद्यालयहरूमा केटा र केटी अलग अलग बेन्चमा बस्ने गरेको र श्री निर्मल जनसेवामा विद्यार्थीहरूलाई बस्न साँघुरो भएकोले बसाइको अवस्था राम्रो पाइएन भने श्री विनु मा.वि.मा पनि कक्षाकोठा उपयुक्त नहुँदा बसाइको अवस्था राम्रो पाइएन । विद्यार्थीको बसाइको व्यवस्था राम्रो नहुनाले पनि सिकाइ उपलब्धीमा प्रभाव पारेको देखियो ।

### ४.३.२ कक्षाको सुरुवात

कक्षा अवलोकनका क्रममा शिक्षकले कक्षाको सुरुवात के कसरी गर्छ ? पाठयोजना छ वा छैन ? विद्यार्थीको पूर्वज्ञानको जानकारी लिन्छ / लिँदैन ? पाठ्यक्रममा आधारित उद्देश्य छ या छैन ? विषयवस्तु प्रवेश कसरी गर्छ ? विद्यार्थीलाई सिकाइमा उत्प्रेरणा कसरी जगाउँछ ? पढाइरहेको कक्षाको विषयवस्तु अघिल्लो कक्षाको विषयवस्तुसँगको सम्बन्ध छ छैन ? जस्ता कुराको जानकारी अवलोकन मार्फत प्राप्त गरिएको थियो । यसरी अवलोकन गर्दा नमुना छनोट अन्तर्गतका ६ वटा विद्यालयमा नि.मा.वि. तहका सबै कक्षामा गई अवलोकन गरिएको थियो । जसबाट कुनै पनि विद्यालयका शिक्षकहरूले पाठयोजना निर्माण गरेको पाइएन । प्रायः जसो शिक्षकहरूले कक्षाको सुरुवात गर्दा विद्यार्थीलाई किताब निकाल्न

लगाउने र पाठ निकाली सरासर विषयवस्तुमा प्रवेश गर्ने गरेको पाइयो । श्री जनसेवाका २ शिक्षक, श्री जनप्रियका २ शिक्षक, श्री निर्मल जनसेवाका १ गरी जम्मा ५ जना शिक्षकहरूले विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्न चुट्किला भनेको पाइयो भने श्री क्यामुने भन्ज्याङ मा.वि.का १ जना शिक्षकले विषयवस्तु प्रवेश अघि अघिल्लो दिनको कक्षाको विषयवस्तुबाट १-२ प्रश्न गरी त्यसको छलफल गर्दै सो दिनको विषयवस्तुमा प्रवेश गरेका पाइयो । विषयवस्तुप्रति विद्यार्थीको पूर्वज्ञान छ छैन भनी बुझ्न श्री जनसेवा सं.मा.वि.का १ शिक्षकले आफ्नो कक्षामा सो दिन अध्यापन गर्ने विषयवस्तु सम्बन्धी शीर्षक दिएर त्यसको धारणा सम्बन्धी विद्यार्थीसँग जानकारी लिने प्रयास गरेको पाइयो । पाठ्यक्रममा आधारित उद्देश्य भन्दा पनि पाठ्यपुस्तकमा अभ्यासमा दिएका क्रियाकलापमा आधारित रहेर शिक्षण गरेको अवस्था पाइयो । यसरी तुलनात्मक रूपमा हेर्दा निचोडमा शिक्षकको कक्षाको सुरुवात त्यति सन्तोषजनक देखिँदैन । विद्यार्थीहरूलाई विषयवस्तुप्रति उत्प्रेरित गराउन ध्यान नदिनु एवं पाठयोजना निर्माण नगर्नुले शिक्षण कार्यप्रति हेलचेक्राईं गरेका पाइयो र उपयुक्त निरीक्षण एवं तालिम दिनु पर्ने देखियो ।

### ४.३.३ शिक्षण क्रियाकलाप

कक्षा अवलोकनका क्रममा शिक्षण क्रियाकलाप सम्बन्धी शिक्षण सामग्रीको प्रयोगको अवस्था हेर्दा कुनै पनि कक्षामा दैनिक प्रयोगका सामग्री र पुस्तकमा रहेका तस्विरहरू बाहेक केही रहेको देखिएन । कालोपाटी, चक र डस्टरको प्रयोग गणित विषयमा बढी पाइयो भन्ने अन्यमा सामान्य थियो । शिक्षण विधि विद्यार्थी केन्द्रित भन्दा शिक्षक केन्द्रित बढी देखियो । केही शिक्षकहरूले अङ्ग्रेजी विषयमा प्रश्नोत्तर विधिको माध्यमबाट शिक्षण गरे पनि तुलनात्मक रूपमा हेर्दा शिक्षण विधि शिक्षक केन्द्रित नै थियो । झण्डै सबै विद्यालयका शिक्षकहरूले आफूले विद्यार्थीहरूले सोधेको प्रश्नहरूको जवाफ पटक पटक दिए पनि उसको कमजोर पक्षको जानकारी लिई पृष्ठपोषण दिएको अवस्था थिएन भने विषयवस्तुमा चासो राख्ने, छलफलमा सहभागी रहने एवं सोधेका प्रश्नको सही जवाफ दिनेलाई प्रोत्साहन स्वरूप धन्यवाद भनिएको कम पाइयो भने पुरस्कृत गरेको पाइँदै पाइएन । यसरी हेर्दा शिक्षक क्रियाकलापको अवस्था पनि पूर्ण सन्तोषजनक देखिँदैन । शिक्षकहरू दक्ष रहे पनि क्रियाकलाप दक्ष देखिँदैन । जसको प्रभाव विद्यार्थीहरूको सिकाइ उपलब्धीमा परेको पाइयो ।

### ४.३.४ सिकाइ सक्रियता

दलित र गैरदलित विद्यार्थी बिचमा सिकाइ सक्रियताको अवस्था कक्षा अवलोकनबाट पहिचान गर्ने क्रममा सबै विद्यालयमा गरी जम्मा दलित ७३ र गैरदलित ४२१ जो कक्षामा उपस्थित थिए उनीहरूको सिकाइमा निम्न अनुसार सक्रियता पाइयो ।

तालिका ४.१५

दलित र गैरदलित विद्यार्थीहरूको सिकाइ सक्रियता विवरण

| सिकाइ सक्रियता | संख्यामा | | औसत प्रतिशतमा | |
|---|---|---|---|---|
| | दलित (७३ मा) | गैरदलित (४२१ मा) | दलित | गैरदलित |
| १. कक्षामा ध्यान दिएर सुन्छ । | ८ | १९३ | ११ | ४६ |
| २. विषयगत सान्दर्भिक प्रश्न गर्छ । | ७ | १०५ | ९.५ | २५ |
| ३. शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ । | ८ | १४० | ११ | ३३ |
| ४.छलफलमा सहभागी हुन्छ । | ४८ | ३७६ | ६६ | ८९ |
| ५. शिक्षकले दिएको अर्ति पालना गर्छ । | ४३ | ३५४ | ५९ | ८४ |
| ६. कक्षाकार्य गर्छ । | ६८ | ४०३ | ९३ | ९६ |
| ७. गृहकार्य गर्छ । | १९ | २३९ | २६ | ५७ |
| ८. कक्षामा अनुशासितपूर्वक बस्छ । | ६१ | ३८४ | ८३.५ | ९१ |
| ९. अरु विद्यार्थीहरुसँग मिलेर कार्य गर्छ । | ५३ | ३४१ | ७३ | ८१ |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

कक्षा अवलोकनका क्रममा उपलब्ध दलित र गैरदलित विद्यार्थी संख्याका आधारमा संकलन गरिएको माथिको तालिका विवरण अनुसार जम्मा दलित विद्यार्थी संख्या ७३ जना र गैरदलित विद्यार्थी संख्या जममा ४२१ जना रहेको पाइयो । यसरी उपलब्ध विद्यार्थी संख्याका आधारमा दलित र गैरदलित विद्यार्थीहरूको सिकाइ सक्रियता अवलोकन गरिएको थियो । जस अनुसार प्राप्त समग्र निचोडमा विश्लेषण गर्दा कक्षामा ध्यान दिएर सुनेको दलित विद्यार्थी ११% मात्र पाइयो भने गैरदलित ४६% ले कक्षामा ध्यान दिएर सुनेको पाइयो । विषयसँग सान्दर्भिक प्रश्न गर्ने दलित विद्यार्थीहरू जम्मा ९.५% रहेको र गैरदलित विद्यार्थी २५% रहेको पाइयो । कक्षामा शिक्षकले सोधेको प्रश्नको उत्तर दिने दलित विद्यार्थी ११% रहेको पाइयो भने गैरदलित ३३% रहेको पाइयो ।

कक्षामा छलफलमा सहभागी हुने दलित विद्यार्थीहरू ६६% रहेका पाइयो भने गैरदलित ८९% ले छलफलमा सहभागी भएको पाइयो । ५९% दलित र ८४% गैरदलित विद्यार्थीहरूले कक्षामा शिक्षकको अर्ति पालना गरेको पाइयो । कक्षा कार्य गर्ने दलित विद्यार्थीहरू ९३% र गैरदलित ९६% रहे भने गृहकार्य गर्नेहरू मध्ये २६% दलित र ५७% गैरदलित विद्यार्थीहरू पाइयो । कक्षामा अनुशासितपूर्वक बस्ने दलित विद्यार्थीहरू ८३.५% र गैरदलित ९१% रहेको र अरु साथीहरूसँग मिलेर कार्य गर्ने मध्ये ७३% दलित र ८१% गैरदलित विद्यार्थीहरू पाइयो ।

यसरी हेर्दा कक्षाकार्य गर्ने दलित र गैरदलित विद्यार्थीहरू बढी रहेका थिए । कक्षाकार्य शिक्षककै निगरानी र प्रत्यक्ष उपस्थितिमै भएको र कक्षामा नै जाँच गरिने कारण पनि कक्षाकार्यमा धेरैको चासो

बढेको पाइयो तर गैरदलित भन्दा दलित विद्यार्थीहरूको कक्षा कार्य गर्ने संख्या औसतमा कम नै थियो । समग्रमा हेर्दा दलित विद्यार्थीहरू बढी जसो कक्षामा पछाडि बस्ने र कक्षामा पढाइमा ध्यान नदिने पाइयो । जसका कारण विषयवस्तुसँग सान्दर्भिक प्रश्न गर्ने कार्य कम पाइयो । समग्रमा दलित विद्यार्थीहरूको गैरदलित विद्याथीहरूका तुलनामा सिकाइमा सक्रियता न्यून रहेको पाइयो जसको कारण शैक्षिक उपलब्धीमा समेत प्रभाव पर्ने देखियो ।

### ४.३.५ पाठको अन्त्य

कक्षा अवलोकन क्रममा सबै विद्यालयका सबै शिक्षकहरूले विषयवस्तु जो आफूले अध्यापन गरेको हो सो को निचोड दिइएको पाइयो साथै विद्यार्थीले बुझे नबुझेको सोधपुछ गरिएको र नबुझेको विषयवस्तुलाई दोस्रो पटक पनि बताउने गरेको पाइयो । पाठको अन्त्य गर्ने शैली झण्डै सबैको उस्तै थियो ।

### ४.३.६ मूल्याङ्कन

मूल्याङ्कनका क्रममा भाषिक विषयहरूमा बीच बीचमा प्रश्न गर्ने शब्दार्थ सोध्ने, पाठ पढ्न लगाउने, शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने गरेको पाइयो भने गणित विषयमा भने शिक्षकले हिसाब गरेपछि सोही अनुसारको नमनुामा रहेर अर्को हिसाब विद्यार्थीलाई दिइएको पाइयो । बीचमा हिसाबमा लाग्ने सूत्रहरू सोधपुछ गर्ने गरिएको पाइयो । जस अनुसार मूल्याङ्कन परिपाटी राम्रै लाग्यो ।

### ४.३.७ गृहकार्य

गृहकार्य सबै शिक्षकहरूले दिने गरेका पाइयो । प्रायः जसो शिक्षकहरूले पुस्तकमा भएको अभ्यासका क्रियाकलाप गरी ल्याउन भनिएको पाइयो ।

## ४.४ दलित टोल अवलोकनबाट प्राप्त विवरण विश्लेषण

अध्ययनकर्ताले टोल अवलोकन फारमको उपयोग गर्दै पर्वत जिल्लाको हुवास गा.वि.स., सरौंखोला गा.वि.स. र त्रिवेणी गा.वि.स.मा रहेका ६ वटा दलित टोलको अवलोकन गरेको थियो (टोल अवलोकन फारम अनुसूची ६ मा हेर्नुहोस्) जसबाट प्राप्त विवरणहरूलाई यस प्रकार व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.४.१ घरधुरी संख्या

टोल अललोकनका क्रममा हुवास गा.वि.स.का २ वटा दलित टोल, सरौंखोला गा.वि.स.का २ वटा दलित टोल र त्रिवेणी गा.वि.स.का २ वटा दलित टोल गरी जम्मा ६ वटा दलित टोलमा जम्मा ५५ घरधुरी संख्या रहेको पाइयो । जसलाई तालिकामा निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका ४.१६

दलित टोल र घरधुरी संख्या विवरण

| टोलको नाम | ठेगाना | घरधुरी संख्या | कैफियत |
|---|---|---|---|
| धरम्पानी | हुवास-२, पर्वत | १६ | |
| कहुन्डाँडा | हुवास-५, पर्वत | ८ | |
| मेदिखोला | सरौंटवोला-२, पर्वत | ६ | |
| पंसमूल | सरौंखोला-३, पर्वत | १० | |
| निकर्गा | त्रिवेणी-२, पर्वत | ७ | |
| घुङ्सुङ्ग | त्रिवेणी-४, पर्वत | ८ | |
| टोल संख्या जम्मा ६ | जम्मा | ५५ | |

*स्रोत* : स्थलगत अध्ययन तथ्याङ्क, २०६९ ।

प्रस्तुत तालिका अनुसार अध्ययन गरिएका मध्ये सबैभन्दा बढी घरधुरी भएको दलित टोल हुवास गा.वि.स. वडा नं. २ मा रहेको धरम्पानी दलित टोल रहेको र जहाँ १६ घरधुरी रहेको पाइयो भने सबैभन्दा न्यून घरधुरी भएको सरौंखोला गा.वि.स. वडा नं. २ मा पर्ने मेदिखोला दलित टोल पाइयो । समग्रमा अवलोकन गरिएका ६ वटा दलित टोलमा जम्मा ५५ घरधुरी संख्या रहेको पाइयो

## ४.४.२ सरसफाई

टोल अवलोकन अन्तर्गत ६ वटै दलित टोलमा त्यहाँको सरसफाईको अवस्था अध्ययन गर्न अध्ययनकर्ताबाट स्थलगत भ्रमण गरिएको थियो । दलित टोलको सरसफाई के कस्तो छ भनी अवलोकन गर्ने क्रममा मुख्यतया टोल अन्तर्गतका बाटाघाटाको सरसफाई अवस्था, दलितका घर, आँगन, चोकको सरसफाई अवस्था एवं शौचालय आदिको अवलोकन गरिएको थियो । जस अन्तर्गत त्रिवेणी गा.वि.स. वडा नं. २ स्थित निकर्गा दलित (दर्जी) टोलको सरसफाई अवस्था राम्रो रहेको पाइयो । जम्मा ७ घरधुरी रहेको सो टोलमा वरपर तल माथि मगर समुदायको बाक्लो वस्ती रहेको र उनीहरूका घरहरू सफा रहेको कारण पनि त्यसको प्रभाव दलितमा परेका पाइयो । घरमा राम्रो लिपपोत गरिएको एवं घरहरूको सजावट गरिएको तथा घर वरपर सबैले सफा गर्ने गरेको पाइयो भने सबै घरमा शौचालयको व्यवस्था रहेको पाइयो । यसैगरी हुवास गा.वि.स. वडा नं. ५ कहुन्डाँडा (कामीडाँडा) को सरसफाई पनि राम्रो नै पाइयो । जहाँ जम्मा ८ घरधुरी रहेकोमा ३ वटा घरमा शौचालयको राम्रो व्यवस्था रहेको र ५ घरमा कच्ची शौचालय रहेको र ती शौचालय पनि व्यवस्थित रहेको पाइयो । सामान्य रूपमा हेर्दा घर आँगन र बाटोघाटोको अवस्था राम्रो थियो । तर दलित टोल अन्तर्गत सरौंखोला वडा नं. ३ मा रहेको पंसमूल दलित टोलको सरसफाई साह्रै प्रदुषित रहेको पाइयो । जहाँ कुनै पनि घरमा शौचालय नरहेको र टोलमा जानको लागी बाटोघाटाको व्यवस्था नरहेको एवं घरआँगन वरपर बच्चाको दिसापिसाब रहेको पाइयो ।

घरमा पुराना कपडाहरू भुन्डिएको र लिपपोत समेत नगरिएको सो वस्ती सरसफाइका दृष्टिले धेरै पछि रहेको पाइयो भने अन्य वस्तीहरूको सरसफाई अवस्था मध्यम स्तरको पाइयो । केही घरहरू व्यवस्थित रहे पनि समग्रमा हेर्दा तिनीहरूको सरसफाई मध्यम देखिन्छ ।

### ४.४.३ बोलीचाली

दलित टोल अवलोकनका क्रममा बोलीचाली सम्बन्धी के-कस्तो छ भनी अवलोकन गर्दा सरौंखोला-३ पंशमुलमा केही बच्चाहरूले आफूभन्दा ठूला दाजु र दिदी समेतलाई तँ भन्ने गरेका र बाबुआमालाई तिमी भन्ने गरेको पाइयो । जहाँ बोलीचालीको सभ्यताको विकास भएको पाइएन भने अन्य टोल अन्तर्गत त्रिवेणी ५ घुडसुङ्गमा केही दलित बच्चाहरूको बोलीचालीमा उदण्डता पाइयो । अन्य दलित टोलमा भने बोलीचाली ठीकै जस्तो देखियो ।

### ४.४.४ पेसा

दलित टोल अवलोकनका क्रममा त्यस टोलको पेसा सम्बन्धी अवलोकन गर्दा विशेषगरी जातीय रूपमा दमाई वस्ती भएको त्रिवेणी-२, निकर्गा र सरौंखोला-३ पशंमुलमा केही घरहरूमा लुगा सिलाउने गरेको पाइयो भने निकर्गा टोलमा छोरा मान्छेहरूमध्ये विदेशको नोकरी गर्ने ५, भारतीय सेनामा नोकरी गर्ने २, व्यापार गर्ने २ र सूचीकारको काम गर्ने २ रहेको पाइयो भने अन्य व्यक्तिहरूले घरायसी कामधन्दा कृषि पशुपालन आदि गर्ने गरेको पाइयो । तर २ जना भने ज्यालादारीमा काम गर्ने गरेका पाइयो । पंशमुल टोलमा मात्र २ जना विदेशको नोकरी गर्ने रहेछन् भने धेरै संख्यामा दैनिक ज्यालादारी डकर्मी, सिकर्मी एवं श्रमिकको रूपमा काम गर्ने र सबै घरमा विष्ट मान्ने र लुगा सिलाउने काम गरेको पाइयो । त्रिवेणी वडा नं. ५ घुङ्सुङ्ग टोलमा कामी जातिको वस्ती रहेको पाइयो । पेशागत हिसाबले त्यहाँ परम्परादेखि हतियार (हँसिया, वन्चरो, कोदाली आदि) बनाउने एवं अन्य भाँडाकुडा समेत बनाउने गरेको पाइयो, जसका लागि टोल नजिक छुट्टै आरन घर रहेको पाइयो । यस टोलमा पनि केही व्यक्तिहरू विदेशको रोजगारमा गएका रहेछन् भने घरमा बस्नेहरू दैनिक ज्यालादारी मिस्त्री एवं कृषि र पशुपालन गर्ने पाइयो । हुवास गा.वि.स.अन्तर्गत वडा नं. ५ कहुन्डाँडा (कामीटोल) मा पनि पुरानो पेसा भाँडाकुडा र हतियार बनाउने गरेको पाइयो । बालीघरको हिसाबले विष्ट मान्ने चलन कायमै रहेको पाइयो भने पेशागत हिसाबले २ घरको व्यापारी रहेको पाइयो भने धेरैमा मिस्त्री ज्यालादारी नै पाइयो । केहीँ वैदेशिक रोजगारमा जाने व्यक्ति पनि रहेको पाइयो । सामान्य खेती किसान सबैको रहेको र पशुपालन पनि गर्ने गरेको पाइयो । त्यसैगरी हुवास गा.वि.स.का वडा नं. २ मा रहेको धरम्पानी दलित टोलमा ३ जना भारतीय सेनामा रहेको बुझियो भने युवाहरू विदेशतिर जाने गरेको एवं धेरै जसो ४०-६० वर्ष उमेरका व्यक्तिहरू दैनिक ज्याला मजदुरी मिस्त्री रहेको पाइयो । २ व्यक्तिहरू भू.पू.सैनिक रहेको पाइयो भने सामान्य कृषि र पशुपालन सबैको पेसा भएको पाइयो । सरौंखोला-२, मेदिखोलामा पनि युवाहरुको विदेशको रोजगार बढी रहेको पाइयो भने केहिले मिस्त्री गर्ने र केही दैनिक श्रमिक गर्ने गरेको पाइयो ।

सामान्य कृषि र पशुपालन सबैको पेसा भएको पाइयो । सबै टोलमा विशेष गरी महिलाहरू घरायसी कामकाज दाउरा, घाँस खेतीपातीमा लागेका र केहीले दैनिक ज्यालादारीमा अरुको काम गर्ने पाइयो ।

समग्रमा हेर्दा कुनै पनि टोलमा दलितको नेपालको जागिर नभएको र शैक्षिक पेसा पनि नभएको पाइयो ।

### ४.४.५ सहयोग

दलित टोलमा सहयोगको अवस्था अवलोकन गर्दा समग्रमा सबै दलितहरू एक आपसमा सहयोगी रहेको पाइयो । जसको कारण बुझ्दा उनीहरूो छुट्टै वस्ती रहेको र घरायसी कामकाज एवं अर्मपर्म, मर्दापर्दा आदि सबै काममा आफ्नै छिमेक र समाजको आवश्यकता पर्नुले पनि सहयोगी रहेको पाइयो ।

### ४.४.६ घरको वातावरण

दलित टोलको अवलोकन गर्दा सम्पूर्ण घरमा ती घरको वातारण अन्तर्गत विद्यार्थीलाई पढ्ने कोठा, अभिभावकको सहयोग एवं दाजुभाइ दिदीबहिनीको सहयोग आदि बुझ्दा औसत रूपमा राम्रो पाइएन । दलित टोलमा एक दुई घरमा कोठाको व्यवस्था भए पनि धेरै घरहरूका कोठा नहुनु, घर साँघुरा हुनु, परिवारहरू एउटै कोठामा सँगै मिलिजुली रहन पर्नु जस्ता कारणहरूले विद्यार्थीहरूलाई उपयुक्त वातावरण पाइएन । त्रिवेणी २ निकर्गाको दलित वस्तीमा ६ वटा घरमा कोठाहरूको व्यवस्था राम्रो देखिए पनि सरौंखोला-३ पंसमुलमा १० घरहरू सबै खरले छाइएका साना एक कोठा मात्र भएको र पिँढीमा रात कटाउनु पर्ने अवस्थाको पाइयो । हुवास २, धरम्पानीमा ४ घरहरूका उपयुक्त कोठाहरू भए पनि १२ घरमा कोठाको  व्यवस्था छैन । यस्तै हुवास-५ कहुन्डाँडामा ३ घरमा कोठाहरू व्यवस्थित छन् ५ घरमा छैनन् । यसैगरी सरौंखोला-२ मेदिखोलामा १ घरमात्रमा कोठाको व्यवस्था राम्रो छ अन्य ५ घरमा कोठाहरुको समस्या नै छ । यसरी हेर्दा घरको वातावरण अन्तर्गत कोठाको अभाव बढी रहेको देखिन्छ जसका कारण दलित बच्चालाई पढ्ने वातावरण प्रतिकुल रहेको पाइयो ।

शैक्षिक क्रियाकलापका लागि दलित अभिभावकहरू मध्ये औसतमा झन्डै २०% अभिभावकहरूले आफ्ना बच्चालाई कापी, कलम, किताब, पोसाक एवं अन्य आवश्यक शैक्षिक सामग्री खरिद गर्ने गरेको पाइयो जसलाई सहयोग गरेको मानिन्छ तर तुलनात्मक रूपमा हेर्दा ८०% अभिभावकले आफ्नो बच्चाको शिक्षाप्रति सहयोग गरेको पाइएन । कारण बुझ्दा धेरैले आर्थिक अभावको कारण देखाएको पाइयो भने केहीले बच्चाको शिक्षाप्रति चासो नदिएको पाइयो । दाजुभाइ र दिदीबहिनीहरूको एक आपसमा सहयोगको भावना देखिए पनि घरायसी कामधन्दामा आ-आफ्नै हिसाबले काम गरेको पाइयो भने विद्यालय जाँदा आउँदा प्रायः जसो सँगै आउनेजाने गरेको पाइयो ।

### ४.४.७ भौगोलिक अवस्था

अध्ययन क्षेत्र अन्तर्गतका दलित टोलको अवलोकन गर्दा सबै दलित टोलहरू पहाडी भिरालो काँल्ला परेको जमिनमा बसोबास गरेको पाइयो । सरौंखोला २, मेदिखोला टोलका २ घर भने पहाडको फेदीमा रहेका र सो घर भन्दा तल खेतका गरा रहेको पाइयो तर घरमाथिको जमिन भने पहाडकै फेदी रहेको र घरमाथि भिर एवं जङ्गल रहेको पाइयो ।

### ४.४.८ विद्यालयसम्मको दूरी

दलित टोलदेखि विद्यालय सम्मको दूरी अध्ययन गर्दा सबैभन्दा विद्यालयदेखि नजिक रहेको दलित टोल त्रिवेणी-२, निकर्गामा रहेको दलित टोल पाइयो । सो टोलबाट विद्यालयसम्म पुग्न झन्डै १० मिनेट लाग्ने पाइयो भने अन्दाजी दुरी ५०० मिटर रहेको पाइयो । त्यसैगरी सबैभन्दा टाढा विद्यालय रहेको दलित टोल सरौंखोलाको पंसमूल दलित टोल जहाँबाट विद्यालयसम्म पुग्न झन्डै ५० मिनेटको समय लाग्ने र अनुमानित दूरी (२.५ कि.मि.) रहेको पाइयो तर प्रा.वि. भने झण्डै १ कि.मि. को दूरीमा रहेको पाइयो ।  अन्य दलित टोलहरूको विद्यालय सम्मको दूरीमा हुवास २ धरम्पानीदेखि विद्यालयसम्मको दूरी झन्डै १ कि.मि.रहेको, हुवास-५, कहुन्डाँडादेखि विद्यालयसम्मको दूरी झन्डै १२०० मिटर जति रहेको, सरौंखोला-२, मेदीखोलादेखि विद्यालयसम्म पुग्न झन्डै १३०० मिटरको दूरी रहेको पाइयो भने त्रिवेणी घुङसुङ्गदेखि विद्यालयसम्मको दूरी झन्डै २ कि.मि.रहेको पाइयो । यसरी हेर्दा पहाडी क्षेत्रमा दलित टोलदेखि विद्यालयसम्म पुग्नको लागि दूरी धेरै टाढा नरहेको पाइयो ।

## ४.५ दलित बालबालिकाहरूलाई शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारण

निम्न माध्यमिक विद्यालय तहमा दलित  बालबालिकाहरूको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने कारणहरूको खोजी गर्न नमुना छनोटमा परेका विद्यालयहरूका गई सम्बन्धित विद्यालयका प्रधानाध्यापक, कक्षा शिक्षक एवं दलित विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्कका रही प्रतिक्रिया लिइएको थियो । त्यसैगरी दलित अभिभावकसँगको अन्तर्वार्ता एवं दलित टोल अवलोकन तथा प्रत्येक विद्यालयमा गरिएको कक्षा अवलोकन समेतको प्रतिक्रिया संकलन गरिएको थियो । यसरी विभिन्न प्रक्रियाबाट संकलन गरिएको प्रतिक्रिया एवं प्रत्यक्ष अवलोकनबाट प्राप्त सूचनाका आधारमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने कारणहरू सम्बन्धी प्राप्त समग्र निचोड एवं निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.५.१ पारिवारिक वातावरण

अध्ययन क्षेत्रका दलित बालबालिकाहरूको शिक्षामा पारिवारिक वातावरणले प्रत्यक्ष रूपमा प्रभाव पारेको देखियो । औसत रूपमा हेर्दा घरको बनावट साना रहेका एवं कोठाहरू नरहेका कारण विद्यार्थीहरूलाई घरमा शान्तसँग पढ्ने वातावरण नहनु, पढाइप्रति घरपरिवारले हौसला नदिनु, आवश्यक

सामग्री उपलब्ध नगरी दिनु, घरमा पढ्ने भन्दा काम गर्नको लागि दबाब दिनु, घरको उचित व्यवस्थापन नहुँदा घरमा होहल्ला बढी हुनु आदि कारणहरूले गर्दा पारिवारिक वातावरण अध्ययन कार्यका लागि उपयुक्त एवं सान्दर्भिक रहेको पाइएन । जसका कारण विद्यार्थीको शिक्षामा प्रत्यक्ष प्रभाव परेको पाइयो । घरको उपयुक्त वातावरण नहुनु एवं बालबालिकालाई घरायसी काममा व्यस्त गराउनुले विद्यार्थीहरूलाई घरमा पढ्ने समयको अभाव देखियो जसले गर्दा विद्यालयमा पढेका कुराहरू घरमा आएर पढ्ने एवं गृहकार्य गर्ने वातावरण कम देखियो । जसका कारण विद्यार्थीको शैक्षिक उपलब्धीमा नकारात्मक प्रभाव परेको पाइयो ।

### ४.५.२ परिवारको शिक्षा

पारिवारिक वातावरण जस्तै परिवारमा रहेका अभिभावक बाबुआमा दाई दिदीको शैक्षिक अवस्थाले पनि दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीमा प्रभाव पारेको पाइयो । अध्ययन क्षेत्र अन्तर्गत रहेका दलित अभिभावकहरूको शैक्षिक अवस्था निकै कमजोर रहेको पाइयो । जसका कारण दलित बच्चाहरूले आफूलाई अप्ठ्यारा लागेका विषयवस्तुहरू सोधपुछ गर्न एवं शैक्षिक परामर्श लिनको लागि घरायसी शैक्षिक वातावरण नरहेको पाइयो । त्यस्तै आफूभन्दा ठूला दाई दिदीहरू विद्यालय नजानुले सो घरमा त्यसको प्रभाव विद्यालय जाने बच्चाहरूमा परेको पाइयो । घरमा शैक्षिक व्यक्तित्वको अभाव रहँदा विद्यार्थीहरुलाई शिक्षाप्रति हौसला दिने व्यक्ति नभएको पाइयो । आफूहरू नपढेर पनि दैनिकी गुजारिएको तथा पढेर के पो हुन्छ र ? आखिर विदेश जाने हो जस्ता कुराहरू अभिभावक एवं आफूभन्दा ठूलाबडाले भन्ने गरको पाइयो । जसको प्रत्यक्ष प्रभाव दलित बालबालिकाहरूमा पाइयो र जसले उनीहरूको शैक्षिक उपलब्धीमा प्रत्यक्ष प्रभाव पारेको पाइयो ।

### ४.५.३ परिवारको पेसा

दलित अभिभावकहरू मध्ये विशेष गरी दमाई र कामी जातिमा अहिले पनि पुरानै पेसा विद्यमान देखियो । दमाई परिवारमा लुगा सिलाउने र वार्षिक रूपमा मजुरी एकमुष्ट अन्नबाली लिने तथा विष्ट मान्ने चलन विद्यमान नै देखियो भने कामी जातिमा पनि छुट्टै आरनघर बनाई भाँडाकुँडा एवं हतियार बनाउने र पुराना भाँडा मर्मत एवं हतियारमा धार लगाउने परम्परा पाइयो । उनीहरू पनि विष्ट मान्ने वार्षिक रूपमा मजुरी स्वरूप अन्नबाली उठाउने गरेको पाइयो । जसका लागि आफ्ना बच्चाहरूले सहयोग गर्ने एवं अन्य घरायसी काम धन्दामा लाग्नु पर्ने बाध्यता भेटियो साथै पेशागत हिसाबले दलितहरूले शैक्षिक क्षेत्रमा नोकरी गरेको पाइएन भने धेरै जसो ज्याला मजदुरी मिस्त्री काम गर्ने गरेकाले पनि घरको कामधन्दा बच्चाले गर्नुपर्ने भेटियो । घरमा भएका काम गर्न सक्ने व्यक्तिहरू विदेश जानाले पनि घरमा बसेका बालबालिकाले आफूले सकेको काममा सहयोग गर्नुपर्ने देखियो । केही बच्चाहरूले सानैदेखि बाबु बाजेको पेसा सम्हाल्नु पर्ने कारण पेसा सिक्दै गरेको अवस्था पाइयो । यसरी हेर्दा समग्रमा परिवारको पेसाले दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीमा प्रभाव पारेको पाइयो ।

### ४.५.४ पारिवारिक आर्थिक अवस्था

नेपालमा पिछडिएको समुदायभित्र रहेको दलित समुदाय आर्थिक रूपमा पछाडि रहेका पाइयो । २-४ घरपरिवार सक्षम रहे पनि औसतमा धेरै दलित घरपरिवारको पारिवारीक आर्थिक अवस्था न्यून पाइयो । खेती किसानी गर्न जमिन कमी हुनु, रोजगारीका लागि शैक्षिक अवस्था न्यून हुनु वा नहुनु एवं राज्यले अन्य कुनै व्यवस्था गर्न नसक्नु जस्ता कारण धेरै दलित घरपरिवारले दैनिकी गुजार्नकै लागि मरिमेटी गर्नु परेको जसका लागि ज्यालादारी मिस्त्री एवं श्रमिकका रूपमा काम गर्नु परेको पाइयो । यसरी आफूले श्रमिक बन्नु पर्दा घरपरिवारमा बच्चाले समेत सक्दो काममा सहयोग गर्नुपर्ने बाध्यता एकातिर रहेको र अर्कातिर आवश्यक शैक्षिक सामग्री, कापी, कलम, पोशाकको व्यवस्था तथा अतिरिक्त कक्षाका लागि शुल्क तिर्ने कुनै विकल्प नरहेको पाइयो । जसका कारण दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीमा प्रभाव परेको पाइयो ।

### ४.५.५ सामाजिक अवस्था

दलित बालबालिकाहरूको शैक्षिक उपलब्धी अवस्थामा समाजले पनि प्रत्यक्ष प्रभाव पार्ने पाइयो । समाजमा पढेलेखेको व्यक्तिहरू नहुनु एवं खराब नियतका व्यक्तिहरू हुनाले सो समाज अन्तर्गतका व्यक्तिहरूलाई प्रत्यक्ष प्रभाव परेको पाइयो । समाजमा पढ्ने वातावरण नहुँदा र एउटा घरको बच्चाले नपढ्दा अर्को घरको बच्चालाई त्यसको प्रभाव परेको पाइयो । सामाजिक रूपमा सही मार्ग प्रदर्शन गर्ने खालको व्यक्ति नहुँदा र शैक्षिक जनचेतनाको अभाव हुँदा त्यसको प्रभाव व्यक्तिमा पर्न गएको पाइयो । त्यसैगरी अझै सम्म पनि दलित बच्चाहरू गैरदलित साथीकहाँ जाँदा बाहिर बस्नु पर्ने भाँडा धुनु पर्ने, जथाभावी छुवाछुत गर्न नहुने परम्परा अझै पनि रहेकोले त्यसको आन्तरिक असर दलित बच्चामा परेको पाइयो । जसले गर्दा शैक्षिक अवस्थालाई समेत प्रभाव पारेको पाइयो ।

### ४.५.६ साथीसंगत

विशेषगरी दलित बालबालिकाहरूले विद्यालयमा कक्षकोठामा बस्दा र हिँड्डुल गर्दा शैक्षिक हिसाबले कमजोर साथीहरूको संगत गरेको पाइयो । अगाडि बस्ने र विषयवस्तुप्रति दक्ष व्यक्तिसँगको संगत नहुनुले उनीहरूको शिक्षाप्रतिको चासो कम देखिएको पाइयो । १-२ दलित विद्यार्थीले चासो दिए पनि समग्र रूपमा विश्लेषण गर्दा सिकाइमा चासो नराख्ने संख्या बढी रहेको पाइयो जसका कारण साथीसंगतको प्रभाव परेको देखियो । होहल्ला गर्ने, गृहकार्य नगर्ने र विद्यालय न्यून उपस्थित हुने विद्यार्थीहरूको संगत गर्दा उनीहरू पनि त्यस्तै भएको पाइयो जसका कारण उनीहरूको शैक्षिक उपलब्धीमा प्रभाव परेको पाइयो ।

### ४.५.७ विद्यालय उपस्थिति

दलित विद्यार्थीहरू गैरदलित विद्यार्थीको तुलनामा विद्यालयमा न्यून रूपमा उपस्थिति भएको पाइयो । विद्यालयमा न्यून उपस्थित हुनुले अनुपस्थित भएका दिनहरुमा शिक्षकले अध्यापन गराएका

विषयवस्तुप्रति ऊ स्वभाविक रूपमा अनविज्ञ रहन्छ र उसका लागि मात्र सो विषयवस्तु सिक्ने अवसर मिल्दैन । यसरी लामो समय अनुपस्थित हुँदा झन् धेरै विषयवस्तु सिक्नबाट वञ्चित रहने हुन्छ जसको कारण शैक्षिक उपलब्धीमा प्रभाव पर्न जान्छ र यही अवस्था दलित बालबालिकाहरूमा देखिएकोले उनीहरूको शैक्षिक उपलब्धी अवस्था कमजोर रहेको पाइयो ।

### ४.५.८ सिकाइमा सक्रियता

दलित बालबालिकाहरुमध्ये २-४ विद्यार्थीहरू सिकाइमा सक्रियता देखाए पनि औसतमा धेरै विद्यार्थीहरूको विषयवस्तुप्रति चासो नरहेको, मौलिकता भन्दा अरुको नक्कल गरेको, छलफलमा सहभागी नरहेको, गृहकार्य कम गरेको एवं कक्षामा पछाडि बस्ने गरेको, हल्ला गर्ने गरेको जस्ता क्रियाकलापहरू बढी पाइनुले उनीहरूले सिकाइमा सक्रियता देखाएको पाइएन । यसरी सिकाइमा निस्क्रियता रहनुले स्वाभाविक रूपमा शैक्षिक उपलब्धीमा प्रभाव पारेको पाइयो ।

### ४.५.९ वैयक्तिक भिन्नता

एक मान्छे अर्को मान्छेदेखि भिन्न रहन्छ । उसको बौद्धिक क्षमता, इच्छा, चाहना, आवश्यकता आदि सबै पृथक रहन्छ । बौद्धिक क्षमता (बुद्धिलब्धी) उच्च भएको व्यक्तिले सिकाइ कार्य छिटो गर्न सक्छ भने न्यून हुनेले ढिलो । यस अध्ययनमा पनि विद्यार्थीहरूको बौद्धिक क्षमता, उसको इच्छा, चाहना र आवश्यकता फरक भएको पाइयो जसका कारण शैक्षिक उपलब्धीमा भिन्नता देखियो । सिकाइमा चाहना राख्ने दलित बालबालिकाहरू कम देखिएकै कारण उनीहरूको शैक्षिक उपलब्धीमा प्रभाव परेको देखियो ।

### ४.५.१० विद्यालयको वातावरण

विद्यालयको वातावरण अन्तर्गत विषयगत दक्ष शिक्षकहरुको अभाव हुनु, कक्षाकोठा व्यवस्थित नहुनु एवं फर्निचरको अभाव हुनु, नियमित विद्यार्थी उपस्थित भए नभएको एवं कक्षा सञ्चालन भए नभएको निरीक्षण नहुनु, शैक्षिक सामग्रीको अभाव देखिनु, अतिरिक्त कक्षाहरूको व्यवस्था नहुनु, शैक्षिक सामग्रीको अभाव देखिनु, जस्ता थुप्रै समस्याहरू विद्यालयहरूमा रहेको पाइयो । जसको प्रभाव समग्र विद्यार्थीहरुमा रहेको पाइयो भने दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीमा पनि यसको प्रभाव रहेको पाइयो ।

यसरी माथि उल्लिखित कारणहरू बाहेक अन्य कारणहरू पनि छिटफुट रूपमा रहेको पाइयो । जस अन्तर्गत सांस्कृतिक कारण, अभिभावकको चासो, वंशानुगत गुण, शैक्षिक वेरोजगारी एवं विद्यार्थी स्वयंको व्यक्तिगत कारण (विरामी पर्नु) जस्ता कारणहरूले पनि दलित बालबालिकाहरूलाई प्रभाव पारेको पाइयो ।

## अध्ययन पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ सुझाव

*'निम्न माध्यमिक विद्यालय तहमा दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने कारणहरू'* सम्बन्धमा गरिएको यस अध्ययन अन्तर्गत विभिन्न शीर्षकमा प्रस्तुत गरिएको तथ्याङ्कहरूको विश्लेषणबाट निम्न अनुसारका प्राप्तिहरू आएका छन् ।

- पर्वत जिल्ला अन्तर्गत हुवास, सरौंखोला र त्रिवेणी गा.वि.स.मा  छनोटमा परेका विद्यालयहरू कक्षा ६, ७ र ८ मा दलित र गैरदलितहरूको भर्ना विवरण क्रमश: शैक्षिक सत्र २०६७ मा दलित छात्र ३९ र दलित छात्रा ४८ गरी जम्मा ८७ र गैरदलित छात्र २२० र छात्रा २४४ गरी ४६४ रहेको र कुल जम्मा ५५१ रहेको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०६८ मा दलित छात्र ४३ र छात्रा ५५ गरी जम्मा दलित छात्रछात्रा ९८ र गैरदलित छात्र २०१ र छात्रा २६० गरी जम्मा गैरदलित छात्रछात्रा ४६१ जना रहेको र कुल जम्मा ५५९ जना रहेको पाइयो ।

- अध्ययन क्षेत्र अन्तर्गतका विद्यालयहरूमा निम्न माध्यमिक विद्यालय तहमा शैक्षिक सत्र २०६७ मा दलित बालबालिकाको औसत उपस्थिति ८४% र गैरदलित बालबालिकाको औसत उपस्थिति ९१% पाइयो । जहाँ गैरदलितको तुलनामा दलित बालबालिकाहरूको औसत उपस्थिति ७% ले न्यून रहेको पाइयो भने शैक्षिक सत्र २०६८ मा दलित बालबालिकाहरूको औसत उपस्थिति ८४% र गैरदलित बालबालिकाहरूको औसत उपस्थिति ९०% रहेको पाइयो । शैक्षिक सत्र २०६८ मा पनि गैरदलितको तुलनामा दलित बालबालिकाहरूको औसत उपस्थिति ६% ले न्यून रहेको पाइयो । दवै वर्षको विद्यार्थीहरुको उपस्थिति हेर्दा  दलित विद्यार्थीहरुको शैक्षिक सत्र २०६७ र शैक्षिक सत्र २०६८ मा समान उपस्थिति पाइयो भने गैर दलितहरुको २०६७ मा भन्दा २०६८ मा १% औषत उपस्थिति ह्रास भएका पाइयो । तुलनात्मक रुपमा हेर्दा गैर दलित भन्दा दलित विद्यार्थीहरुको शैक्षिक सत्र २०६७ मा र २०६८ दुवै सालमा उपस्थिति न्यून रहेको पाइयो ।

- छनोटमा परेका विद्यालयहरमा कक्षा ६, ७ र ८ मा दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्था औषत प्रतिशतमा शैक्षिक सत्र २०६७ र २०६८ मा तुलना गर्दा कक्षा ६ मा नेपाली विषयमा शै.स. २०६७ मा भन्दा २०६८ मा १% ले ह्रास भएको, अंग्रजी विषयमा २% ले वृद्धि भएको एवं सबै विषयको औषतमा १% वृद्धि भएको पाइयो । त्यसैगरी कक्षा ७ मा नेपली विषयमा १% ले वृद्धि भएको, अंग्रजी विषयमा ३% ले ह्रास भएको र सबैको औसतमा १% ले ह्रास भएको पाइयो । कक्षा ८ मा नेपाली विषयमा समान, अंग्रेजी विषयमा ३% ह्रास र सबैमा १% ले वृद्धि भएको पाइयो । समग्रमा हेर्दा  गैर दलितको तुलनामा दलित विद्यार्थीहरुको शैक्षिक सत्र २०६७ को कक्षा

६, ७ र ८ को शैक्षिक उपलब्धि क्रमश कक्षा ६ मा नेपालीमा ४%, अंग्रेजीमा ५% र सबैमा गरी ५% ले न्यून रहेको पाइयो । कक्षा ७ मा नेपलीमा ६%, अंग्रेजीमा ५% र सबैमा गरी ३% ले दलित विद्यार्थीहरुको औषत उपलब्धी न्यून पाइयो । त्यस्तै कक्षा ८ मा पनि शै.स. २०६७ मा गैर दलित भन्दा दलितको शैक्षिक उपलब्धि औषत नेपालीमा ४%, अंग्रेजीमा ५% र सबैमा ४% ले न्यून पाइयो । शैक्षिक सत्र २०६८ को गैरदलित र दलित विद्यार्थीको शैक्षिक उपलब्धि विवरण हेर्दा कक्षा ६ मा नेपालीमा ६%, अंग्रेजीाम २% र सबैमा १% ले गैरदलितभन्दा दलित विद्यार्थीको उपलब्धिस्तर न्यून देखियो भने कक्षा ७ मा नेपालीमा ५%, अंग्रेजीमा ७% र सबैमा गरि ३% ले दलित विद्यार्थीको शैक्षिक उपलब्धि न्यून देखियो । त्यसैगरी कक्षा ८ मा पनि नेपालीमा ४%, अंग्रेजीमा १०% र सबैमा ४% ले दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून देखियो समग्रमा हेर्दा पनि गैरदलित छात्राभन्दा दलित छात्राहरुको औसत उपलब्धि न्यून देखियो ।

- विद्यालयको वातावरण अन्तर्गत विषयगत शिक्षकहरू १ विद्यालयमा मात्र पर्याप्त रहेको र अन्य ५ वटा विद्यालयमा कम रहेको पाइयो । अतिरिक्त क्रियाकलापहरू पनि सबै विद्यालयहरुमा कम मात्रामा हुने गरेको पाइयो भने कक्षाकोठाको अवस्था अन्तर्गत श्री विनु मा.वि. मा कोठा कम रहेको पाइयो भने श्री विनु मा.वि. र श्री निर्मल जनसेवा उ.मा.वि.फर्निचर कम रहेको पाइयो ।

- दलित विद्यार्थीहरूलाई साथीसंगत र विद्यालय प्रधानाध्यापक, शिक्षक, कसैबाट पनि जातीय रूपमा विद्यालयमा भेदभाव नगरिएको पाइयो भने कमजोर विद्यार्थीले कमजोर साथीको संगत गर्नाले सिकाइ उपलब्धीमा प्रभाव परेको पाइयो ।

- दलित विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापमा गृहकार्य एवं कक्षाकार्यमा कम सक्रियता पाइयो ।

- विद्यालयमा प्रदान गरिने विभिन्न छात्रवृत्तिका कारण दलित विद्यार्थीहरूको विद्यालय उपस्थिति एवं भर्नादर र सिकाइमा केही हदसम्म भए पनि सकारात्मक प्रभाव पारेको पाइयो ।

- कुनै पनि विद्यालयमा विद्यार्थीहरूलाई दण्डित गरिएको पाइएन र पुरस्कारको व्यवस्था पनि शैक्षिक सत्रको अन्तमा गरिने निर्णयात्मक परीक्षाका आधारमा विद्यालयभरिमा, तहगतमा र कक्षामा प्रथम, द्वितीय र तृतीय हुनेहरूका लागि विद्यालयको वार्षिकोत्सवमा प्रदान गर्ने गरेको पाइयो ।

- दलित विद्यार्थीहरूलाई विद्यालयमा ल्याउनको लागि घरदैलो कार्यक्रम, अभिभावक भेटघाट कार्यक्रम, विद्यार्थी स्वागत कार्यक्रम, विद्यालयमा दिइने छात्रवृत्तिको जानकारी आदि सम्बन्धी कार्यक्रमहरू गरिएको पाइयो ।

- दलित विद्यार्थीहरुको कक्षाको नतिजा/स्थानको अवस्था शैक्षिक सत्र २०६८ अनुसार श्री जनप्रिय नि.मा.वि. कक्षा ७ मा पढ्ने दलित छात्राको क्रमाङ्क संख्या तीन रहेको र सोही विद्यालयमा कक्षा ८ मा १ जना छात्रको पनि तृतीय स्थान रहेको पाइयो भने अन्य कहीँ पनि दलित छात्रछात्राहरूको प्रथम, द्वितीय र तृतीय स्थान नरहेको पाइयो ।

- दलित अभिभावकहरूले अध्ययनमा दिने समय र दलित विद्यार्थीहरूले पढाइमा बिताउने समय अध्ययन गर्दा जम्मा १८ जना अभिभावकहरूमध्ये १ जनाले मात्र आफ्नो बच्चालाई दैनिक ३ घन्टाभन्दा बढी समय दिन सक्ने पाइयो भने दलित विद्यार्थीहरूमध्ये कसैले पनि ३ घन्टा भन्दा बढी समय पढाइमा बिताउन नसकेको पाइयो । छनोट गरिएका १८ जना विद्यार्थीहरूमध्ये ९ जनाले दैनिक १ घन्टासम्म पनि अध्ययनमा समय खर्च गरेको पाइएन भने दलित अभिभावकहरूले पनि आफ्नो बच्चालाई पढाइ भन्दा काममा बढी व्यस्त गराएको पाइयो ।

- दलित विद्यार्थीहरूका लागि अध्ययनमा घरमा मिल्ने समय सम्बन्धमा बुझ्दा सबै विद्यालयमा गरी जम्मा ५४ जना दलित विद्यार्थीमध्ये ३० जना (५५%) लाई दैनिक १ देखि २ घन्टासम्म घरमा अध्ययन गर्न समय मिलेको पाइयो भने जम्मा ३ जना (५%) विद्यार्थीलाई ३ घन्टा भन्दा बढी समय घरमा अध्ययनमा मिलेको पाइयो । त्यसैगरी ६ जना (११%) दलित विद्यार्थीहरूलाई दैनिक आधा घन्टा देखि १ घन्टासम्म मात्र अध्ययनमा समय मिलेको पाइयो ।

- दलित अभिभावकहरूको घरको आम्दानीको स्रोतमा बढी मिस्त्री (ज्यालादारी) बाट ३३% रहेको पाइयो भने शैक्षिक संस्थामा जागिर गर्ने दलितहरू कोही पनि रहेको पाइएन ।

- दलित अभिभावकका बाबु बाजेको पेसा अन्तर्गत सबैभन्दा बढी मिस्त्री (डकर्मी/सिकर्मी/श्रमिक) रहेको पाइयो भने कृषि, सूचीकार, छालाको काम गर्ने, भाँडा बनाउने र व्यापार गर्नेहरू पनि देखियो ।

- छनोट गरिएका दलित अभिभावकहरूमध्ये कोही पनि एस.एल.सी. वा सो भन्दा माथि शैक्षिक स्तर भएका पाइएन भने सामान्य लेखपढ गर्नेहरूमा ५०%, निरक्षर २८% प्रा.वि. तहसम्म उत्तीर्ण गर्नेहरू १७% र नि.मा.वि.तह उत्तीर्ण गर्ने ६% मात्र रहेको पाइयो । समग्रमा दलित अभिभावकहरूको शैक्षिक अवस्था त्यति राम्रो पाइएन ।

- दलित अभिभावकहरुमध्ये वार्षिक रूपमा उपस्थिति अवस्था अध्ययन गर्दा ५ पटक भन्दा बढी उपस्थिति हुनेमा ६% मात्र अभिभावक रहेको पाइयो भने सबैभन्दा बढी ३९% अभिभावक मात्र २ पटक विद्यालयमा उपस्थिति भएको पाइयो । जसले गर्दा पनि अभिभावकहरूले विद्यार्थीको पढाइप्रति बढी चासो देखाएको पाइएन ।

- सबै दलित बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू अभिभावकहरूले उपलब्ध गराउन नसकेको पाइयो । जसको कारण आर्थिक न्यून रहेको पाइयो ।

- अशिक्षित दलित अभिभावकका कारण घरमा आफूले नजानेको विषयवस्तु सोधपुछ गर्न एवं शैक्षिक परामर्श गर्न कठिन हुने र घरमा पढाइको वातावरण सहज नहुने प्रतिक्रिया दलित बालबालिकाहरूबाट प्राप्त भएको थियो । जसका कारण शैक्षिक उपलब्धीमा प्रभाव परेको भन्ने पाइयो ।

- कक्षाकोठाको व्यवस्थापन अन्तर्गत कक्षाकोठाको सरसफाइ, सजावट, आकार, प्रकाश, फर्निचर एवं बसाइ आदिको अवस्था अवलोकन गर्दा ६ वटा विद्यालयका १८ वटा कोठाहरूमा श्री जनसेवा सं.उ.मा.वि.का ३ वटा कोठाहरूको सरसफाई अति उत्तम रहेको पाइयो भने अन्य कोठाहरूमध्ये ५ वटा उत्तम, ८ वटा मध्यम र २ वटाको सरसफाई निम्न रहेको पाइयो । विद्यालयका कोठाहरूको सजावट अन्तर्गत ६ वटा कोठाहरू मध्यम र १२ वटाको सजावट निम्न स्तरको रहेको पाइयो । अवलोकन गरिएका १८ कोठाहरूमध्ये १० वटा कोठाहरूको आकार उत्तम, ५ वटा मध्यम र ३ वटाको निम्न वा अनुपयुक्त रहेको पाइयो । ६ वटा कोठाहरुमा प्रकाश अति राम्रो, ९ वटामा राम्रो, २ वटामा मध्यम र १ मा बढी प्रकाश भएको पाइयो । फर्निचरको अवस्था सबै विद्यालयमा समग्रमा हेर्दा राम्रो देखियो भने श्री निर्मल जनसेवा उ.मा.वि.मा र श्री विनु मा.वि.मा कक्षाकोठा साँघुरो रहेकोले विद्यार्थी बसाइको अवस्था त्यति राम्रो नरहेको पाइयो ।

- शिक्षणको क्रममा कुनै पनि विद्यालयका शिक्षकले पाठयोजना बनाइएको पाइएन भने शिक्षण क्रियाकलाप पनि विद्यार्थी केन्द्रितभन्दा पनि शिक्षक केन्द्रित बढी रहेको पाइयो ।

- दलित र गैरदलित विद्यार्थीहरूको कक्षामा सिकाई सक्रियताको अवलोकन गर्दा तुलनात्मक रूपमा दलित विद्यार्थीहरूको सिकाई सक्रियता न्यून रहेको पाइयो ।

- दलित टोलको अवलोकन गर्ने क्रममा हुवास, त्रिवेणी र सरौंखोला गा.वि.स.का ६ वटा दलित टोलको अवलोकन गरियो । जहाँ ५५ घरधुरी संख्या रहेको पाइयो । ती घरधुरीहरूमा केही मात्र घरहरूको सरसफाईको अवस्था राम्रो रहेको पाइयो । धेरै जसो घरहरुको सरसफाई मध्यम स्तरीय पाइयो भने केही घरहरू फोहोर रहेको पाइयो ।

- बोलीचालीका हिसाबले दलित टोलको केही घरहरूबाहेक धेरै घरहरूमा सभ्य र शिष्ट बोलीचाली नै पाइयो ।

- पेसाका हिसाबले जाति अनुसार दमाईहरूले लुगा सिलाउने र कामीहरूले हतियार बनाउने गरेका पाइयो । युवाहरू विदेश जाने गरेको र सामान्य रूपमा दैनिकी गुजार्न ज्यालादारी (सिकर्मी,

डकर्मी, श्रमिक) गर्नेहरू पनि पाइयो । न्यून संख्यामा व्यापारी रहेका र केही व्यक्तिहरू भारतीय सेनामा भर्ती भएका पाइयो । घरायसी कामकाज एवं कृषि पेसा गर्नेहरू बढी मात्रामा पाइयो ।

- दलित टोलमा समग्रमा अध्ययन अवलोकन गर्दा सबै सहयोगी रहेका पाइयो । अर्मपर्म, मर्दापर्दा आदि काममा एकजुट हुने गरेका पाइयो ।

- दलित जातिहरूमध्ये थोरै घरहरू मात्र व्यवस्थित रहेको पाइयो भने धेरै घरहरूमा कोठा नहुनु, घर साँघुरा हुनु, भिरालो वस्ती हुनु आदिले घरायसी वातावरण त्यति राम्रो नरहेको र विद्यार्थीहरूलाई उपयुक्त पढ्ने वातावरण नभएको पाइयो । दलित बालबालिकाहरू पनि अध्ययनमाभन्दा घरायसी कामधन्दामा बढी व्यस्त रहेको पाइयो ।

- दलित वस्तीदेखि विद्यालयसम्मको दूरी अवलोकन गर्दा पहाडी वस्तीमा बढीमा २.५ कि.मि. सम्मको विद्यालय र घरको दूरी रहेकोले सो दूरी त्यति धैरै टाढा नरहेको पाइयो ।

- दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने कारणहरू मध्ये मुख्यतः पारिवारिक वातावरण, परिवारको शिक्षा, परिवारको पेसा, पारिवारिक आर्थिक अवस्था, सामाजिक अवस्था, साथीसंगत, विद्यार्थीको विद्यालय उपस्थिति, सिकाइमा सक्रियता, व्यक्तिगत भिन्नता, विद्यालयको वातावरण एवम् अभिभावकको चासो नहुनु आदि रहेको पाइयो ।

## ५.२ निष्कर्ष

पश्चिमाञ्चल विकास क्षेत्र धवलागिरि अञ्चल अन्तर्गत पर्वत जिल्लाका ३ वटा गा.वि.स.हरू हुवास, त्रिवेणी र सरौंखोलामा रहेका ६ वटा नि.मा.वि. तहका विद्यालयहरूमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीको अवस्था र प्रभाव पार्ने कारणहरू सम्बन्धी खोज अनुसन्धान गर्ने अभिप्रायका साथ यो अध्ययन कार्य गरिएको छ । छनोटमा परेका विद्यालयहरुमा नि.मा.वि.तहमा अध्ययनरत दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धी अवस्था खोज गर्न र तुलनात्मक अध्ययन गर्न सो तहको शैक्षिक सत्र २०६७/२०६८ को दलित र गैरदलित विद्यार्थी संख्या, उनीहरूको नतिजा एवं दैनिक उपस्थितिलाई विश्लेषण गरिएको र प्रभाव पार्ने कारणहरूमा सामाजिक, आर्थिक, पारिवारिक, विद्यालय एवं अन्य तत्त्वलाई आधार बनाइएको छ ।

संख्यागत रुपले शैक्षिक सत्र २०६७ मा भन्दा २०६८ मा दलित विद्यार्थीहरुको संख्या बढेको देखिएता पनि गैर दलित विद्यार्थीको तुलनामा नि.मा.वि. तहमा दलितको संख्या न्युन देखियो । विषयगत आधारमा नेपाली, अंग्रेजी र सबै विषयको छुट्टाछुट्टै उपलब्धी हेर्दा गैर दलितको तुलनामा दलितको औसत उपलब्धी न्यून रहेको पाइयो । यसरी शैक्षिक उपलब्धी कम देखिनुका कारणमा साथीसंगत, सामाजिक

भेदभाव, पुरस्कार र दण्डको प्रयोग नहुनु, घरायसी हेर विचार, अभिभावकको पेशा, आम्दानीको स्रोत, कक्षा शिक्षण प्रक्रिया आदि मुख्य रहेको पाइयो ।

समग्रमा पारिवारिक वातावरण, पारिवारिक शिक्षा, परिवारको पेसा, पारिवारिक आर्थिक अवस्था, सामाजिक अवस्था, साथीसंगत, विद्यार्थीको विद्यालय उपस्थिति, सिकाइमा सक्रियता, वैयक्तिक भिन्नता विद्यालयको वातावरण, अभिभावकको चासो, सांस्कृतिक कारण, वंशानुगत गुण, शैक्षिक बेरोजगारिता एवं व्यक्तिगत कारणहरुले दलित बालबालिकाहरुको  शैक्षिक उपलब्धीस्तरमा प्रभाव पारेको देखिन्छ । तथापि दलित बालबालिकाहरूलाई शैक्षिक उपलब्धी स्तर उकास्न र विद्यालयमा शिक्षामा सहभागी गराउन विभिन्न शैक्षिक जनचेतनामूलक कार्यक्रमहरू छात्रवृत्ति व्यवस्था, घरदैलो कार्यक्रम, अभिभावक भेटघाट एवं केही विद्यालयहरूमा दलित विद्यार्थीहरूका लागि स्वागत सम्मान कार्यक्रम गरिएको अवस्था पनि रहेको पाइयो ।

**५.३ सुझावहरू**

यस अध्ययनबाट प्राप्त परिणामलाई मध्य नजर राखी निम्न माध्यमिक तहमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धी वृद्धि गराउनको लागि उनीहरूमा सिकाइप्रति उत्प्रेरणा जगाएर उनीहरूको भित्री चाहना, इच्छा, आकांक्षा र आवश्यकतालाई पहिचान गरिनुपर्दछ । उनीहरूका अभिभावकहरूलाई छोराछोरी पढाउनुपर्छ भन्ने भावना जागरण गराई पढेपछि के हुन्छ र ? भन्दा पनि पढेर के हुँदैन ? भन्ने भावना जागृत गराउन सक्नु पर्दछ । जसका लागि दलित अभिभावक एवं विद्यार्थीका पीर मर्का र समस्याहरूलाई बुझी यिनीहरूमा रहेको गरिबी निवारण गर्ने, शिक्षाको महत्त्व र आवश्यकतालाई सर्वव्यापीकरण गर्ने, शैक्षिक सुविधालाई विस्तार गर्ने, शैक्षिक उत्प्रेरणा जगाउने आदि गर्न सकेमा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धी स्तर वृद्धि हुन सक्छ । यस अध्ययनका आधारमा नि.मा.वि.मा दलित बालबालिकाहरूको शैक्षिक उपलब्धीको अवस्था वृद्धि गराउन निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

- वार्षिक परीक्षामा उत्कृष्ट अंक ल्याउने दलित विद्यार्थीहरूलाई उत्कृष्ट पुरस्कार एवं प्रशंसा पत्रको व्यवस्था सम्बन्धित विद्यालय तथा निकायले गर्नुपर्दछ ।
- विद्यार्थीहरू विद्यालयमा कम उपस्थित हुनु, कक्षा कार्य र गृहकार्य पूरा नगर्नु एवं परीक्षामा राम्रो अंक ल्याउन नसक्नु वा अनुत्तीर्ण हुनु जस्ता कारणहरूको खोजी गरी त्यसको समाधानको उपायहरु खोजिनुपर्छ ।
- यस अध्ययनबाट देखिए अनुसार मुख्य रूपमा आर्थिक अवस्था, पारिवारिक शैक्षिक चेतनाको अभाव, घरायसी शैक्षिक वातावरणको अभाव आदि कारणहरूले दलित बालबालिकाको शैक्षिक उपलब्धीमा प्रभाव पारेको देखिएको छ । यी बाधक तत्त्वहरूलाई हटाउन सम्बन्धित पक्षबाट दलित

अभिभावकहरूलाई उचित रोजगारका व्यवस्था गरि दिने, भेटघाट कार्यक्रम गर्ने एवं उनीहरूको घर घरमा गई शिक्षाको महत्त्व सम्बन्धी कुराहरू बुझाउने गर्नुपर्दछ ।

- वर्तमानमा वितरण भइरहेको छात्रवृत्ति व्यवस्था अति न्यून रहेकोले कम्तिमा पनि आर्थिक रूपमा अशक्त दलित बालबालिकाहरूका लागि राज्यले पढाइ सम्बन्धी लाग्ने खर्चको व्यवस्था गरि दिनुपर्दछ ।

- सांस्कृतिक, सामाजिक एवं पारिवारिक कारणले घरायसी काममा व्यस्त हुने, नियमित रूपमा विद्यालयमा उपस्थित नहुने र अन्य काममा समेत संलग्न हुने दलित विद्यार्थीहरूका लागि विद्यालयले अतिरिक्त कक्षाको सञ्चालन गर्नुपर्दछ जसको व्यवस्था राज्यले गर्न सक्नुपर्दछ ।

- दलित अभिभावक र बालबालिकाहरूलाई शिक्षाप्रति अभिप्रेरित गर्नको लागि समाजसेवी वा स्थानीय नेताहरूबाट अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने पहल गर्नुपर्दछ ।

- विद्यालयमा नियमित आउने, कक्षाकार्य र गृहकार्य नियमित गर्ने दलित बालबालिकाहरूका लागि विद्यालयले उचित पुरस्कारको व्यवस्था गर्नु पर्दछ भने विद्यालय कम आउने र कक्षा कार्य एवं गृहकार्यमा चासो नदेखाउनेहरूका लागि दण्ड र जरिवानाको व्यवस्था समुदायमा रहेका संस्था एवं समितिहरूबाट गराइनुपर्दछ ।

- दलित विद्यार्थीहरूका लागि अनिवार्य रूपमा छात्रवासको व्यवस्था गरिनुका साथै विद्यालयले निःशुल्क अतिरिक्त कक्षा व्यवस्था मिलाउनु पर्दछ ।

- दलित अभिभावकहरूको परम्परागत व्यवसाय एवं पेशाहरूलाई वर्तमान समय, अवस्था र परिस्थितिसँग मेल खाने किसिमबाट आधुनिकीकरणमा जोड दिनु पर्दछ । जसबाट अभिभावकहरू बढी आम्दानी गर्न सक्ने हुन्छन् ।

- दलित अभिभावकहरूलाई आफ्ना छोराछोरीहरू कस्ता साथीहरूसँग संगत गरेका छन्, विद्यालय गएका छन् वा छैनन्, कुमार्गतिर लागेका छन् कि छैनन् ? जस्ता कुराहरू बुझ्नको लागि सचेत गराउनुपर्दछ ।

- अभिभावकहरूलाई उनीहरूको छोराछोरीप्रतिको जिम्मेवारीता एवं काम कर्तव्यको बारेमा स्पष्ट बोध गराउनुपर्दछ ।

- शिक्षकहरू समय-समयमा दलित विद्यार्थीहरूका घर आँगनमा गई उनीहरूको वास्तविक समस्या बुझि उनीहरूका अभिभावहरूलाई सम्झाई बुझाई गर्ने र घुलमिल भई सहयोगीको भूमिका

निर्वाह गर्नुपर्दछ साथै उनीहरूका बालबच्चाहरूको उन्नति र अवनतिको बारेमा समय समयमा छलफल तथा कुराकानी गर्नुपर्दछ ।

- शिक्षकहरूबाट दलित विद्यार्थीहरूलाई प्रोत्साहन मिल्ने खालका कार्यक्रमहरू जस्तै - स्याबासी दिने, प्रशंसा गर्ने, हेलमेल हुने, व्यक्तिगत र पारिवारिक सोधपुछ गर्ने, विद्यालयबाट गरिने कार्यक्रमहरू जस्तै - पिकनिक कार्यक्रम, शैक्षिक भ्रमण एवं विभिन्न अतिरिक्त क्रियाकलापहरूमा उनीहरूलाई अगाडि सार्ने र सहभागी गराउने गर्नुपर्दछ ।

- शिक्षक-शिक्षिकाहरू कक्षाकोठामा जाँदा शासकको रूपमा नभई एक सहयोगीको रूपमा प्रस्तुत हुनुपर्दछ र विद्यार्थीहरूलाई मानसिक, नैतिक एवं संवेगात्मक विकासमा सहयोग पुग्न सक्ने भूमिका निभाउनु पर्दछ ।

- प्रत्येक विद्यालयले आफ्नो विद्यालय वरिपरि दलित सचेतीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

- दलितहरूको घर वा टोल छिमेकका शैक्षिक वातावरण कायम गर्नको लागि जनचेतनामूलक विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्नुपर्दछ ।

- दलित विद्यार्थीहरू जो विद्यालयमा नयाँ भर्ना हुन्छ उनीहरूलाई विद्यालयमा स्वागत एवं सम्मान कार्यक्रम गर्नुपर्दछ ।

## सन्दर्भसूची


अधिकारी, कमलप्रसाद, (२०६८) *हंसपुर गा.वि.स. का परियार जातिको शिक्षामा पँहुच,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

इन्सेक, (२०५३) *नेपालमा जातीय छुवाछुत,* काठमाडौंः अनौपचारिक सेवाकेन्द्र, काठमाडौं ।

कोइराला, विद्यानाथ (२०५३), बदलिंदो पवरिवेशमा दलितको शैक्षिक गन्तव्य*, शैक्षिक स्मारिका,* काठमाडौंः राष्ट्रिय दलित आयोग, ।

चैशिर, रमेशसिंह, (२०६२), *दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिको स्तर र यसमा प्रभावपार्ने तत्वहरू,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

झा, हरिवंश (२०५७), *नेपालमा दलित उत्थानका रणनिती,* काठमाडौंः सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज ।

पाण्डेय, मधुसूदन (२०६३), *नेपालमा दलितहरू,* रामशाहपथ काठमाडौंः पैरवी प्रकाशन ।

विश्वकर्मा, पद्मलाल, किसान, यामबहादुर, लम्जेल, रविमान र वि.क. गणेश, (२०६३, श्रावण) *नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास,* अनामनगर, काठमाडौंः जनउत्थान प्रतिष्ठान ।

राई, बमबहादुर (२०६३), *जालपा गा.वि.स.का दलितहरूको शैक्षिक अवस्था,* कीर्तिपुर, काठमाडौंः अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

लामिछाने, ऋषिराम (२०६६) , *दलित गैरदालित विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अवस्था,* कीर्तिपुर, काठमाडौंः , अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

शर्मा, चिरन्जीवि (२०५८), *शिक्षाका आधारहरू,* काठमाडौंः एम्.के. पब्लिसर्स एण्ड डिस्ट्रीव्यूटस् ।

शर्मा अधिकारी, केशवराज *(२०६३), माध्यामिक विद्यालयमा दलित केटाकेटिहरूको सहभागिता र उपलब्धि,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्यांकन विभाग ।

सेरिड (२०५४), *दलित समूदायका शैक्षिक तथा सांस्कृतिक, समस्या समाधानका उपायहरू,* काठमाडौंः शैक्षिक अनुसन्धान तथा विकास केन्द्र ।

## अनुसुची १

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका

प्र.अ.को नाम : मिति :

विद्यालयको नाम : योग्यता :

ठेगाना : तालिम :

१. विद्यालयको समग्र वातावरण अन्तर्गत निम्न पक्षहरुको अवस्था कस्तो छ ?

विषयगत शिक्षक :

कक्षाकोठा :

फर्निचर :

अतिरिक्त क्रियाकलाप

२. दलित विद्यार्थीहरुको नियमित उपस्थितिको अवस्था कस्तो छ ? गैरदलितसँग फरक पाउनु हुन्छ ?

३. दलित विद्यार्थीहरुको साथीसँगको हेलमेल कस्तो रहेको छ ?

४. दलित विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा सक्रियाता कस्तो छ ?

५. यिनिहरुको शैक्षिक उपलब्धिको अवस्था कस्तो छ ?

६. सिकाईमा सक्रिय छन् या छैनन् ?

७. विद्यालयमा छात्रवृत्ति व्यवस्था कस्तो छ ? सिकाईमा छात्रावृत्तिले प्रभाव पारेको ठान्नुहुन्छ ?

८. पुरस्कार र दण्ड नि ?

९. दलित विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन गरिएका प्रयासहरु के के हुन ?

१०. समग्रमा दलित बालबालिकालाई शैक्षिक उपलब्धिमा प्रभाव पार्ने कारणहरु के-के होलान ?

११. उनिरुको शैक्षिक उपलब्धिमा वृद्धि गर्न के-कस्ता उपलहरु अपनाउन सकिन्छ ?

१२. अन्य सुझाव सल्लाह केहि छ कि ?

## अनुसुची २

## शिक्षकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : मिति :

ठेगाना : योग्यता :

कक्षा :

१. तपाईको कक्षामा जम्मा विद्यार्थी मध्य दलित कति ? गैरदलित कति छन् ?

दलित गैरदलित जम्मा

२. दलित र गैरदलित विद्यार्थीहरुमा निम्न कुराहरुमा के-कस्तो समानता वा प्रथकता पाउनु हुन्छ ?

विषयवस्तु प्रतिको चासो : दलित :

गैरदलित :

छलफलमा सहभागिता :

कक्षकार्य :

गृहकार्य :

आपसी मेलमिलाप :

३. सिकार्यमा कक्षाका सबै विद्यार्थीहरुले समान अवसर पाएका छन् ? छन् भने सिकाई उपलब्धिमा किन फरक परेको होला ? छैनन भने किन ?

४. कक्षाकार्य तथा गृहकार्य नगर्नेलाई कस्तो व्यवस्था गर्नुपर्ला जस्तो लाग्छ ? दण्ड दिनु उचित होला ? कस्तो खालको दण्ड दिनेत ?

५. विद्यार्थीका कमिकमजोरीहरुबारे अभिभावकहरुलार्य जानकारी दिनुभएको छ कि छैन ? छ भने उनिहरुको प्रतिक्रिया कस्तो रह्यो ? छैन भने किन ?

६. दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्था सन्तोषजनक ठान्नुहुन्छ ? ठान्नुहुन्छ भने आधार के त ?

७. दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा के-कस्ता कुराहरुले प्रभाव पारेका छन् ? जस्तो लाग्छ ?

८. विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्न शिक्षकको भूमिका केहि छ कि ? विशेष गरि दलित विद्यार्थीहरुलाई शैक्षिक उपलब्धिमा वृद्धि गराउन के गर्नुपर्ला त ?

९. तपाईको आफ्नो विषय अझै राम्रो गरी शिक्षण गर्न विद्यालय प्रशासन र कक्षाकोठाको वातावरण कस्तो हुनुपर्छ ?

१०. विद्यार्थीलाई सिकाईप्रति कसरी उत्प्रेरित गर्नुहुन्छ ?

११. अन्त्यमा केहि सुझाव छ कि ?

## अनुसूची ३
## अभिभावकका लागि अन्तर्वाता निर्देशीका

अभिभावकको नामः मितिः

ठेगानाः

१. तपाईको लेखपढ गर्न सक्नुहुन्छ ? सक्छु ☐ सक्दिन ☐
सक्ने भए कति पढ्नु भएको हो ? नसक्ने भए किन पढ्नुभएन?
..................................................................................................

२. तपाईको जम्मा परिवार संख्या कति ? महिला ☐ पुरुष ☐ जम्मा ☐
परिवारमा सबैले पढेका छन् ? नपढेका भए किन होला ?
..................................................................................................

३. अहिलेको घरको आम्दानीको स्रोत के छ ? बाबु/ वाजेको पेशा के थियो ?
..................................................................................................

४. हुजुरका परिवारका सदस्यहरुको घरायसी काममा के कस्तो संलग्नता रहन्छ ?
..................................................................................................

५. तपाईका घरबाट विद्यालय जाने बच्चाको संख्या कति नि ? केटा ☐ केटी ☐ जम्मा ☐
विद्यालय उमेरका तर विद्यालय नजाने कति छन् ? केटा ☐ केटी ☐ जम्मा ☐

६. छोरालाई विद्यालय किन पठाउनुहुन्छ ? छोरीलाई किन ?
..................................................................................................

७. बच्चालाई घरमा अध्ययनमा कति समय दिनुहुन्छ ? बच्चाले कति समय अध्ययनमा विताउँछ ?
..................................................................................................

८. घरमा बच्चाले कुन-कुन काममा सहयोग गर्दछन् ?
..................................................................................................

९. तपाईको बच्चाको साथीसँगत कोसँग हुन्छ ? साथीको पढाई कस्तो छ ?
..................................................................................................

१०. विद्यालयमा भेला/गोष्ठि/सभा आदिमा तपाईलाई वोलाइन्छ ? के-कस्ता कार्यक्रमहरु सहभागि हुनुहुन्छ ?
..................................................................................................

११. वच्चाको शिक्षाको वारेमा बुझ्न विद्यालय जानुहुन्छ ? कति पटक ? बुझेर के गर्नुहुन्छ ?
..................................................................................................

१२. विद्यालय प्रशासक र शिक्षकहरुसँग तपाईको वच्चाको पढाइप्रति छलफल अन्तर्क्रिया हुनेगर्छ ? वच्चाको पढाईमा सुधार गर्न वि.प्र.अ, शिक्षक र अभिभावकबाट गरिएका प्रयासहरु के -के हुन् ?
..................................................................................................

१३. दलित र गैरदलित बच्चाको शिक्षामा के फरक छ ? किन ?
..................................................................................................

१४. समग्रमा वच्चालाई विद्यालय पढाउनु पर्छ कि पर्दैन ? किन ?
..................................................................................................

१५. अन्य केहि भए वताइदिनुहोस् न ?
..................................................................................................

**अनुसुचि ४**
**समूह छलफल निर्देशिका**

विद्यालयको नामः ..................................................................................................

ठेगानाः ........................................ सहभागी संख्याः केटा [ ] केटी [ ] जम्मा [ ]

१) तिमीहरु सधै जसो विद्यालय जान्छौ ? नजाने भए किन ? जाने भए किन ?

२) विद्यालयमा संगत कोसंग हुन्छ ? भेदभाव हुन्छ कि हुँदैन ? हुने भए कस्तो भेदभाव भएको छ ? नहुने भए के समानता छ त ?

३) अध्यापन गर्ने शिक्षकहरु कुन-कुन जातीका हुनुहुन्छ ? पढाउने क्रममा केहि पक्षपात/भेदभाव भएको पाएका छौँ ?

लैंगिक आधारमा :

जातिका आधारमा :

क्षेत्रीय आधारमा :

चिनजानको आधारमा :

४) पढाउने क्रममा शिक्षकले निम्न कुराहरुमा गर्ने व्यवहार कस्तो छ ?

प्रश्न सोध्दा :

छलफलमा :

गृहकार्य दिंदा :

गृहकार्य हेर्दा :

अतिरिक्त क्रियाकलाप :

पुरस्कार र दण्ड :

५) नतिजा कस्तो छ ? कक्षामा (पोजिशन) स्तर कस्तो छ ? किन ?

६) शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न के गर्नुपर्ला ?

विद्यालयले :

आफु स्वयंले :

७) तपाईको शैक्षिक स्तर राम्रो/नराम्रो हुनुमा विद्यालयमा मात्र जिम्मेवार छ ? किन ?

८) घरमा पढ्ने समय कति मिल्छ ? घरमा के कति काममा सहयोग गर्नुपर्छ ?

केटा :

केटी :

९) आवश्यक शैक्षिक सामग्री उपलब्ध हुन्छ ? किन ?

१०) घरमा शिक्षित र अशिक्षित अभिभावक हुँदा के फरक पर्छ ?

११) तिम्रो समुदायमा पढेका कति छन् ? समुदायले शिक्षामा कस्तो प्रभाव पारेको छ ?

१२) घर र समुदायले तिम्रो शिक्षामा सुधार ल्याउन के गर्नुपर्ला ?

१३) अन्य केहि सुझाव छ ?

**अनुसुची ५**

**कक्षा अवलोकन फारम**

विद्यालयको नाम: मिति:
ठेगाना: समय:
कक्षा: विद्यार्थी संख्या:

| **क्र.सं** | **विवरण** | **टिप्पणाी** |
|---|---|---|
| १. | कक्षाकोठाको व्यवस्थापन | |
| | - सरसफाई | |
| | - सजावट | |
| | - आकार | |
| | - प्रकाश | |
| | - फर्निचर/डेस्क, बेन्च, टेवल, कालोपाटी, | |
| | - कुचि | |
| | - वसाइको अवस्था | |
| २. | कक्षाको सुरुवात | |
| | - पाठयोजनाको निर्माण | |
| | - विद्यार्थीको पूर्वज्ञान | |
| | - पाठयक्रममाआधारीत उद्देश्य | |
| | - विषयवस्तुमा प्रवेश | |
| | - उत्पेरणा | |
| | - अघिल्लोकक्षाको विषयवस्तुसँगको सम्बन्ध | |
| ३. | शिक्षण क्रियाकलाप | |
| | - शिक्षण सामाग्रीको प्रयोग | |
| | - शिक्षण विधि (विद्यार्थी केन्द्रित छ/छैन ?) | |
| | - पृष्ठपोषण तथा प्रोत्साहन | |
| ४. | सिकाइ सक्रियता | |
| | - कक्षामा ध्यानदिएर सुन्ध | |
| | - विषयसँग प्रश्न गर्छ सार्न्दभिक<br>- शिक्षकले सोधेका प्रश्नको उत्तर दिन्छ | |
| | - छलफलमा सहभागि हुन्छ | |
| | - शिक्षकले दिएको अर्तिपालना गर्छ | |
| | - कक्षाकार्य गर्छ | |
| | - गृहकार्य गर्छ | |
| | - कक्षामा अनुशासितपूर्वक वस्छ | |
| | - अरु विद्यार्थीहरुसँग मिलेर कार्य गर्छ। | |
| ५. | पाठको अन्त्य | |
| ६. | मूल्यांकन | |
| ७. | गृहकार्य | |

## अनुसूची ६
## टोल अवलोकन फारम

टोलको नाम : मिति :

ठेगाना :

| क.स. | विवरण | टिप्पणी अवस्था |
|---|---|---|
| १ | धरधुरी संख्या | |
| २ | सरसफाई | |
| ३ | बेलीचाली | |
| ४ | पेशा | |
| ५ | सहयोग | |
| ६ | घरको वातावरण (पढ्नको लागि) | |
| | कोठा | |
| | अभिभावकको सहयोग | |
| | दाजभाई दिदिवहिनीको सहयोग | |
| ७ | भौगोलिक अवस्था | |
| ८ | विद्यालय सम्मको दूरी | |

## अनुसूची ७

## छनोटमा परेका विद्यालयद्वारा संचालन गरिएका अतिरिक्त क्रियाकलापहरूको विवरण

१. हाजिरी जवाफ प्रतियोगिता (तहगत)

२. वादविवाद प्रतियोगिता (तहगत)

३. स्रोतकेन्द्र स्तरीय निबन्ध प्रतियोगिता (तहगत)

४. हिज्जे प्रतियोगिता (तहगत)

५. लोकगित प्रतियोगिता (तहगत र खुल्ला)

६. मुक्तक एवं कविता प्रतियोगिता (तहगत)

७. विभिन्न खेलहरु

- भलिवल
- डोरीनाघ्ने/हाइजम्प
- लङ्जम्प
- ट्रि-पल जम्प
- एकल दौड
- रिले दौड आदि ।

## अनुसूची ८

### शैक्षिक सत्र २०६७ र २०६८ को दलित र गैरदलित विद्यार्थीहरुको विद्यालय उपस्थिति विवरण

| विद्यालयको नाम | विद्यालय खुलेको दिन | | कक्षा संचालन भएको दिन | | उपस्थिति (औषत %मा) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शै.स २०६७ | शै.स २०६८ | शै.स २०६७ | शै.स २०६८ | शैक्षिक सत्र २०६७ | | | | | | | शैक्षिक सत्र २०६८ | | | | | | |
| | | | | | दलित | | | गैर दलित | | | दुवैको जम्मा | दलित | | | गैर दलित | | | दुवैको जम्मा |
| | | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| श्री जनसेवा सं.उ.मा.वि | २४० | २४१ | १९६ | १९६ | ८५ | ८६ | ८६ | ९१ | ९० | ९० | ८९ | ८३ | ८४ | ८३ | ८९ | ९० | ८९ | ८८ |
| श्री क्यामुनेभन्ज्याङ मा.वि. | २४१ | २४२ | १९६ | १९५ | ८६ | ८५ | ८५ | ९१ | ९२ | ९२ | ९० | ८६ | ८६ | ८६ | ९२ | ९२ | ९२ | ९१ |
| श्री विनु मा.वि. | २४० | २४१ | १९४ | १९६ | ७३ | ७० | ७२ | ८६ | ८८ | ८७ | ८५ | ८१ | ७१ | ७६ | ८५ | ८७ | ८७ | ८६ |
| श्री यज्ञेश्वर नि.मा.वि. | २४० | २४२ | १९४ | १९६ | ८७ | ८६ | ८६ | ९४ | ९३ | ९४ | ९३ | ८८ | ८८ | ८८ | ९३ | ९४ | ९२ | ९३ |
| श्री जनप्रिय नि.मा.वि. | २४० | २३८ | १९६ | १९४ | ८७ | ८५ | ८५ | ९१ | ९० | ९० | ९० | ८६ | ८५ | ८६ | ९० | ९१ | ९१ | ९० |
| श्री निर्मल जनसेवा उ.मा.वि | २४० | २४२ | १९१ | १९३ | ८९ | ८४ | ८५ | ९४ | ९४ | ९४ | ९३ | ८८ | ८२ | ८४ | ८९ | ९३ | ९१ | ९१ |
| **औसतमा सबै विद्यालय** | २४० | २४१ | १९४.५ | १९५ | ८५ | ८४ | ८४ | ९१ | ९१ | ९१ | ९० | ८४ | ८३ | ८४ | ९० | ९१ | ९० | ८९ |

*स्रोत: स्थलतगत अध्ययन तथ्यांक, २०६९*

## अनुसूची ९

## शैक्षिक सत्र २०६७ र २०६८ को दलित र गैरदलित विद्यार्थीहरुको कक्षागत शैक्षिक उपलब्धि विवरण

| | | शैक्षिक सत्र २०६७ | | | | | | शैक्षिक सत्र २०६८ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | विषय (पूर्णाङ्क) | दलित | | | गैरदलित | | | दलित | | | गैरदलित | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ६ | नेपाली (१००) | ४४ | ४२ | ४३ | ४६ | ४९ | ४७ | ४० | ४१ | ४१ | ४७ | ४६ | ४७ |
| | अंग्रेजी (१००) | ४७ | ४१ | ४४ | ४८ | ५१ | ४९ | ४७ | ४६ | ४६ | ४८ | ४८ | ४८ |
| | सबै (१००) | ४६ | ४२ | ४४ | ४८ | ४९ | ४९ | ४४ | ४५ | ४५ | ४६ | ४७ | ४६ |
| ७ | नेपाली (१००) | ४३ | ३९ | ४१ | ४७ | ४६ | ४७ | ४२ | ४२ | ४२ | ४६ | ४८ | ४७ |
| | अंग्रेजी (१००) | ४२ | ४४ | ४३ | ४९ | ४७ | ४८ | ४० | ३९ | ४० | ४८ | ४५ | ४७ |
| | सबै (१००) | ४७ | ४२ | ४४ | ४८ | ४७ | ४७ | ४३ | ४३ | ४३ | ४७ | ४६ | ४६ |
| ८ | नेपाली (१००) | ४० | ४१ | ४१ | ४५ | ४६ | ४५ | ४० | ४१ | ४१ | ४५ | ४४ | ४५ |
| | अंग्रेजी (१००) | ४१ | ४१ | ४१ | ४६ | ४५ | ४६ | ३६ | ३८ | ३७ | ४८ | ४६ | ४७ |
| | सबै (१००) | ३९ | ३९ | ३९ | ४६ | ४५ | ४५ | ४१ | ४० | ४० | ४५ | ४४ | ४४ |

*स्रोतः* स्थलगत अध्ययन तथ्याङ्क, २०६९

मामा